वर्ष : १३, अंक : ४६, काठमाडौं, २०७४ फागुन २५ गते शुक्रबार 9 March 2018, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

**पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।**

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

**मधेश मिडिया हाउस**

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## सीमांकनसहितको संशोधन प्रक्रिया अगाडि बढे मात्र सरकारमा जान्छौं : महतो



*मलेठ घटनाका शहीदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै*

राजविराज । राष्ट्रिय जनता पार्टी नेपालका नेता राजेन्द्र महतोले सीमांकनसहितको संविधान संशोधन प्रक्रिया अगाडि बढेमात्र आफूहरू सरकारमा जाने बताएका छन् । गत वर्ष प्रहरीद्वारा मारिएका पाँच जना शहीदको सम्झनामा सप्तरीको राजविराजस्थित मलेठमा आयोजित प्रथम पुण्यतिथि तथा श्रद्धाञ्जलीसभामा महतोले ठूला पार्टीले बनाएको संविधान त्रुटिपूर्ण रहेकाले मधेशी, दलित, पिछडिएका वर्ग, मुस्लिम, महिला लगायतको अधिकार हुने गरी संविधान संशोधन हुन जरूरी रहेको र त्यसमा आफूहरू पूर्णरूपमा लागिरहेको बताए । उनले सत्ताभन्दा मधेशी, दलित र जनजातिको अधिकारको आवश्यकता रहेको भन्दै त्यसमा आफ्नो पार्टी पछि नहट्ने दाबीसमेत गरे । अब देशमा लडाईं झगडा समाप्त पार्नका लागि वाम गठबन्धनले पनि त्रुटिपूर्ण बनेको संविधानलाई संशोधन गर्नका लागि राजपा नेपालले पनि साथ दिने उनले बताए । राजपाकै अर्का नेता राजकिशोर यादवले संविधान तीन पार्टीले बनाएको र त्यो अधुरो र अपूर्ण संविधान रहेको बताउँदै संविधान संशोधन गरे मात्र पूरा संविधान बन्ने विचार व्यक्त गरे । गत वर्ष फागुन २३ गते नेकपा (एमाले)ले शुरू गरेको मेची-महाकाली अभियानअन्तर्गत मलेठमा आयोजना गरेको आमसभामा मधेशी मोर्चाका कार्यकर्ता र प्रहरीबीच भएको झडपमा पाँच जना मधेशीको मृत्यु भएको थियो ।

## भारतले भूकम्प प्रभावितको पचास हजार घर बनाउने




काठमाडौं । भारत सरकारले भूकम्प प्रभावित जिल्ला गोरखा र नुवाकोटमा ५० हजार घर पुन:निर्माणका लागि अनुदान सहयोग गर्ने भएको छ । नेपालको भूकम्प पछिको पुन:निर्माण प्रक्रियामा शीघ्रता ल्याउन भारत सरकार, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) र परियोजना सेवाका लागि संयुक्त राष्ट्रसंघ कार्यालय (युएनओपीएस)बीच साझेदारी सम्झौतापत्रमा हस्ताक्षर भएको छ । भारत सरकारले यसअघिको सहयोग सम्झौताअन्तर्गत संयुक्त *बाँकी पृष्ठ ८ मा*

## रेशम चौधरीलाई शपथ ग्रहण गराउन माग




काठमाडौं । संयुक्त थारू राष्ट्रिय मोर्चाले टीकापुर घटनाका आरोपित तथा सांसद रेशमलाल चौधरीलाई शपथ ग्रहणको वातावरण बनाउन सरकारसँग आग्रह गरेको छ । मोर्चाले बिहीबार मधेश मिडिया हाउसमा पत्रकार सम्मेलन गरी टीकापुर घटनाका आरोपित जेलबन्दीहरू चार दिन देखि आमरण अनसनमा बस्दै आएकोमा उनीहरूको माग उपर समर्थन जनाउँदै सरकारले वार्तामार्फत यथाशीघ्र समाधान खोज्न पनि आग्रह गरेको छ । मोर्चाका संयोजक श्रवण थारूले कैलाली क्षेत्र नं. १ बाट निर्वाचित सांसद चौधरीको माग बमोजिम उनलाई सांसद पदको शपथ ग्रहण गराउन नेपाल सरकारले पहल गर्नु पर्ने बताए । उनले कैलाली क्षेत्र नं. १ का जनताको मतको कदर हुनु पर्नेमा जोड दिदैं माग सम्बोधन नभए संघर्षका कार्यक्रम गर्ने चेतावनी पनि दिए । मोर्चाले दबाब स्वरूप चैत २७ गते प्रधानमन्त्रीलाई स्मरण पत्र बुझाउने, चैत १ गते कैलालीमा थरूहट आन्दोलनको निर्मम समीक्षा गर्ने, चैत २१ गतेसम्म इलाका स्तरीय प्रशिक्षण चलाउने र चैत २६ गते राष्ट्रिय सम्मेलन र दोस्रो चरणको कार्यक्रम घोषणा गर्ने जनाएको छ ।

## जीवनरक्षाका लागि आयोगको आग्रह

काठमाडौं । राष्ट्रिय मानवअधिकार आयोगले कैलालीको धनगढी कारागारमा रहेका २४ जना कैदीबन्दीको मागको सम्बोधन गरी जीवनरक्षा गर्न सरकारसँग आग्रह गरेको छ । आयोगका सचिव वेद भट्टराईले जारी गरेको प्रेस विज्ञप्तिमा विभिन्न मागहरू राखी आमरण अनशनमा बसेको अवस्थाप्रति गम्भीर ध्यानाकर्षण भएको उल्लेख गर्दै मागको सम्बोधन गर्न आग्रह गरेको उल्लेख छ । आफ्ना माग पूरा गर्ने सन्दर्भमा आमरण अनशनजस्तो संवेदनशील बाटो नरोज्न एवं आमरण अनशन स्थगन गरी विरोधको अन्य बाटो अवलम्बन गर्न आयोगले अनशनरत पक्षलाई आग्रह गरेको छ ।

## यसभित्र...

**प्रादेशिक सामर्थ्यको विवेचना**
डा. खिमलाल देवकोटाको विचार, पृष्ठ २ मा

**मलेठ घटनाले सिकाएको पाठ**
सम्पादकीय पृष्ठ २ मा

**संशोधन सुनिश्चित भएपछि नै मधेशी दल सरकारमा जानुपर्छ : दीपेन्द्र झा**
अन्तर्वाता पृष्ठ ३ मा

**संघीय संसदमा उपेन्द्र यादव र राजेन्द्र महतोको सम्बोधन** पृष्ठ ४ मा

**जनकपुरको दिगो विकासका लागि कार्ययोजना प्रस्तुत** पृष्ठ ५ मा

**गुजरातको 'मोदिनोमिक्स' एक चर्चा**
पृष्ठ ६ मा

# मधेशी जनताको चाहना : उन्नत मधेशको सपना

**मधेशवाणी डेस्क**

काठमाडौं । प्रदेश २ का मुख्यमन्त्री मोहम्मद लालबाबु राउतले प्रदेश २ को समृद्धिका लागि सरकारको मूल नारा ५'स' हुने उद्घोष गरेका छन् ।

पद तथा गोपनियताको शपथ लिएपछि प्रदेश सरकारको प्रतिबद्धता प्रस्तुत गर्दै मुख्यमन्त्री राउतले यस प्रदेशको विकासका लागि सरकार ५'स' अर्थात सुशासन, शिक्षा, स्वास्थ्य, सडक र सिंचाईको क्षेत्रमा नयाँ योजना ल्याउने प्रतिबद्धता व्यक्त गरे ।

मुख्यमन्त्री राउतले घोषणा गरे जस्तै प्रदेशको विकासको आधार ५'स' भित्रै समेटिएको छ ।

प्रदेश २को अनेकौं विशेषताका बाबजुद राजनीतिक, सामाजिक र आर्थिक समस्याहरू रहेकाले सोही अनुरूप प्रदेश सरकारले आफ्ना भावि कार्यक्रम बनाउन जरूरी छ ।

यद्यपी प्रदेश सरकारको मुलनारा 'पाँच स' रहेकाले त्यसलाई कार्यान्वयन गर्ने दिशा तर्फ अग्रसर हुनुपर्छ ।

यस प्रदेशको मुख्य पेशा कृषि रहेकाले कृषिलाई आधुनिकीकरण गर्न, सिंचाईको पर्याप्त व्यवस्था गर्न, मल खाद्यको पर्याप्त आपूर्ति तथा कृषि उत्पादनलाई बजारसम्म सहज रूपमा पुर्‍याउनका लागि आवश्यक सबै व्यवस्था गर्नु सरकारको प्रमुख प्राथमिकतामा रहनु पर्छ ।

हुलाकी सडक निर्माणलाई तीव्रता दिँदै यस प्रदेशमा थप सडक सञ्जालको विकास तथा सिंचाईका संरचनाहरूको निर्माणमा सरकारले विशेष जोड दिनु आवश्यक छ ।

हुलाकी राजमार्ग निर्माणसँगै मधेश सबैभन्दा सुगम प्रदेश त हुने नै छ, राजमार्गबाट सदरमुकाम जोड्ने सडकहरूको विस्तार र स्तरोन्नतिमा तीव्रता दिनुपर्नेछ । यति हुनासाथ मधेशलाई सम्बृद्ध प्रदेश बनाउन सकिने आधार देखिने छ ।

शिक्षाका क्षेत्रमा गौरवशाली इतिहास बोक्ेको



यस भुमिलाई पुन: शैक्षिक रूपमा विकास गर्नका लागि प्रदेश सरकार विशेष महत्वका साथ काम गर्नुपर्छ । यस प्रदेशमा औद्योगिकीकरण गर्दै व्यापक रोजगार सिर्जनाका लागि विशेष आर्थिक क्षेत्रहरूको पहिचान गर्नुका साथै उद्योग कारखाना निर्माणका लागि उचित प्रवन्धको कामलाई पनि प्रदेश सरकारले प्राथमिकतामा राख्नु पर्छ।

स्रोत साधनको अभाव भएपनि उपलब्ध रहेका स्रोत साधनहरूलाई पहिचान गर्दै, बाँकी स्रोत साधनको खोजी गर्दै सरकारले सहि तरिकाले नेतृत्व प्रदान गर्नसके मात्र यो प्रदेश अन्य प्रदेशको तुलनामा अगाडी वढ्न सक्ने पर्याप्त सम्भावना रहेको छ ।

प्रदेश २ का लागि सबैभन्दा ठूलो दु:ख भनेको सामर्थ्य नै हो । सात प्रदेशमध्ये एकल पहिचान स्थापित भएको प्रदेश २ नम्बर नै हो । अन्य प्रदेशमा कुनै एक जाति वा समुदायको बाहुल्य छैन । तर, प्रदेश २ मा मधेशी समुदायको दुई तिहाई बहुमत छ ।पहिचान पाए पनि प्रदेशको विकास कसरी गर्ने भन्ने चुनौती प्रदेश सरकारसामु शुरू देखि नै रहेको छ । ठूला औद्योगिक कलकारखानाहरू यो प्रदेशमा हुनु यसको सुखद पक्ष हो तर रोजगारी बृद्धि गर्नका लागि अझै ठूला लगानीहरू मधेशमा ल्याउन सकिन्छ ।

तर, पटक-पटकका मधेश आन्दोलनका कारण विस्थापित भएका उद्योगहरूलाई पुनर्स्थापित गर्ने चुनौति भएका बेला नयाँ लगानी भित्रयाउन मधेशी दलले लगानीकर्तालाई विश्वास दिलाउन सक्नुपर्छ । मधेशमा लगानी गर्न व्यवसायीहरू डराउँछन, उनीहरूको डर हटाउने कार्यक्रम मधेश सरकारले दिनुपर्नेछ ।

तीनवटा मधेश आन्दोलन र पछिल्लो नाकाबन्दीका कारण मधेशको आर्थिक र शैक्षिक अवस्था निकै कमजोर भएको छ । मधेशमा रहेका कतिपय उद्योगधन्दा कलकारखाना बन्द भएका छन् भने कतिपयले अन्यत्र सारिसकेका छन् ।

ठूला व्यापारीहरूले पनि वैकल्पिक स्थान खोजेर हिडेका छन् । उनीहरूलाई फर्काउनु प्रदेश सरकारको दायित्व हो ।

यदि अब मधेशमा स्थिर र शान्त वातावरण बन्छ भन्ने विश्वास प्रादेशिक सरकारले दिलाउन सक्यो भने फेरि पनि उद्योगधन्दा र कलकारखाना सञ्चालनका लागि मधेशको समथर फाँट उपयुक्त छ । यसले मधेशमा रोजगारी र आम्दानीको अवसर पनि बढाउनेछ । तर, लगानीकर्ताले कुनै पनि खतरा मोलेर लगानी गर्न चाहँदैन, त्यसका लागिसरकारले विश्वसनीय वातावरण बनाउनुपर्छ ।

अर्को तर्फ धार्मिक पर्यटनको लागि प्रदेश २ आकर्षक गन्तव्य हो । ऐतिहासिक जनकपुरधाम र यहाँको जानकी मन्दिरमात्र होइन, बाराको गढीमाईदेखि सप्तरीको छिन्नमस्तासम्मका धार्मिकस्थलहरू भारतीय पर्यटकको बृद्धिले मात्रै पनि आयस्रोत बढाउने गन्तव्य हुन सक्छन् । व्यापारिक शहर वीरगञ्जलाई गुल्जार बनाउन प्रदेश सरकारले उत्तिकै विश्वसनीय वातावरण सिर्जना गर्न जरूरी छ ।

कुनै समय धान उत्पादन गरेर काठमाडौंलाई पाल्दै आएको मधेशले यहाँका जनतालाई पाल्न कृषि, पशुपालन र फलफूल तथा वनस्पति उद्योगमै जोड दिनु आवश्यक छ ।

राजमार्गमा व्यापार व्यवसायी गुल्जार छ । सदरमुकामहरूमा सडक, बिजुली र खानेपानीको सहज व्यवस्था गर्नासाथ ती ठाउँहरू पनि राजमार्ग क्षेत्रका बजारको प्रतिस्पर्धामा आउन सक्छन् । दक्षिणका जनता सदरमुकाम र उत्तरका जनता राजमार्गका बजारमा आफ्ना उत्पादनहरू लैजान थाल्छन् । त्यो वातावरण अब आगामी सरकारले बनाउन सक्यो भने मधेश सुन्दर त छँदैछ, समृद्ध प्रदेश हुनेछ ।

प्रदेश २मा स्रोत साधनको अभाव भए पनि उपलब्ध रहेका स्रोत साधनहरूलाई पहिचान गर्दै, बाँकी स्रोत साधनको खोजी गर्दै वर्तमान सरकारले सहि तरिकाले नेतृत्व प्रदान गर्नसके यो प्रदेश अन्य प्रदेशको तुलनामा अगाडी वढ्न सक्ने पर्याप्त सम्भावना रहेको छ । अब हेर्नुपर्ने कुरा के हो भने मधेशी जनताको बलिदानीबाट प्राप्त भएको संघीयता अर्थात यस प्रदेशका सरकारले जनतालाई कसरी विकासलाई अगाडि बढाउन सक्छ ।

## संशोधन गर्ने प्रतिबद्धता आउँदैछ : राउत

काठमाडौं । प्रदेश नम्बर २ का मुख्यमन्त्री लालबाबु राउतले एक/दुई दिनभित्रै संघीय समाजवादी फोरम नेपाल सरकारमा सहभागी हुने विश्वास दिलाएका छन् । उनले भने,'संविधान संशोधनको लागि विभिन्न धारा/उपधारामा संशोधन गर्ने प्रतिबद्धता आउँदैछ, हामी दुईदिनभित्रै सरकारमा सहभागी हुन्छौं ।' काठमाडौंमा भएको साक्षात्कारमा बोल्दै मुख्यमन्त्री राउतले अध्यक्ष उपेन्द्र यादवकै नेतृत्वमा फोरम नेपाल सरकारमा सहभागी हुने जानकारी दिए ।

उनले प्रदेश नम्बर २ लाई समृद्ध बनाउनको लागि आफूले दत्तचित्त भएर काम गर्ने पनि प्रतिबद्धता व्यक्त गरे । मुख्यमन्त्री राउतले भने,'मुख्यमन्त्रीको रूपमा मैले सपथ लिएकै दिन केही प्रतिबद्धता जनाएको थिएँ, सोही अनुसार म जनताको सेवामा उत्रिनेछु मेरो पहिलो प्राथमिकता भनेको नै सुशासन कायम गर्दै प्रदेशलाई व्यापक विकासको माध्यमबाट समृद्ध बनाउनु हो, यसको लागि म सँग सक्षम टिम छ ।' अरू प्रदेशको तुलनामा २ नम्बर प्रदेशमा शिक्षा, स्वास्थ्य र बाटोघाटोको व्यापक समस्या रहेको उनको गुनासो थियो । उनले आफूहरू जनताको चाहना अनुसार नै अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे । २ नम्बर प्रदेशमा कृषिको पनि धेरै ठूलो सम्भावना भएको उल्लेख गर्दै उनले थपे,'कृषिको व्यापक सम्भावना छ, जनताले मल, खाद्य र वीउ-विजन समयमै पाएका छैनन, कुनै जमाना यस्तो थियो, हामी खाद्यान्न विदेशतिर निर्यात गर्दथ्यौं, तर अहिलेको अवस्था आयात गर्नुपर्नेमा छ ।'

## 'मधेशी शहीदलाई सत्ताको भऱ्याङ मात्र बनाउने ?'

काठमाडौं । अधिकारवादी मधेश आन्दोलनका एक जना वरिष्ठ राजनीतिज्ञ तथा स्व. गजेन्द्रनारायण सिंहका सहयात्री खुशीलाल मण्डलले अहिलेको मधेशी दलहरूको राजनीतिक क्रियाकलापबाट आक्रोशित मुद्रामा देखिएका छन् । मधेशको राजनीतिलाई नजिकबाट नियालिरहेका वरिष्ठ राजनीतिज्ञ मण्डलले सप्तरीको मलेठ घटनाबारे आफ्नो वक्तव्य सार्वजनिक गर्दै भनेका छन्, ' वर्तमान सत्ताधारी मुख्य दलको अंह र मधेश विरोधी नीतिको विरोधमा मलेठमा शहीद भएको पाँचै शहीदको पहिलो वार्षिकी हुन नपाउँदै मधेशवादी दलबाट राष्ट्रिय पार्टी बनाउने सपना देख्ने दलले मधेशी सपुतको लाशलाई सिढी बनाई सत्ता प्राप्तीको सिढी उक्ली सकेको छ ।' उनले जातीय स्वायत्तता र सामाजिक विभेद समाप्त गर्ने नाराका साथ कथित जनयुद्धमा हजारौं नेपालीको हत्या प्रतिहत्या गराउने माओवादी दल ईमान्दार भैदिएको भए २०६३ सालमै संघीयता सहितको संविधान जारी भै सक्ने जिकिर गरेका छन् । 'मधेशी सपुतहरूलाई बलिदान दिनुपर्ने अवस्था आउने थिएन् ।' उनी भन्छन्, 'तर, संविधानसभाको पहिलो चुनावपछि मधेशवादी दल माओवादीको झूठो आश्वासनको भरमा सरकारमा सामिल भएको घटना प्रतिघटना विदितै छ । वर्तमानमा आफूलाई कथित मधेशवादी भनाउँदा दल घोर मधेश बिरोधी दलको झूठो आश्वासनको भरमा सरकारमा सामेल हुनु मधेशी सपूतको रगतको अपमान हो । आज हाम्रो सामुने प्रश्न खडा भएको छ मधेशी शहीदलाई सत्ताको सिढी बनाउने वा ती शहीदहरूको सपना साकार पार्ने त्यस्ता तत्वको पहिचान गरि मधेशको अपुरो माँग पुरा गराउनु पर्ने हो वा होईन् ?'

**समय-सन्दर्भ**

# विश्वव्यापीकरणको प्रभाव र महिलाको अवस्था

**संगीता रेग्मी**



प्रत्येक वर्ष ८ मार्चका दिन जब अन्तर्राष्ट्रिय नारी दिवस विश्वभर सिर्जनात्मक र रचनात्मक कार्यक्रमसहित मनाइन्छ, तब मधेशकी महिलाको अनुसार हेर्दा उ भित्र असीमित पीडाको भाव झल्किन्छ ।

वस्तुत: आठ मार्च शोषणका विरूद्ध महिलाहरूले विजय हाँसिल गरेको दिन हो । शोषण, उत्पीडनका विरूद्ध विश्वका नारीहरू आ-आफ्ना घरपरिवार र स्थानबाट संघर्षका पाइलाहरू चाल्न थाले । नारी बन्धनबाट मुक्त हुन खोजे । पुरूषसरह महिला हरेक क्षेत्रमा अग्रसर हुन सक्छन, चाहन्छन् । यसका लागि महिला अधिकार र अवसरको सुनिश्चितता आवश्यकता पर्दछ ।



सन्दर्भ : १०८औं अन्तर्राष्ट्रिय महिला दिवस

विश्व राजनीतिमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने महिलाको संख्या दिनप्रतिदिन बढ्दो छ । विभिन्न क्षेत्रमा महिलाको प्रभावकारी नेतृत्व बढ्ने क्रम जारी छ । २०६८ को जनगणना अनुसार नेपालमा महिलाको जनसंख्या १,३६,९३,३७८ छ । यो हिसाबले महिला जनसंख्या ५१.४४ प्रतिशत पुग्छ । तर, अहिलेको केन्द्रीय संसद र प्रदेशसभा लगायत राज्यको विभिन्न निकायमा महिला सहभागिता निराशाजनक छ । जनसंख्याका आधाभन्दा बढी भएपनि उनीहरू विभिन्न अवसरबाट बञ्चित छन् । त्यसमा पनि मधेशी महिलाको अवस्था झनै नाजुक छ । संसद र प्रदेशसभामासहित राज्यको अन्य निकायमा मधेशी महिलाको उपस्थिति ज्यादै न्यून छ ।

पहाड र हिमालकी महिलाभन्दा मधेशकी महिलाको सामाजिक परिवेश नितान्त भिन्न छ । उनीहरू आफ्नै घर र समाजभित्र कैद हुनु परेको छ । उनीहरू वर्षौंदेखि अन्याय, अत्याचार, शोषण र दमनमा पिल्सिएकी छन् । शिक्षा, स्वास्थ्य, रोजगार, सुरक्षा, अवसमा सहभागिता छैन ।

वि.सं. २०६८ को जनगणना अनुसार मधेशको कुल जनसंख्या १,१२,१२,४५३ छ । अर्थात् नेपालको झण्डै आधा (४८.४ प्रतिशत) जनसंख्या मधेशमा बस्छ । त्यसमा महिलाको अनुपात ४९.१ प्रतिशत छ । मधेशी महिलाको जनसंख्या वि.सं. २०६८ जनगणनाको आधारमा करीब ७२ लाख अर्थात् मधेशको कुल जनसंख्याको झण्डै ६४ प्रतिशत छ र यसमा आधा करीब ३६ लाख मधेशी महिलाहरू छन् ।

राष्ट्रियस्तरमा मधेशी महिलाहरूको सशक्तीकरणको सवालमा, सन् २००३ मा इसिमोड र अन्यले गरेको अध्ययनबाट केही चाखलाग्दा तथ्यांकहरू बाहिर आएका छन् । महिला सशक्तीकरणमा रौतहट जिल्लाको स्थान ७४ औं, कपिलवस्तु ७२ औं, पर्सा ६९ औं, महोत्तरी ६६ औं, सर्लाही ६४ औं, बारा ६१ औं, सिरहा ६० औं, धनुषा ५७ औं र सप्तरी ५३ औं स्थान छ । यी उल्लेख गरिएका जिल्लाहरू मधेशी महिलाहरूलाई बढी प्रतिनिधित्व गर्ने मधेशका २० वटा जिल्ला मध्येका हुन् ।

मधेशी महिलाहरूको स्थिति दयनीय किन छ भन्ने कारण खोतल्नु आवश्यक छ । मधेशीहरूको आफ्नै सामाजिक, सांस्कृतिक परम्परा र राज्यले मधेशी र खासगरी मधेशी महिलाका निमित्त निर्वाह गरेको भूमिका नै मधेशी महिलाहरूको दयनीय अवस्थाको कारण हो ।

राष्ट्रसंघीय जनसंख्या कोष (युएनएफपीए) ले मधेशी समाजभित्र महिलाको अवस्थाका सम्बन्धमा विस्तृत अध्ययन गरेको छ । मधेशका जिल्लामा लैङगिक असमानता र महिला हिंसा बढ्दो छ । तराईका खासगरी सातवटा जिल्ला सप्तरी, सिरहा, धनुषा, पर्सा, बारा तथा कपिलवस्तु, बाँके र बर्दियामा यस्तो असमानता बढी छ ।

*बाँकी पृष्ठ ८ मा*



## सम्पादकीय



# मलेठ घटनाले सिकाएको पाठ

सप्तरीको मलेठमा गत वर्ष फागुन २३ गते भएको आततायी घटनाको एक वर्ष पूरा भएको छ । यो एक वर्षमा खोलामा धेरै पानी बगिसकेको छ र राजनीतिमा पनि धेरै उतारचढाव आइसकेको छ तर मलेठको पीडा भने उस्तै छ । मलेठको पीडामा न त सरकारले नै मलहम लगाउन सकेको छ न त मधेशी दलले नै दुःखलाई अनुभूत गर्न सकेका छन् ।

नेकपा एमालेले गत वर्ष 'मेची-महाकाली राष्ट्रिय अभियान २०७३' गरेको थियो । गत वर्ष फागुन २३ गते सप्तरीको मलेठमा रहेको गजेन्द्रनारायण औद्योगिक क्षेत्रमा आमसभाको कार्यक्रम तय भएको थियो । आमसभा पश्चात मधेशी मोर्चाका कार्यकर्तामाथि प्रहरीले दमन गर्दा ५ जनाको मृत्यु भएको थियो भने कैयौं घाइते भएका थिए । मृतकहरू कुनै पनि राजनीतिक दलसँग आबद्ध थिएनन् ।

मधेशका जनताको व्यापक समर्थन आफूहरूसित नै रहेको तथा आउने निर्वाचनमा मधेशमा पनि आफ्नै पार्टीले ठूलो सफलता पाउने मनोगत विश्लेषणमा त्यति बेला एमाले रमाइरहेका थिए । यद्यपी एमालेको विश्लेषण सहि पनि सावित भएको छ । वाम गठबन्धन बनाएर नेकपा माओवादी केन्द्रसँग मिलेर प्रतिनिधिसभा र प्रादेशिकसभाको निर्वाचन लडेको उसले पहिलो पार्टी बनेर सरकार पनि बनाएको छ ।

निर्वाचन पूर्व एमालेका नेताहरूले मधेश र मधेशी दलका नेताहरूविरूद्धमा टिकाटिप्पणी गर्दै आएका थिए । ओली उनै व्यक्ति हुन जसले मधेश आन्दोलनमा मधेशी जनताको ज्यान जाँदा समेत सहानुभूतिको सट्टा दुई/चारवटा आँप झरे केही नहुने निम्नस्तरको टिप्पणी गरेका थिए । त्यसले एमालेप्रति मधेशी जनतामा आक्रोश एवम् वितृष्णाको वातावरण सिर्जना गर्दै आएको थियो । परिणामतः स्थानीय तहसहित प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा एमाले मधेशबाट नराम्ररी पराजित भएको छ । उसले बाँकी ६ वटा प्रदेशमा सरकार बनाए पनि मधेशमा सरकार बनाउनबाट चुकेको छ । यो मलेठ घटनाकै परिणाम हो ।

> प्रधानमन्त्री केपी ओलीको मधेशप्रति विगतको छवि र अभिव्यक्ति निश्चय पनि मधेशी जनताको भावनाविपरीत छ ।

संघीयताअन्तर्गतको सीमांकनको विषयमा एमालेले जसरी आफूलाई मधेशी जनताको विपक्षमा उभ्याउने काम गरेको छ, यसले उक्त दललाई मधेशका जनताको मनबाट टाढा पुऱ्याएको छ । पार्टीको नाम र झण्डाका कारण भौतिक लाभ उठाइरहेका पार्टीका जिल्ला एवम् गाउँस्तरीय कार्यकर्ता आफ्नो नीहित स्वार्थपूर्तिका निम्ति पार्टीको माला जप्न बाध्य छन् । एमालेबाट अहिले प्रधानमन्त्री बनेका केपी ओलीको मधेशप्रति विगतको छवि र अभिव्यक्त निश्चय पनि मधेशी जनताको भावना विपरीत छ ।

यसरी पटक-पटक सरकारको नेतृत्व गरिरहेको एमालेले विगत दुई वर्षदेखि मधेशी दलका नेता, कार्यकर्ता एवम् जनतालाई होच्याउने, जिस्काउने र घोच्ने खालका टिकाटिप्पणी गर्दै आएका छन् । यहाँसम्म कि मलेठ घटना हुनुभन्दा पूर्व पनि आफ्ना कार्यकर्तालाई जस्तोसुकै परिस्थितिको डटेर मुकाबिला गर्न एक किसिमले भिडन्तको निम्ति तयार रहन उक्साएका थिए ।

नेपालका वामपन्थीहरूले एकपटक होइन अनेकौं पटक असहिष्णुताको प्रदर्शन गरेका छन् । तसर्थ मलेठ घटनाको निम्ति ठूला दलहरूले देखाएको असहिष्णुताको राजनीतिक संस्कारको अनुकरण गरेर मधेशी दलले देखाएको एउटा रूप नै हो ।

धाकधम्कीकै भरमा कसैको दलीय निष्ठा एवम् विचारलाई परिवर्तन गर्न सकिँदैन । वैचारिक लडाइँमार्फत् भएको विजय दीर्घकालीन हुन्छ । आफ्नो राजनीतिक मुद्दा संविधान संशोधनसँग सम्बन्धित विषय हो तथा यसको निम्ति सबै दलको सहयोग एवम् समर्थन आवश्यक छ भने यथार्थलाई मधेशी दलहरूले पनि बुझ्नु आवश्यक छ । तसर्थ देशका सबै राजनीतिक दलसँग समदूरी कायम राख्नु आवश्यक छ । किनभने मधेशी दलहरू विगतमा तीनपटक एमाले नेताको नेतृत्वमा, पटकपटक कांग्रेसको नेतृत्वमा, दुईपटक माओवादी तथा दुईपटक राप्रपाको नेतृत्वको सरकारमा पनि सहभागी भइसकेका छन् तसर्थ देशका राजनीतिक दलहरूसँग सुमधुरसम्बन्ध कायम राख्नु आवश्यक छ ।

तसर्थ सप्तरी घटनाले सरकार, मधेशवादी दलहरू, नेकपा एमालेलगायत प्रतिपक्षी दलहरू तथा नागरिक समाज, मानवअधिकारवादी एवम् प्रेस जगतलाई समेत संवेदनशील हुन प्रेरित गरेको छ ।

## सातको सात बात



मेरो नेतृत्वको सरकारले संविधान संशोधन गर्न खोजेपनि सफल हुन दिइएन । अहिलेको सरकार संविधान संशोधनमा अगाडि बढ्न खोजेको रहेछ यसमा सफलता मिलोस् । **शेरबहादुर देउवा, सभापति, नेपाली कांग्रेस**



एमाले र माओवादी केन्द्रबीच पार्टी एकता भएपनि हामी जनताको बहुदलीय जनवाद (जबज) छाड्दैनौं । जबजमा नै टेकेर एमालेको पार्टी एकीकरणको आधार तयार भएको हो । **वामदेव गौतम, उपाध्यक्ष, नेकपा एमाले**



जनताले बामगठबन्धनलाई अध्यधिक समर्थन दिएर ठूलो पार्टी बनाएका छन् । अबका दिनमा सबैको पहिचान र भावनाको सम्बोधन हुनुपर्छ । हामी नेपालीका साथै मधेशी पनि हौं, धोती हाम्रो संस्कृति हो, यसमा गर्व छ । **राजेन्द्र महतो, नेता, राजपा नेपाल**



सरकारले मधेशको मुद्दा वा संविधान संशोधनको विषयमा ठोस धारणा ल्याओस् भनेर हामीले भनेका छौं । सरकारका तर्फबाट सरकारमा सहभागि हुन आग्रह मात्रै भएको हो । **महेन्द्र राय यादव, नेता, राजपा नेपाल**



हामी मुलुकमा औद्योगिकरणको प्रवर्द्धन र विकास गर्ने प्रतिबद्धताका साथ चुनाव लडेर निर्वाचित भएर आएका छौं, हामीले आफ्नो प्रतिबद्धता पुरा गर्नुपर्छ । **मातृकाप्रसाद यादव, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री**



प्रदेश १ सम्भावना भएको प्रदेश हो । यसमा सबैको ध्यान केन्द्रित छ । यसलाई सानो नेपालका रूपमा बुझ्न सकिन्छ । यो प्रदेशला बनाउने जग कृषि, जलस्रोत पर्यटन र उद्योग नै हो । यही जगम हामी यो प्रदेशलाई समृद्ध बनाउछौं । **शेरधन राई, मुख्यमन्त्री, प्रदेश १**



प्रदेश नम्बर २ को मूलमन्त्र भनेको पाँस 'स' हो । सुशासन, शिक्षा, स्वास्थ्य, सडक र सिँचाइ । यसबाटै यो प्रदेशको समृद्धि र विकासमा हामी अघि बढ्छौं । सुशासन सबैभन्दा पहिला कर्मचारीबाट सुरूवात गनुपर्छ यसमा अहिले केही चुनौती छ । **जितेन्द्र सोनल, भौतिक पूर्वाधार व्यवस्थामन्त्री, प्रदेश २**

# प्रादेशिक सामर्थ्यको विवेचना



**डा. खिमलाल देवकोटा**

संविधानले राज्यशक्तिको अधिकारलाई जनताको घरदैलोसम्म पुग्ने गरी बाँडफाँड गरेको छ । संविधानअनुसार तीन तहको सरकार रहने हुँदा अधिकार क्षेत्रहरू बाँडफाँड हुनु स्वभाविकै हो । जस्तो प्रहरी र शान्ति सुरक्षा अहिले नेपाल सरकारको मातहतमा मात्र छ । अब यस्तो संरचना तीन तहकै सरकारले कानून अनुसार आ–आफ्नो अनुकुल वनाउन सक्छन । संविधानमा सेना संघको अधिकार सूचिमा छ । तर प्रहरी तीन तहकै अधिकार सूचिमा पर्दछ । संविधानको अनुसूचि ६ अनुसार प्रदेशको अधिकार सूचिमा पर्ने कार्यक्षेत्रमा प्रहरी प्रशासनको अलवा वित्तीय संस्थाहरूको सच्चालन, रेडियो, टेलिभिजन, एफएम सच्चालन, प्रदेश निजामति र अन्य सरकारी सेवा, प्रदेश स्तरका विधुत, सिचाई, खानेपानी, प्रदेश विश्वविद्यालय,उच्च शिक्षा, स्वास्थ्य सेवा, प्रदेश सभा, प्रदेश मन्त्रिपरिषद, प्रदेश लोकमार्ग, प्रदेशका सरकारी कार्यालयको भौतिक व्यवस्थापन, प्रदेश लोकसभा, भूमि व्यवस्थापन, जग्गा अभिलेख, खानी, भाषा, लिपी, ललितकला, वन, जल, वातवरण, कृषि, पशु, गुठी, यातायात, आदि लगायतका छन । संविधानमा प्रदेशका लागि कुल २१ वटा अधिकारको सूचि छ । यसै गरी संघ र प्रदेशको साझा सूचिका रूपमा २५ वटा र तीन तहकै साझा अधिकार सूचिका रूपमा १५ वटा अधिकारहरू छन । सिद्धान्तत प्रदेशको अधिकारक्षेत्रभित्र परेका कार्यहरूका लागि योजना बनाउने, प्राथमिकता तोक्ने, नियमन गर्ने, वित्तीय व्यवस्था गर्ने, उत्पादन र प्रवन्ध तथा सेवा प्रवाह गर्ने कामहरू अव प्रदेशलेनै गर्नुपर्ने हुन्छ । यसका लागि ठूलो साधन र स्रोतको आवश्यकता पर्दछ । हाल जिल्लामा रहेका कार्यालय भन्दा पनि थप अतिरिक्त कैयौ थप कार्यालय तथा संस्थाहरूको आवश्यकता अब प्रदेश स्तरमा चाहिन्छ । यी थप संस्थामा प्रादेशिक संसद, मुख्य मन्त्री,मन्त्रालय, विभाग, संवैधानिक निकायहरू, निजामति सेवा, आदि लगायतका हुन । यी सबै संस्थाहरूको निमार्ण तथा सच्चालनका लागि अरबौ धनराशीको आवश्यकता पर्दछ । धनराशीका लागि प्रादेशिक सामर्थ्यको विश्लेषण हुनु आवश्यक छ । यो आलेखमा प्रदेशहरूको सामर्थ्यको विविध पक्षको विवेचना गरिएको छ ।

### प्राकृतिक साधन र स्रोतको उपलव्धता र राजश्व संकलनको अवस्था

पानी, वनजंगल, जमिन, हावा, खनिज, हिमाल, पहाड, जंगली जिवजन्तु, आदि प्राकृतिक साधन र स्रोत हुन । यी साधन र स्रोत मानव जिवनको प्रमुख आधार हुन । सरकारले प्रत्येक वर्ष प्राकृतिक साधनको उपयोगबाट करडौं राजश्व संकलन गर्छ । विधुत क्षेत्रको रोयल्टीबाट आ.व. २०७२/७३ मा रू ३ अरव ८ करोड राजश्व संकलन भएको छ । यस क्षेत्रको रोयल्टीका लागि जलविधुत आयोजनाहरू हुनुपर्दछ । जलविधुतलाई सेतो सून पनि भनिन्छ । नेपालको सवभन्दा वढी आर्थिक संभावना भएको क्षेत्र पनि यही हो । उर्जा मन्त्रालयका अनुसार नेपालमा जलविधुत आयोजनाको सम्भाव्यता नभएको प्रदेश दुई नम्वर मात्र हो ।

पर्वतारोहण र पदयात्रा स्वीकृतबाट समेत सरकारले मनग्ये रोयल्टी संकलन गर्छ । आ.व. २०७२/७३ सरकारले यस क्षेत्रबाट रू १ अरव ३५ करोड रोयल्टी संकलन गरेको थियो । तर विधुत जस्तै दुई नम्वर प्रदेशमा हिमाल पनि छैन । यसै गरी खानी रोयल्टीबाट सरकारले रू ८४ करोड राजश्व संकलन गरेको थियो । खानी तथा भूगर्भ विभागका अनुसार यस प्रदेशमा खानीको पनि खासै सम्भाव्यता छैन । प्राकृतिक साधनका रूपमा दुई नम्वर प्रदेशमा अलि सम्भाव्यता देखिएको क्षेत्र वन हो । तर यस क्षेत्रको आय त्यति उत्साह जनक छैन । आ.व. २०७२/७३ सरकारले वन क्षेत्रबाट रू २ अरव २२ करोड राजश्व संकलन गरेको थियो । संकलित कुल राजश्वको रू ४ करोड २४ लाख ( १.९१ प्रतिशत ) मात्र दुई नम्वर प्रदेशबाट संकलित भएको थियो । पहाडको रूपमा यस प्रदेशमा चुरे श्रृङखला मात्र छ । ढुङ्गा, वालुवा, गिटी पनि प्राकृतिक स्रोत हुन । यी श्रोतका लागि चुरेको दोहन आवश्यक छ । चुरेको दोहनका कारण हाल केही जिल्ला विकास समितिहरूले मनग्य आम्दानी आर्जन गरेका छन । तर यसको दुरूपयोगका कारण दुई नम्वर प्रदेश लगायत तराईका कृषि भूमिमा नकारात्मक असर ( मरूभूमिकरणको खतरा ) परेको छ ।

यसै गरी सिंचाईका लागि स्थायी/दीर्घकालिन नदीहरू पनि यस प्रदेशमा छैनन । प्रदेश अर्न्तगतको अलि राम्रो स्रोतका रूपमा वाग्मति नदी मात्रै हो । वागमती नदीको पानीवाट वागमती सिंचाई आयोजना संचालन भइ रौतहट र सर्लाही जिल्लामा लगभग ५० हजार हेक्टर जमिनमा सिंचाईको सुविधा उपलब्धता भएतापनि अन्य जिल्लाहरूमा यस्तो सुविधा छैन । समग्रतामा दुई नम्वर प्रदेशमा प्राकृतिक साधन र स्रोतको सम्भाव्यता देखिदैन ।

संविधानले प्राकृतिक साधन र स्रोत ( विधुत, पर्वतारोहण, वन, खनिज, आदि )को राजश्व/रोयल्टी तीन तहको सरकारका लागि बाँडफाँड गर्ने गरी राजश्व अधिकारको सूचिमा राखेको छ । हाल सरकारले प्राकृतिक साधनको उपयोगबाट प्राप्त रोयल्टी जिल्ला विकास समितिसँग वाँडफाँड गर्छ । जस्तो जलविधुत र खानीको रोयल्टीबाट उठेको ५० प्रतिशत, वनको १० प्रतिशत,पर्वर्ताहोरण र पदयात्राको ३० प्रतिशत सम्वन्धित जिल्ला विकास समितिलाई सरकारले वाँडफाँड गर्छ । यसै गरी घरजग्गा रजिस्ट्रेशनबाट प्राप्त हुने रोयल्टी प्रदेश र स्थानीय तहको साझा सूचिमा छ । यसबाट प्राप्त हुने रोयल्टी पनि हाल सरकारले स्थानीय निकाय (जिविस र नपा ) सँग वाँडफाँड गर्छ । संविधान अनुसार अब यो रकम प्रदेश र स्थानीय तहका विच वाँडफाँड हुन्छ । यसै गरी अन्य प्राकृतिक स्रोतवाट प्राप्त हुने रोयल्टी अव तीन तहकै सरकारका बीचमा वाँडफाँड गर्नुपर्ने हुन्छ ।

संविधानमा विशुद्ध प्रदेशको राजश्व अधिकारमा कृषि आयमा लाग्ने कर मात्र हो । कृषि उत्पादनको विक्रीबाट आ.व. ०७२/७३ मा सरकारले केवल रू १३ करोड मात्र राजश्व संकलन गरेको छ । संविधान अनुसार यो राजश्व अव प्रदेशको अधिकारक्षेत्रमा पर्दछ ।

सवारी साधन कर, मनोरन्जन कर, विज्ञापन कर, पर्यटन शूल्क आदि प्रदेश र स्थानीय तहको साझा अधिकार सूचिमा छ ।

घरजग्गा रजिष्ट्रेशनबाटरू १४ अरव ७१ करोड संकलन भएको छ । यो राजश्व प्रदेश र स्थानीय तहका विचमा वाँडफाँड गरिनुपर्दछ । सवारी साधन कर (चालक अनुमति पत्र र व्लु बूक दस्तुर सहित) बाट रू ८ अरव ४५ करोड संकलन भएको देखिन्छ । यसै गरी सरकारले प्राकृतिक साधन र स्रोतबाट रू ३ अरव ५४ करोड रोयल्टी संकलन गरेको छ ।

माथि उल्लेखित चारवटा राजश्वका क्षेत्रहरू कृषि उत्पादनको विक्री कर, घर जग्गा रजिस्ट्रेशन दस्तुर, सवारी साधन कर र प्राकृतिक साधन र स्रोतबाट प्राप्त रोयाल्टीमा संकलित कुल राजश्व रू २६ अरव ८४ करोड मात्र हो । संकलित राजश्वमा सवभन्दा धेरै तीन नम्वर प्रदेशमा ६३ दशमलव ६० प्रतिशत छ । यसपछि क्रमश : पाँच नम्वर प्रदेशमा ११ दशमलव १२ प्रतिशत, चार नम्वर प्रदेशमा ८ दशमलव १९ प्रतिशत, एक नम्वरमा ७ दशमलव ७९ प्रतिशत र दुई नम्वर प्रदेशमा ६ दशमलव शून्य ९ प्रतिशत छ । सवभन्दा थोरै ६ र ७ नम्वर प्रदेशमा क्रमश शून्य दशमलव ८२ प्रतिशत र २ दशमलव ३८ प्रतिशत छ । अन्य जिल्लामा अवस्थित प्राकृतिक साधन र स्रोतको उपयोगबाट संकलित रू तीन अरव ३१ करोड राजश्वको विवरण काठमाडौं जिल्लामा राखिएको हुँदा तीन नम्वर प्रदेशको ग्राफ धेरै माथि गएको देखिन्छ । सो राजश्व कटाउदा पनि यस प्रदेशको योगदान ५१ प्रतिशत हुन्छ । स्थानीय र संघको साझा सूचि अन्तगर्तको राजश्व ६ नम्वर प्रदेशको रू २२ करोड मात्र छ । सवभन्दा धेरै हुने तीन नम्वर प्रदेशको ( रू तीन अरव ३१ करोड कटाएर ) रू १३ अरव ६९ करोड छ । तात्कालिक रूपमा प्रदेशको सच्चालनका लागि संकलित हुने वास्तविक राजश्वको विवरण यही हो । संविधान अनुसार यो राजश्व पनि अन्य सरकारसँग वाँडफाँड गर्नुपर्ने हुन्छ ।

### कुल गार्हस्थ उत्पादन तथा आर्थिक पुर्वाधार

नेपाल मानव विकास प्रतिवेदन २०१४ अनुसार प्रतिव्यक्ति कुल गाहस्थ्य उत्पादनमा सवभन्दा धेरै तीन नम्वर प्रदेशको ३२ प्रतिशत छ । कुल जनसंख्याको २०.४० प्रतिशत वसोवास गर्ने दुई नम्वर प्रदेशले मुलुकको कुल गार्हस्थ उत्पादनमा १६.२ प्रतिशतले योगदान गर्दछ । कुल गार्हस्थ उत्पादनमा सवभन्दा कम योगदान ६ नम्वर प्रदेशको चार प्रतिशत छ । जुन प्रदेशको जनसंख्या भन्दा एक दशमलव ७३ प्रतिशतले कमी हो । जनसंख्या वरावरी कुल गार्हस्थ उत्पादनमा योगदान पुराउने प्रदेश एक नम्वर हो । कुल जनसंख्याको १७ दशमलव १२ प्रतिशत मानिसहरू यस प्रदेशमा वसोवास गर्छन । कुल गार्हस्थ उत्पादनमा यस प्रदेशको योगदान १७ दशमलव ४६ प्रतिशत छ । जिल्लागत रूपमा कुल गार्हस्थ उत्पादनमा सवभन्दा धेरै योगदान पुराउने जिल्ला काठमाडौं ( १५.७६ प्रतिशत ) हो । त्यसपछि क्रमश मोरङ्ग ( ३.९३ प्रतिशत ) र वारा ( ३.३३ प्रतिशत ) हुन । दुई नम्वर प्रदेशको कुल गाहस्थ उत्पादनमा वारा र पर्सा जिल्लाको योगदान ३५ प्रतिशत छ ।

आर्थिक सर्वेक्षण ०७२/७३ अनुसार कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान ३१ प्रतिशत छ । तराईलाई अन्नको भण्डार पनि भनिन्छ । तर वास्तविकता त्यस्तो छैन । राष्ट्रिय योजना आयोगले सन २०१५ मा गरेको एक अध्ययन प्रतिवेदनमा उल्लेखित कृषि तथा पशुका जिल्लास्तरीय सूचकहरूको विश्लेषणका आधारमा कृषि तथा पशु क्षेत्रको कुल उत्पादनमा चितवन सहित समग्र तराईका २० जिल्लाको योगदान ४० प्रतिशत छ । सवभन्दा धेरै चितवनको ३.५ प्रतिशत छ । यस पछि मोरङ्ग र झापाको क्रमश २.९१ प्रतिशत र २.३५ प्रतिशत छ । दुई नम्वर प्रदेश अर्न्तगतका सप्तरी र सिराहा जिल्ला क्रमश : नवौ र दशौं नम्वरमा पर्दछन । समग्र मुलुकको कृषि तथा पशु क्षेत्रको उत्पादनमा दुई नम्वर प्रदेशको योगदान जम्मा १३ प्रतिशत मात्र छ । कृषि र पशुलाई अलग/अलग गर्ने हो भने करिव दुई प्रतिशतको फरक छ । दुई प्रदेशको कृषिको समग्र योगदान १४ प्रतिशत छ भने पशुको १२ प्रतिशत । कृषि तथा पशुमा नेपालमा सवभन्दा वढी उत्पादन चितवन जिल्लाकै छ । कुल कृषि तथा पशु उत्पादनमा चितवनको योगदान क्रमश ६.६८ प्रतिशत र ३.५३ प्रतिशत छ । कृषि उत्पादनमा दोस्रो वढी योगदान गर्ने जिल्ला झापा ( ३.३८ प्रतिशत ) हो । यसै गरी पशुमा काभ्रेपलाञ्चोकको ( ३.५१ प्रतिशत ) छ । पशु क्षेत्रको उत्पादनमा चितवन र काभ्रेको योगदान झण्डै /झण्डै वरावरी छ । कृषि तथा पशु क्षेत्रबाट दुई नम्वर प्रदेशले त्यति धेरै लाभ लिन सकेको अवस्था छैन । कृषि तथा पशु क्षेत्रको उत्पादनमा पनि उल्लेखनीय भूमिका तीन नम्वर प्रदेशकै छ । कृषिको योगदान २६ प्रतिशत छ भने पशुको २० प्रतिशत । तीन नम्वर प्रदेश पछि सवभन्दा धेरै योगदान क्रमश एक नम्वर र पाँच नम्वर प्रदेशको छ । यसपछि मात्र दुई नम्वर प्रदेश पर्दछ । जनसंख्याको अनुपात र उर्वर कृषि भूमि नामकरणका आधारमा विवेचना गर्ने हो भने दुई नम्वर प्रदेशको कृषि तथा पशु क्षेत्रको उत्पादन निकैनै कम हो ।

उधोग विभागमा दर्ता भएका उधोगको संख्या २०७३ कात्तिक मसान्त सम्ममा ६७२५ वटा छ । यी उधोगको कुल पूँजी रू १२४२ अरव र रोजगारी संख्या पाँच लाख तीस हजार छ । यी उधोगमा झण्डै आधा (४५ प्रतिशत) काठमाडौं जिल्लामा छन । यसपछि ललितपुर, कास्की ,मोरङ्ग र वारामा क्रमश : ११ प्रतिशत, ५ प्रतिशत, ३.४९ प्रतिशत र ३.२० प्रतिशत छन । सवभन्दा धेरै ६८ प्रतिशत उधोग तीन नम्वर प्रदेशमा छन । यसपछि एक नम्वर प्रदेशमा नौ प्रतिशत छ भने दुई नम्वर प्रदेशमा केवल ७ प्रतिशत मात्र छन । कच्चा सामाग्री, श्रम, वजार, भन्सार आदिका दृष्टिले पनि उधोगको संख्या दुई नम्वर प्रदेशमा तुलनात्मक रूपले धेरै हुनुपर्ने हो ।

### राजश्व संकलनको अवस्था

हाल सरकारले अन्तशूल्क, मूल्य अभिवृद्धिकर,संस्थागत आय कर, व्यक्तिगत कर, पारिश्रमिक कर आदि लगायतका क्षेत्रवाट राजश्व संकलन गर्दछ । आ.व. ०७२/७३ मा सरकारले सवै जिल्लाहरूवाट रू ५४१ अरव राजश्व संकलन गरेको थियो । भन्सार विन्दु वाहेकको कुल राजश्व रू ३३० अरव थियो ।कुल संकलित राजश्व मध्ये भन्सार सहित सवभन्दा धेरैतीन र दुई नम्वर प्रदेशको क्रमश ५६ प्रतिशत र १६ प्रतिशत छ । दुई नम्वर प्रदेशमा भन्सार विन्दु सहित कुल रू ८७ अरव राजश्व संकलन भएको थियो । भन्सार विन्दुको राजश्व घटाउदा यस प्रदेशबाट संकलित राजश्व रू १७ अरव ६२ करोड मात्र हुन्छ । तीन नम्वर प्रदेशमा भन्सार सहित रू ३०५ अरव राजश्व संकलन भएको थियो । भन्सार विन्दुको राजश्व हटाउदा यस प्रदेशको राजश्व रू २६७ अरव हुन्छ ।दुई नम्वर प्रदेशको कुल राजश्व संकलनमा भन्सार विन्दुको योगदान ८० प्रतिशत देखिन्छ । प्रदेश अन्तगर्तका जिल्लामा सवभन्दा धेरै राजश्व पर्सा जिल्लाको छ । पर्साबाट संकलित राजश्वमा ९० प्रतिशत भन्सारको योगदान छ । भन्सारबाट संकलित राजश्वको व्ययभार मुलुकका कुना काप्चामा वसोवास गर्ने व्यक्तिहरूमा समेत पर्दछ । संसारका सवै संघीय मुलुकमा भन्सार वाट संकलित हुने राजश्वलाई केन्द्रिय सरकार ( संघ ) को मातहतमा राख्ने गरेका छन ।

कुल राजश्व संकलनमा सवभन्दा कम ६ र ७ नम्वर प्रदेशको छ । भन्सार वाहेक यी प्रदेशको राजश्व रू एक अरव १३ करोड र रू ३ अरव ७९ करोड छ ।

### प्रशासनिक खर्च

प्रदेश अन्तगर्तका जिल्लाहरूमा अवस्थित विभिन्न सरकारी कार्यालयहरूको आ.व.०७२/७३ मा तलव भत्ता लगायत प्रशासनिक क्षेत्रमा भएको यर्थात खर्चको विवरण तालिका मा छ । तालिका अनुसार कार्यालय सच्चालन लगायतको कुल प्रशासनिक खर्च रू १३४ अरव छ । कुल प्रशासनिक खर्चमा पारिश्रमिक/ सुविधामा मात्र ६६ प्रतिशत छ । पारिश्रमिक/ सुविधा अन्तगर्त कर्मचारीको तलव, स्थानीय भत्ता, महंगी भत्ता, फिल्ड भत्ता आदि पर्दछ । यसपछि सवभन्दा धेरै खर्च कार्यक्रम सम्वन्धि शीर्षकमा १५ प्रतिशत छ । कार्यक्रम सम्वन्धि खर्च अन्तगर्त कर्मचारी तालिम, विभिन्न गोष्ठि तथा सेमिनारहरू आदि लगायत पर्दछ ।

कुल प्रशासनिक खर्चमा सवभन्दा धेरै तीन नम्वर प्रदेशको ४९ दशमलव ४४ प्रतिशत छ । यसपछि एक नम्वर र पाँच नम्वर प्रदेशको छ । तीन नम्वर प्रदेशको कुल खर्च धेरै हुनुको अर्थ काठमाडौंमा अवस्थित सवै मन्त्रालय, विभाग, आयोग, प्रतिष्ठान, विश्वविद्यालय आदिको खर्च समेत समावेश हुनाले गर्दा हो ।

> शिक्षा, स्वास्थ्य र रक्षाको बजेट कटाउँदा दुई नम्वर प्रदेशको कुल खर्च रू ७ अरव २७ करोड हुन जान्छ । संघको अधिकारक्षेत्रभित्र पर्ने कर, भन्सार, अदालत, कारागार र प्राय स्थानीयको कार्यक्षेत्रधिकार भित्र पर्ने जस्तै कृषि, पशु, मालपोत, सहकारी, नापी, भूमिसुधार, प्राविधिक, भूसंरक्षण, महिला तथा वालवालिका, आदि ( यी कार्यक्षेत्र प्रदेशको पनि पर्दछ तर धेरै स्थानीयको छ ।

अहिले प्रदेश अन्तगर्तका सवै सरकारी कार्यालयहरूमा अवस्थित कर्मचारीहरूको तलव भत्ता लगायत प्रशासनिक खर्चका लागि आ.व. ०७२/७३ मा कुल रू १० अरव ८२ करोड खर्च भएको छ । संविधान अनुसार कार्यानव्यन गर्ने हो भने यो भन्दा धेरै प्रशासनिक खर्च प्रदेशमा हुन्छ । मुलुकको कुल प्रशासनिक खर्चमा शिक्षाको २३.० प्रतिशत र स्वास्थ्यको ८ प्रतिशत छ । शिक्षाको प्रशासनिक खर्चमा ८० प्रतिशत जति शिक्षकहरूको तलव भत्तामानै खर्च हुन्छ । यसै गरी स्वास्थको पनि जिल्ला जनस्वास्थ्य कार्यालय, हेल्थपोस्ट र सवहेल्थपोस्टमा कार्यरत जनशक्तिका लागि हुन्छ । शिक्षामा माध्यमिक तहसम्मको अधिकार स्थानीयलाई छ । यसै गरी स्वास्थ्यमा आधारभूत स्वास्थ्य सेवाको आधिकार स्थानीय तहलाई छ । सामन्य विश्लेषणका आधारमा शिक्षा तथा स्वास्थ्यको कुल वजेट खर्चमा संघ र प्रदेशका लागि २०/२० प्रतिशत र स्थानीय तहका लागि ६० प्रतिशत छुट्याउदा खासै फरक पर्दैन । यसै गरी कुल प्रशासनिक खर्चमा रक्षाको योगदान ८ प्रतिशत छ । संविधान अनुसार यो खर्च वजेट पुरै संघका लागि हुन जान्छ । शिक्षा, स्वास्थ्य र रक्षाको बजेट कटाउँदा दुई नम्वर प्रदेशको कुल खर्च रू ७ अरव २७ करोड हुन जान्छ । संघको अधिकारक्षेत्रभित्र पर्ने कर, भन्सार, अदालत, कारागार र प्राय स्थानीयको कार्यक्षेत्रधिकार भित्र पर्ने जस्तै कृषि, पशु, मालपोत, सहकारी, नापी, भूमिसुधार, प्राविधिक, भूसंरक्षण, महिला तथा वालवालिका, आदि ( यी कार्यक्षेत्र प्रदेशको पनि पर्दछ तर धेरै स्थानीयको छ । २० प्रतिशत प्रदेशको कार्यक्षेत्रमा राख्दा उपयुक्त हुन्छ ) को खर्च घटाउदा पनि कम्तिमा रू ५ अरव प्रशासनिक खर्च प्रदेशको हुन्छ । हाल भएका कार्यालयहरूको खर्चका आधारमा गरिएको यो सामन्य विश्लेषण हो । तालिका ९ को विश्लेषणका आधारमा २ नम्वर प्रदेशको आय रू ९८ करोड १६ लाख छ । कुल प्रशासनिक खर्चमा मात्र रू ४ अरव न्यून हुन जान्छ । प्रदेश अन्तगर्तका जिल्लाको कुल खर्चको २५ प्रतिशत मात्रै व्यभारलाई प्रादेशिक तहको खर्चको आधार मान्ने हो भने पनि रू २ अरव न्यून हुन जान्छ ।

# संशोधन सुनिश्चित भएपछि नै मधेशी दल सरकारमा जानुपर्छ



**दीपेन्द्र झा**

**मुख्य न्यायाधिवक्ता, प्रदेश २**

**० मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार के-के हो ?**

– संविधानको धारा १६० ले मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार भनेर प्रदेशसभाले बनाउने भनेको छ। मुख्य न्यायाधिवक्ता प्रदेशको मुख्यमन्त्रीको कानूनी सल्लाहकार हो। त्यसैले, मुख्य काम नै मुख्यमन्त्रीलाई कानूनी सल्लाह दिने भनेर संविधानले परिकल्पना गरेको छ। त्यस्तै, प्रदेशका अन्य सरकारी निकायहरूलाई कानूनी अप्ठ्यारा भएमा, कुनै सुझाव चाहिएमा, प्रदेश सरकारको कुनै संयन्त्रमाथि मुद्दा परेमा त्यसलाई प्रतिरोध गर्ने, प्रदेश सरकारको तर्फबाट प्रतियुक्त गर्ने यही नै मूल काम, कर्तव्य र अधिकार हो।

**० प्रदेशको मुख्य न्यायाधिवक्ता र केन्द्रमा रहने महान्यायाधिवक्ताबीच के भिन्नता छ ?**

– महान्यायाधिवक्ता पूरै देशका लागि हुने नै भयो। महान्यायाधिवक्ताको काम कर्तव्य भनेको मुद्दा चल्ने/नचल्ने, फौजदारी अभियोगहरू लगायतमा उसले निर्णय गर्न पाउँछ। त्यो अधिकार मुख्य न्यायाधिवक्तालाई अहिलेको संविधानले दिएको छैन। संविधानले मुख्य न्यायाधिवक्तालाई कानूनी सल्लाहकार भनेको छ तर, अभियोजनसम्बन्धी अधिकार दिएको छैन। त्यसकारण मूल भिन्नता भनेको महान्यायाधिवक्तालाई अभियोजनसम्बन्धी अधिकार छ तर, मुख्य न्यायाधिवक्तालाई त्यो अधिकार दिएको छैन। त्यसका लागि लड्नुपर्छ। किनभने मुख्य न्यायाधिवक्ता भइसकेपछि अभियोजनको अधिकार दिनुपर्छ, नभए खासै काम हुँदैन।

**० केन्द्रकै महान्यायाधिवक्ताले प्रदेश सरकारको काम गर्न सक्छ कि सक्दैन ?**

– केन्द्रकै महान्यायाधिवक्ताले प्रदेश सरकारको काम गर्न सम्भव छैन। किनकि दैनिक धेरै कामहरू हुन्छ। व्यवहारिक हिसाबले पनि उपयुक्त हुँदैन। कतिपय कुरामा प्रदेश सरकारले केन्द्र सरकारमाथि नै मुद्दा गर्ने अवस्था आउन सक्छ अथवा अधिकार क्षेत्र बाझिएको अवस्थामा विपक्षी पनि संघीय सरकार हुनसक्छ। त्यसकारण, दुईटैको प्रतिनिधित्व एउटाले गर्न सक्दैन।

**० प्रदेश २ को मुख्य न्यायाधिवक्तामा नियुक्त भएदेखि तपाईंको योग्यतामाथि प्रश्न खडा भएको छ, के भन्नुहुन्छ ?**

– मेरो योग्यतामाथि कृत्रिम विवाद सिर्जना गरिएको हो। योग्यतामाथि प्रश्न गरेर केही साथीहरू अदालत गए, लाइसेन्सको कुरा उठाए। संविधानले लाइसेन्स मात्रै होइन, चारवटा ‘क्राइटेरिया’ दिएको छ। मानव अधिकारको क्षेत्रमा १० वर्ष काम गरेको, अध्ययन-अन्वेषण गरेको हुनुपर्छ। त्यस आधारमा म सन् २००४ देखि राष्ट्रिय मानवअधिकार आयोगमा काम गरेको हुँ। सायद, साथीहरूलाई त्यो थाहा छैन होला। त्यसकारणले सर्वोच्च अदालतले अन्तरिम आदेश दिन अस्वीकार गरेको हो। त्यो भनेको मेरो नियुक्त सहि हो भनेर अदालतले स्वीकार गरेको हो।

**० तर, तपाईंको मुद्दामा सर्वोच्च अदालतले कारण देखाउ आदेश दिएको छ नि ?**

– कारण देखाउको अर्थ के हुन्छ भने त्यसको व्याख्याको विषय हो। व्याख्या त म पनि चाहन्छु। किनभने त्यो व्याख्या भयो भने सबैका लागि बाटो खुल्छ। यो त सकारात्मक नै हो। मेरो नियुक्तिको सन्दर्भमा त्रुटि देखिएको भए सर्वोच्चले रोकिहाल्थ्यो नि। संविधान विपरीत देखियो भने अदालतले रोक्छ त। व्याख्या त हुनैपर्छ।

**० तपाईं फरार सूचीमा हुनुहुन्छ पनि हो भन्ने सुनिन्छ नि ?**

– मलाई बदनाम गर्न खोज्ने केही व्यक्तिहरूको समूहले जिल्ला अदालतमा मेरो विरूद्ध मुद्दा दर्ता गराएका छन्। त्यो के हो भने मैले फेसबुकमा मानव अधिकारआयोगको एउटा ‘स्टेटमेन्ट’ ६ महिना अगाडि सेयर गरेको थिएँ। त्यो कुरा थुप्रै जनाले सेयर गरेका छन्। त्यो ‘स्टेटमेन्ट’ सेयर गरेकोमा मुद्दा लाग्छ र ? मलाई फसाउनका लागि कसैले एउटा मुद्दा दर्ता गराएका छन्। त्यो मुद्दा दर्ताको विषयमा मलाई नै जानकारी छैन र त्यो मुद्दामा केही छँदा पनि छैन। त्यो मुद्दा पुस ३० गते दर्ता भएको हो, मलाई म्याद आएको भए म गइहाल्थे। दिनानुदिन अदालत जाने मान्छे हुँ म, बहस गर्छु। म मुख्य न्यायाधिवक्ता भइसकेपछि चर्चामा आउनका लागि त्यो कुरा निकालेर फरार भनेर हल्ला गर्दैछन्।

**० तपाईं विरूद्ध यसप्रकारका विषयहरू झिकेर तपाईंलाई विवादमा ल्याउन षड्यन्त्र भएको हो त?**

– केही मान्छे मेरो इज्जत प्रतिष्ठाप्रति नकारात्मक रूपले लागेका छन्। तर, सत्य सत्य नै हुन्छ। सत्यकै विजय हुन्छ। मानवअधिकारको प्रतिवेदन सेयर गर्दैमा यदि अपराध हुने हो भने त कोही पनि बाँकी रहँदैनन्। सबैलाई भित्र राखिदिए हुन्छ। किनभने, दिनमा हामी कयौं ‘स्टेटमेन्ट’ सेयर गरिरहेका छौं। त्यसकारण, त्यसको कुनै तुकै छैन।

**० अब मधेशको चर्चा गरौं, तपाईं मधेशबारे सूक्ष्म विश्लेषण गर्नुहुन्छ। अब निर्वाचनपश्चात् मधेशको राजनीति कुन दिशातर्फ गइरहेको छ ?**

– निर्वाचनपछि अहिले प्रदेश सरकारहरू गठन भएको छ। प्रदेशलाई बनाउन सबै मिलेर निर्माण कार्यमा संलग्न हुनुपर्छ। किनभने, त्यहाँ धेरै समस्याहरू छन् तर स्रोत छैन,। विभिन्न अप्ठ्याराहरू छन्। त्यसलाई समाधान गर्दै जानुपर्छ।

**० खासगरी, प्रदेश २ लाई समृद्ध बनाउन मुख्यमन्त्रीले प्रतिबद्धता जाहेर गर्नुभएको छ, त्यसो भए प्रदेशमा सुशासन र विकास निर्माणमा कसको भूमिका कस्तो हुनुपर्छ ?**

– राजनीतिक दलहरू, नागरिक समाजका अगुवाहरू, सञ्चारकर्मीहरू र आम मधेशी जनताहरू एक साथ मिलेर अहिले प्रतिपक्ष वा सत्तापक्ष नभनिकन सबै एक ठाउँमा आएर केन्द्रसँग शक्ति र स्रोत लिने, विकास निर्माणका कार्यहरू गर्ने, सडक निर्माणमा जोड दिने, कृषिलाई प्राथमिकता दिने लगायतका कार्यहरू गर्नुपर्छ। मुख्यत: अहिले कानून निर्माण गरेर प्रादेशिक संस्थालाई बलियो बनाउनु जरूरी छ।

**० सैद्धान्तिक कुरा गर्न सजिलो छ, तर राजनीतिक दलहरूको जुन किसिमको कार्यशैली रहिआएको छ त्यसले समृद्धिको सपना पूरा गर्न सकिन्छ ?**

– होइन, चुनौतीहरू छन्, बाटो सजिलो छैन। तर, गर्न चाह्यो भने सकिन्छ।

**० अहिले राजनीतिक दलहरूको भूमिका कस्तो देख्नुहुन्छ ?**

– खासमा मधेशकेन्द्रित दलको कुरा गर्दा अहिले केन्द्रकै सत्तामा जाने वा नजाने टुंगो लागेको छैन। केन्द्रमा सरकारमा सहभागिता जनाइसकेपछि एउटा स्पष्ट संकेत आउँछ कि कस्तो ध्रुवीकृत हुन्छ राजनीति।

**० दलहरूसँग आम जनताको भूमिका के हुनुपर्ने हो ?**

– अहिलेको अवस्था हेर्दा प्रदेशमा केही छैन, त्यसका बाबजुद हामी प्रदेशमा काम गर्न गइरहेका छौं। काठमाडौंमा आफ्नो स्थापित ल फर्म छोडेर, परिवार छोडेर प्रदेशमा आएका छु। यो बेलामा एउटा सहयोग चाहिन्छ हामीलाई। त्यसका लागि हामीलाई निरूत्साहित गर्नुको साटो प्रोत्साहन गर्नुपर्छ। काम गर्ने माहौल बन्नुपर्छ। काम गर्न गएका बेलामा विभिन्न किसिमका नकारात्मक कुरा फैलाएर मान्छेलाई हैरान गर्ने, काम गर्न नदिने, त्यो प्रवृत्तिलाई निरूत्साहित गर्नुपर्छ।

**० प्रदेश २ का सरकारको प्राथमिकता के-के हुनु पर्ने ?**

– प्रदेश २ का सरकारको अहिलेको पहिलो प्राथमिकता कानून निर्माण हो।

**० कानून निर्माणका लागि कसरी अगाडि बढ्दैछ प्रदेश सरकार ?**

– प्रदेश सरकार अहिले कानून निर्माणको प्रक्रियामा छ। जस्तै, प्रहरी, प्रशासन, लोकसेवा आयोग, कर उठाउने, महान्यायाधिवक्ताको काम-कर्तव्य-अधिकार लगायतका विषयमा हामीले कानून निर्माण गर्न कोशिस गरिरहेका छौं। कानून निर्माण गरी द्रूत गतिमा विकास लगायतका विषयमा काम गर्ने भन्ने विषयमा हामी रोडम्याप बनाउँदैछौं। त्यसमै प्रदेश सरकार अहिले केन्द्रित छ।

**० तपाईंसँग समृद्ध मधेशका लागि के सूत्र छ ?**

– हाम्रा मुख्यमन्त्रीज्यूले पाँच ‘स’ को सूत्र दिनुभएको थियो। पाँच ‘स’ भनेको सडक, शिक्षा, स्वास्थ्य, समृद्धि र सुशासन हो। यो पाँच ‘स’को सूत्रलाई नै हामी सबै मिलेर मुख्यमन्त्रीज्यूको अठोटलाई काँध थापेर अगाडि बढाउनुपर्छ।

**० तपाईं मानवअधिकारको क्षेत्रमा पनि विगतदेखि नै संघर्ष गर्दै आउनुभएको छ, मधेशमा मानवअधिकारको अवस्था अहिले कस्तो देख्नुहुन्छ ?**

– मधेशमा मानवअधिकारको अवस्था पहिलेको तुलनामा अहिले सामान्य नै छ। धेरै चुनौती पनि छैन। फाटफुट घटनाहरू भइरहेको छ। त्यसलाई विस्तारै राज्यले आफ्ना संयन्त्रहरू मार्फत नियन्त्रण गरेर जानुपर्छ। तर, पहिला जस्तो एकदमै ठूलो चुनौती छैन अहिले।

**० तपाईंले मधेशको मानवअधिकारका मुद्दा अन्तर्राष्ट्रियस्तरमा पनि उठाउँदै आउनुभएको छ। अन्तर्राष्ट्रिय समुदायबाट कस्तो प्रतिक्रिया पाउनुभएको छ ?**

– म मुख्य न्यायाधिवक्तामा नियुक्त भइसकेपछि अन्तर्राष्ट्रिय समुदायले यो प्रदेशमा कानूनी शासनमा केही परिवर्तन हुन्छ कि भन्ने आशा गरेको छ। अन्तर्राष्ट्रिय समुदायले सहकार्य गर्न तयार रहेको आश्वासन दिन थालेको छ। त्यो प्रतिबद्धता पूरा गर्न हामीसँग अब चुनौती छ।

**० यसबाट मधेशले कसरी फाइदा लिनुपर्छ ?**

– मधेशले अन्तर्राष्ट्रिय समुदायबाट विभिन्न किसिमबाट फाइदा लिन सक्छ। आर्थिक र प्राविधिक हिसाबले फाइदा दिन सकिनेछ। हाम्रा समस्याहरूमा अन्तर्राष्ट्रिय जगतले पनि सहकार्य गऱ्यो भने सजिलै काम गर्न सकिन्छ। त्यसै हिसाबले हामीले सहयोग लिन सक्छौं।

**० नेपालमा समुदायको आधारमा कानूनको प्रयोग हुने गरेको भन्ने गुनासो सनिदैं आएको छ, यसमा तपाईंको धारणा वा भोगाइ के छ ?**

– सर्वप्रथम त समुदायको कानून त हुँदैन, तर त्यसको कार्यान्वयनमा समुदायको प्रभावहरू हुनसक्छ। कानून सबैका लागि बराबरै हुनुपर्ने हो। कुनै समुदाय विशेषका लागि मात्रै कानून भन्ने हुँदैन। तर, हाम्रो देशमा कानून कार्यान्वयनमा त्यस्तो देखिएको हो। त्यसकारण, कानून कार्यान्वयन गर्ने संयन्त्रलाई हामीले सच्याउनुपर्छ।

**० तर, अहिलेकै ज्वलन्त उदाहरण हेर्ने हो भने फरार सूचीमा रहेका राजपाका सांसद् रेशमलाल चौधरीले आत्मसमर्पण गरेर थुनामा छन्, यस्तै अर्का फरार अभियुक्त प्रहरीका पूर्व एआइजी नवराज शिलवालले सांसदको शपथ ग्रहण गरेका छन्। यसले के देखाउँछ ?**

– मैले नवराज शिलवाल र रेशमलाल चौधरी दुवै जनाको मुद्दा हेरेको छु। दुईटैमा भिन्नता छन्। तै पनि रेशमलाल चौधरी सांसद भइसकेपछि उनलाई शपथ ग्रहण गर्न दिनुपर्दथ्यो, त्यसपछि उनलाई पुर्पक्षका लागि बाहिरै राखेर मुद्दाको प्रक्रिया अगाडि बढाएको भए राम्रो हुन्थ्यो।

**० यसरी दुबै जनाको मुद्दा हेर्दा समुदायको आधारमा कानूनको प्रयोग भएको भन्न मिल्छ ?**

– यसरी हेर्दा त्यस्तो देखिन्छ तर, दुईटाको विषयवस्तु एकदम गहिरोमा जाने हो भने विशुद्ध फरक छ। शिलवालको मार्कसिटमा अंक बढाएको भन्ने छ भने चौधरीको ज्यानसम्बन्धी मुद्दा छ। दुबैको मुद्दै फरक छ। तर, कानून कार्यान्वयनमा कहीं न कहीं पूर्वाग्रह भएको हो कि भन्ने कुरा जनतामा सञ्चार प्रवाह भएको छ। त्यसकारणले रेशमलाल चौधरीलाई पनि शपथ ग्रहण गर्न दिएर साधारण तारेखमा राखेर गरेको भए बढी उपयुक्त हुन्थ्यो।

**० मधेश/थरूहट आन्दोलनका घटना राजनीतिक हो भनेर तत्कालीन प्रधानमन्त्री प्रचण्डले भनिसकेको खण्डमा सांसद रेशमलाल चौधरीलाई थुनामा राख्नुलाई के भन्नुहुन्छ ?**

– लामो समयसम्म थुनामा राख्नु हुँदैन र मुद्दाको टुंगो चाँडै लगाउनुपर्छ। दुई वर्षभन्दा बढी भइसक्यो, ढिलो न्याय दिनु भनेको एक किसिमको अन्याय हो भनिन्छ। त्यसकारणले चौधरीको मुद्दालाई चाँडै टुंगो लगाउनुपर्छ।

**० मधेश/थरूहट आन्दोलनका घटनाको छानबिनका लागि गठित उच्चस्तरीय आयोगले प्रतिवेदन बुझाएको यत्रो दिन भइसक्दा पनि सरकारले प्रतिवेदन सार्वजनिक किन नगरेको होला ?**

– प्रतिवेदन त सरकारले चाँडै सार्वजनिक गर्नुपर्छ। यसका लागि सबै जनाले दबाब दिने अवस्था हुनुपऱ्यो।

**० प्रतिवेदन सार्वजनिक गराउनका लागि फोरम र राजपाको कस्तो भूमिका पाउनुभएको छ ?**

– मधेशी दलका सांसदले यो विषय संसदमा उठाउनु पऱ्यो। संसदमा राजपा र फोरमका सांसदहरूले नै प्रतिवेदन सार्वजनिकका लागि दबाब दिनुपर्छ।

**० राजपा र फोरमले अहिलेसम्म खुलेर प्रतिवेदन सार्वजनिकीकरणका लागि आवाज किन नउठाएका होला ?**

– अहिले भर्खर संसद् बनेको छ। सांसदहरूको शपथ ग्रहण सम्पन्न भएको छ। आउँदो दिनमा प्रतिवेदन सार्वजनिकका लागि दबाब नदिँदा हामीले भन्ने ठाउँ हुन्छ। संसद्को अबको बैठकमा राजपा र फोरमका सांसदहरूले कुरा उठाउनुहुन्छ भन्नेमा आशा गरौं।

**० संविधान संशोधनप्रति नेकपा एमाले सकारात्मक देखिएको छ, यसलाई कसरी लिनुहुन्छ ?**

– संविधान संशोधनका लागि अहिले सहज वातावरण बनेको छ। एमाले पनि लचक भएर आएको छ। यही बेलामा ‘हिट द ह्यामर ह्वेन आयरन इज हट’ भन्ने जस्तै गरिहाल्नुपर्छ।

**० एमालेले राजपा र फोरमलाई सरकारमा ल्याउनका लागि संशोधनको कुरा गर्दैछन् कि वास्तवमै संशोधन गर्छ त ?**

– राजपा र फोरमले संविधान संशोधन नभइ हामी मान्दैनौं भनिरहेको अवस्थामा सरकारमा मात्र सहभागी हुने होइन, संशोधनको प्रक्रिया अगाडि बढाएर जाँदा राम्रो हुन्छ।

**० जसरी फोरमले सरकारमा जाने आधिकारिक निर्णय गरेको छ, तर राजपा अहिले अनिर्णित छ। यसरी हेर्दा संशोधन भएपछि मधेशी दलहरू सरकारमा जानुपर्छ कि त्यसभन्दा पहिले ?**

– सहमति गरेर प्रक्रिया थाल्नुपर्छ। त्यसपछि मात्रै सरकारमा जाँदा राम्रो हुन्छ। सहमति मात्रै गरेर हुँदैन। प्रक्रियाको सुनिश्चितता गरेर सरकारमा जाँदा उपयुक्त होला।

**० राजपा र फोरम अहिले सरकारमा सहभागिताका लागि वाम गठबन्धनसँग छुट्टा-छुट्टै चरणबद्ध छलफलमा छन्, यसले मधेशको राजनीतिमा कस्तो असर पार्छ ?**

– यसले जनताको जुन अपेक्षा छ त्यो पूरा हुन्छ कि भन्ने थोरै आशा छ। त्यसकारणले फोरमले जसरी संविधान संशोधनको क्राइटेरिया राखेको छ, राजपाले पनि त्यही विषयलाई अझ बढी सोचका साथ अगाडि बढाएर जाँदा जनतामा संविधान संशोधन हुने खालको विश्वासको वातावरण बन्छ। यसले गर्दा सकारात्मक सन्देश जान्छ।

**० राजपा र फोरमको मागबमोजिम संविधान संशोधन हुनेमा कति विश्वास गर्न सकिन्छ ?**

–यदि अहिले भनेजस्तो सत्ताधारी दलको इमान्दारिता रह्यो भने दुई तिहाइ पुऱ्याउन गाह्रो छैन।

**० राजपा र फोरमको मुख्य माग सीमांकन सम्बोधन हुने अवस्था छ र ?**

– सीमांकनको मुद्दा तत्कालै सम्बोधन हुने अवस्था म देख्दिँन। तर, त्यसका लागि बाटो खोलिदियो भने कमसेकम भविष्यमा त्यसको सम्भावना रहन्छ।

**० अन्त्यमा, आफ्ना प्रदेशका जनसमुदायलाई के भन्न चाहनुहुन्छ ?**

– अहिले प्रादेशिक सरकारले विकास र समृद्धिका खाका कोर्दैछ। काम गर्ने वातावरणको निर्माण होस्। विभिन्न किसिमका अफवाहका पछाडि नलागी काम गर्ने वातावरण बनाउन आम जनसमुदायसँग आग्रह गर्छु। केही तत्वहरूले विभिन्न किसिमका भ्रम फैलाउन लागेका छन्। तिनीहरूको उद्देश्य काम गर्न नदिने हो। म ती तत्वहरूसँग लड्न सक्षम छु। किनभने सत्य सत्य हुन्छ, त्यो कुरामा विश्वास गर्नुस्। काम गरेर देखाउने मौका हामीलाई दिनुस्, हामी काम गरेर देखाउँछौं।

- मेरो योग्यतामाथि कृत्रिम विवाद सिर्जना गरिएको हो। योग्यतामाथि प्रश्न गरेर केही साथीहरू अदालत गए, लाइसेन्सको कुरा उठाए। संविधानले लाइसेन्स मात्रै होइन, चारवटा ‘क्राइटेरिया’ दिएको छ।
- मेरो नियुक्तिको सन्दर्भमा त्रुटि देखिएको भए सर्वोच्चले रोकिहाल्थ्यो नि। संविधान विपरीत देखियो भने अदालतले रोक्छ त। व्याख्या त हुनैपर्छ।
- कानून निर्माण गरी द्रूत गतिमा विकास लगायतका विषयमा काम गर्ने भन्ने विषयमा हामी रोडम्याप बनाउँदैछौं। त्यसमै प्रदेश सरकार अहिले केन्द्रित छ।
- रेशमलाल चौधरी सांसद भइसकेपछि उनलाई शपथ ग्रहण गर्न दिनुपर्दथ्यो, त्यसपछि उनलाई पुर्पक्षका लागि बाहिरै राखेर मुद्दाको प्रक्रिया अगाडि बढाएको भए राम्रो हुन्थ्यो।
- संविधान संशोधनका लागि अहिले सहज वातावरण बनेको छ। एमाले पनि लचक भएर आएको छ। यही बेलामा ‘हिट द ह्यामर ह्वेन आयरन इज हट’ भन्ने जस्तै गरिहाल्नुपर्छ।
- राजपा र फोरमले संविधान संशोधन नभइ हामी मान्दैनौं भनिरहेको अवस्थामा सरकारमा मात्र सहभागी हुने होइन, संशोधनको प्रक्रिया अगाडि बढाएर जाँदा राम्रो हुन्छ।

# संविधानलाई गतिशील बनाउनुपर्छ




संसदमा निर्वाचित भएर आउनुभएका सम्पूर्ण माननीयहरूलाई हार्दिक बधाई तथा शुभकामना दिन चाहन्छु। तीनजना पूर्वप्रधानमन्त्रीज्यूहरू बोलेर गइसक्नुभएको छ। उहाँहरूले भन्नुभएको सुन्दा पुराना प्रसंगहरू याद आउँछ। उहाँहरूले संविधानसभाबाट संविधानको घोषणा गर्नुभयो। त्यो बेला देशको आधा जनसंख्या सडकमा आएर आफ्ना अधिकारका लागि गोली खाइरहेका थिए। कथित रूपमा संविधान जारी भएपछि आधा जनसंख्याले त्यसलाई 'ब्ल्याक आउट' गरिरहेका थिए। काठमाडौंको एउटा कुनामा कसैले दिपावली पनि गरिरहेका थिए। त्यो दिन किन त्यस्तो हुन गयो, त्यसले छोडेका प्रभावहरू अवश्य नै चिन्ताको विषय त हुनुपर्ने हो। तथापि पनि स्थानीय तह, प्रदेश र संसदको निर्वाचन सम्पन्न गरी हामी यहाँ आएका छौं।

**संविधानमा गम्भीर त्रुटि**

संविधान एउटा राजनीतिक र गतिशिल दस्तावेज हो। २०१९ सालमा संविधान बनाउनेले पनि यो उत्कृष्ट संविधान भनेका थिए, २०४६ सालमा जनआन्दोलन भएपछि पुरानो संविधान खारेज भई नेपालको संविधान २०४७ बनाउने काम तीन पक्ष (बाम मोर्चा, नेपाली काँग्रेस र राजावादी) बाट भएको थियो। त्यो संविधानलाई पनि संसारको उत्कृष्ट संविधान भनियो र त्यही संविधान अन्तर्गत धेरै पटक चुनावहरू सम्पन्न भए। तर, १० वर्ष बित्दा-नबित्दै त्यो संविधान कतातिर ढल्यो त्यसको पत्तो भएन। अहिले हामीले जुन संविधान पाएका छौं यसको घोषणाको परिस्थिति सबेलाई थाहा नै छ। अहिले पनि संविधानमा केही राम्रा पक्षहरू छन् जस्तो संघीयता, गणतन्त्र, समावेशीता, धर्मनिरपेक्षता लगायतका केही महत्वपूर्ण पक्ष भएता पनि यो मुलुकको जुन सामाजिक र सांस्कृतिक संरचना छ, जुन विविधता छ, त्यो विविधतामा जहाँ मधेशी समुदाय, आदिवासी, जनजातिहरू, दलित, महिला, मुस्लिम, थारू अल्पसंख्यक लगायतका समुदायहरू रहेका छन्, ती समुदायहरूको दृष्टिकोणबाट हेर्दाखेरी केही गम्भीर खालका त्रुटिहरू रहेका छन्।

हामी समाजवादका कुरा गर्छौं। हामीले संविधान बनाउँदा खेरी अहिले पनि संरचनागत विभेदहरूलाई जारी नै राख्यौं। यो संरचनागत विभेद जातीय विभेदभन्दा पनि हानिकारक हुन्छन्। अझ ती समुदायले समानताको अवसर, न्यायमा समान पहुँच र सामाजिक न्यायको अनुभुति गर्न पाएका छैनन्। संविधानलाई संशोधन र परिमार्जनको माध्यमबाट रहेका कमीकमजोरी र त्रुटिहरूलाई सच्याउँदै, सुधार्दै सबै समुदायहरूले यो मेरो संविधान हो त्यसमा मेरो हक सुरक्षित छ भनेर स्वामित्व ग्रहण गर्ने र यो मेरो संविधान हो भनेर सबैले गौरव गर्ने अवस्थासम्म पुर्‍याउनु पर्दछ।

हामी कहिलेकाँही राष्ट्रियताका कुरा गर्छौ। राष्ट्रियताको भावनालाई जोडेर लैजानका लागि संविधानलाई संशोधन र परिमार्जन गर्दै अगाडि बढानु पर्ने आवश्यक्ता छ। जे हामीले बनाऔं, शतप्रतिशत ठिक छ भनेर हाम्रा नेताजीहरूले सोच्नु भएन।

**वैदेशिक नीति**

अहिले हाम्रो मुलुक अत्यन्त अल्पविकसित मुलुकमा पर्छ। जब कि हामीकहाँ प्राकृतिक स्रोत साधन सबै पर्याप्त छन् तर पनि हामी अल्पविकसित मुलुकको अगुवाई गर्न खोजिरहेका छौं। यसबाट माथि उठ्न अब हामी सबैले ध्यान दिनुपर्छ। यसबाट माथि उठ्न पार्टी-पार्टीको भन्दा पनि सबै दल र शक्तिहरूको देश विकास गर्ने मुख्य नीति हुनुपर्दछ। वैदेशिक सम्बन्धको विषयमा फलानो पार्टीको फलानो नेताले यो देशका प्रधानमन्त्रीसँग बैठक गरे भन्नेबाट मुक्त भएर यो मुलुकको साझा विदेश नीति हुन अति आवश्यक छ। यो आजसम्म नेपालमा हुन सकेको छैन।

सरकार बदल्ने बित्तिकै हाम्रा मित्र राष्ट्रहरू संशकित हुने अवस्था जहिले पनि बनिराखेको छ। जनता पनि संशकित हुन्छन्। प्रधानमन्त्रीको भ्रमण कुनै देशमा हुन लागेको छ भने के-के होला त्यहाँ, के गरेर आउँलान् भन्ने जस्ता कुराहरू मुलुक भित्र उठ्नु ठिक होइन। त्यसैले वैदेशिक सम्बन्धलाई राष्ट्रिय नीतिको रूपमा अगाडि बढाउनुपर्छ। वैदेशिक नीति, राष्ट्रिय सुरक्षा, आर्थिक विकास यी तिनवटा विषयहरूमा मुलुकको नै नीति बन्नुपर्छ।

यी विषयहरूमा मुलुकको नीति बन्न सक्यो भने छोटो समयमा नै मुलुक अगाडि बढ्न सक्छ।

**रोजगारीको सम्भावना**

अहिले पछाडि पर्केर यसो हेर्दाखेरी पञ्चायत काल र राजाको कालमा स्थापित तथा मित्रराष्ट्रले सहयोगमा दिएका र नीजि क्षेत्रमा खुलेका लगभग ३०० भन्दा बढी उद्योगधन्दाहरू अत्यन्त मुनाफामा रहेको र लाखौंलाई रोजगारी दिईरहेका कलकारखानाहरूलाई उदारवाद र नीजिकरणको नीतिले कति बेचिए, कति बन्द गर्नुपर्ने अवस्था आयो। ती उद्योगहरू पुन: सञ्चालन गरी यहाँबाट विदेश पलायन भएका र बाध्य भएर विदेश जानुपर्ने र देश निर्माण गर्न सक्ने जनशक्तिलाई मुलुकमा नै रोजगारी दिन सकिन्छ र नयाँ उद्योगधन्दा खोल्नको लागि उपयुक्त वातावरण निर्माण आजको मुख्य आवश्यकता रहेको छ।

**वैज्ञानिक भूमिसुधार**

पञ्चायतकालमा भूमिसुधार आयोग नीतिले आजको जुन भूमि व्यवस्था छ त्यसले कृषिमा निर्भर रहेको नेपालको ठूलो जनसंख्यालाई धान्न सक्दैन। अब नयाँ भूमि नीति ल्याएर कृषियोग्य जमिनलाई भूमाफियाकरण र प्लटिङ हुनबाट बचाएर कृषि क्षेत्रलाई औद्योगिकीकरण र आधुनिकीकरण गरिनुपर्छ।

हाम्रो मुलुकमा कृषिको क्षेत्रसँग जलस्रोत र पर्यटनका क्षेत्रहरू छन्। यिनलाई मात्र उपयोग गर्ने हो भने नेपालमा गरिबी, बेरोजगारीको अन्त्य र समृद्ध मुलुकको रूपमा आफ्नै क्षमताले अगाडि बढ्न सक्छ। त्यो यर्थात हामी सबैलाई थाहा छ तर पनि आजसम्मको गलत नीति, योजना र अस्थिर राजनीतिका कारणले त्यो सम्भव हुन सकेन। अब त्यस्ता दिनहरू अन्त्य भएको अनुभूति जनताले पाउनुपर्दछ।

**एकात्मक मानसिकता**

विकासको कुरा तिनैजना पूर्वप्रधानमन्त्रीज्यूहरूले गर्नुभयो। विकासको मूल आधार के हो त ? शिक्षा विकासको मुख्य आधार हो। हामीकहाँ शिक्षा क्षेत्र स्कूलदेखि लिएर विश्वविद्यालयसम्म स्तरहीन शिक्षा र गलत शैक्षिक नीतिले गर्दा २५/२६ सालदेखि हाम्रो शिक्षाको स्तर खस्केको छ। हामीले दिने शिक्षामा आमुल परिवर्तन गर्न जरूरी छ।

हामी संघीयतामा प्रवेश गरिसकेका छौं। अब मनले माने पनि चित्तले नमाने पनि यो बाटोमा छिरिसकेका छौं। अब पछाडि फर्केने अवस्था छैन। मानसिकता चाँहि एकात्मक र केन्द्रिकृत नै हो कि के हो ? पुरानो खालको मानसिकता अझै बदलिसकेको छैन जस्तो पनि कहिलेकाँही लाग्छ। प्रदेश सरकारलाई साधन, स्रोत र आवश्यक कमचारीहरू अहिलेसम्म उपलब्ध भएको छैन। प्रदेशहरूलाई कमजोर बनाएर होइन, साधन स्रोत र अधिकार सम्पन्न बनाएर मात्र संघीय गणतन्त्र सफल हुन्छ। संघीयतालाई सफलतापूर्वक कार्यान्वयनमा लैजाने चूनौती हाम्रो सामु छँदैछ।

**भ्रष्टाचारको अन्त्य**

अर्को मुख्य चूनौती भनेको भ्रष्टाचार नियन्त्रण गर्नु हो। आज संस्थागत रूपमा तलदेखि माथि, माथिदेखि तलसम्म भ्रष्टाचार हुन्छ र भ्रष्टाचारीहरू पुरस्कृत हुन्छन्। उनीहरूले ठूलो ठूलो पद पाउँछन्। यो भ्रष्टचारीतन्त्र र सँगसँगै मौलाएको कमिशनतन्त्रलाई नियन्त्रण नगरिकन मुलुक अगाडि बढ्न सक्दैन।

हामीले जतिसुकै आदर्शका कुरा गरे पनि कमिशनतन्त्र र भ्रष्टाचारीतन्त्रको जालमा जेलिएको मुलुक र आर्थिक रूपले कालाबजारबाट कालाधनहरू तयार भएको मुलुकले कहिले पनि फड्को मार्न सक्दैन। त्यसैले कालाधनको नियन्त्रण, भ्रष्टाचारको नियन्त्रण, कमिशनतन्त्रको अन्त्य र विधिको शासक अत्यन्त आवश्यक रहेको छ।

हाम्रो आयातमुखी अर्थतन्त्र छ। आयातलाई घटाउने र उत्पादन बढाएर निर्यात बढाउने तर्फ हामी कहिले अगाडि बढ्यौं ? जब कालाधनको अन्त्य हुन्छ त्यसपछि मात्र हामी अगाडी बढ्न सक्छौं। नेपाल जस्तो गरिब मुलुकमा अत्यन्त खर्चिलो सामान्य जनताले कल्पना गर्न नसक्ने खालको निर्वाचन प्रणाली छ। त्यसमा अब सुधार ल्याउनुपर्छ। अनि मात्र देशको सिस्टम सही ठाउँमा आउँछ।

हामी राष्ट्रियताका कुरा गर्छौं। नेपालमा ४ हजार भन्दा बढी विदेशी संस्था (आइएनजीओ) हरूले काम गर्दैछ। सरकारलाई थाहा छ ती कहाँकहाँ काम गर्छन् ? ती संस्थाको नाम के हो ? सरकारको रेकर्डमा केही पनि छैन। विदेशबाट सोझै विभिन्न मिसनका लागि अनुदानहरू आउँछन्। राष्ट्रबैंकमा सोध्न गयो भने थाहा हुन्न कहाँबाट आएको हो। त्यसले केही बौद्धिक वर्गलाई आर्थिक दास त बनाउन सफल हुन्छ तर त्यसको नकारात्मक प्रभाव हाम्रो संस्कृति, धर्म, भाषा, राष्ट्रिय एकतामा पनि असर पुरिहेको भन्ने कुरा हामीले ख्याल गर्दैनौ। आइएजीओहरूले काम गर्न पाउनुहुन्न भन्ने मेरो भनाई होइन। तर त्यो सरकारको निश्चित दायराबाट छिरेर सरकारको नियन्त्रण, निगरानी र रेकर्डमा रहनुपर्दछ। त्यसले ल्याउने धनहरू राष्ट्र बैंकमार्फत लगानी हुनुपर्छ।

हाम्रा सामु अनेक चूनौतीहरू छन्। अब बाम गठबन्धनको तर्फबाट माननीय केपी ओलीज्यू प्रधानमन्त्री बन्नुभएको छ। उहाँलाई यी सम्पूर्ण कार्यहरू गर्न चूनौती छ। यी चूनौतीहरू सामना गरेर अगाडि बढ्नुहोस् शुभकामना छ। असफल हुनुभयो भने अरू मुलुकहरूमा कम्युनिष्टहरू जसरी गन्हाए नेपालमा त्यस्तो कहिल्यै नहोस्। आफूसँग अनुहार मिले पनि नमिले पनि, भाषा मिले पनि नमिले पनि, खानपान मिले पनि अलि नमिले पनि, हौं त सबै नेपाली नै। अनुहार नमिले पनि त्यसलाई हामीले बेवास्ता गरेर जान सक्दैनौं। यो यथार्थ हो र यसलाई समेटेर राष्ट्रिय एकता कायम गर्नका लागि अगाडि बढ्नुस् मेरो शुभकामना।

*(संघीय संसद्को दोस्रो बैठकमा संघीय समाजवादी फोरम नेपालका अध्यक्ष यादवले गरेको सम्बोधनको अंश।)*

# प्रधानमन्त्रीले बोलेर होइन, गरेर देखाउनुपर्छ




यो अति नै महत्वपूर्ण क्षण हो। किनकि यस क्षणका लागि वर्षौंदेखि नेपाली जनता संघर्ष गरेका छन्। यो क्षणसम्म पुर्‍याउन आफ्नो ज्यानको आहूति दिने ज्ञात अज्ञात सम्पूर्ण वीर शहीदहरूप्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्न चाहन्छु। आजको दिनलाई ती वीर शहीदहरूप्रति समर्पित गर्न चाहन्छु। आजको समयका लागि शहीद दुर्गागन्द झादेखि शहीद रघुनाथ ठाकुरसम्म, आदरणीय रामराजा प्रसाद सिंहदेखि श्रद्धेय गजेन्द्र नारायण सिंहसम्मलाई स्मरण गर्नुपर्ने दिन हो। यहाँसम्म पुग्नका लागि लाखौं नेपाली जनताको धेरै ठूलो योगदान रहेको छ। त्यसैले आजको दिन ती सबै योद्धाहरूको म स्मरण गर्न चाहन्छु।

**इतिहास रचौं**

आज खुशीको कुरा छ कि गणतन्त्र नेपालमा संघीयता लागू भइसक्यो। यो यहि देश हो, जब हामी गणतन्त्रको कुरा गर्दा हामीमाथि राष्ट्रघातको आरोप लाग्दै आएको थियो। हामी संघीयताको कुरा गर्दा हामीलाई विखण्डनकारी भनिन्थ्यो। हामी समावेशीको कुरा गर्दा हामीमाथि साम्प्रदायिकताको आरोप लाग्थ्यो। तर आज खुशीको क्षण छ कि यसै जगमा त्यही गणतन्त्र, संघीयतामा हामी यहाँ उपस्थित भएका छौं र सुनौलो नेपालको परिकल्पना गरिरहेका छौं। गणतन्त्र र संघीयतामा समावेशी शासनअन्तर्गत सम्पूर्ण नेपालीहरूको कायाकल्प हुन्छ। त्यसैले, आजको दिन हाम्रो लागि धेरै भावुकपूर्ण दिन हो, अब नयाँ इतिहास रच्नुपर्छ।

नयाँ इतिहास कसरी रच्ने भन्ने कुरामा धेरै सावधानीपूर्वक अगाडि बढ्नुपर्छ। नयाँ इतिहास त्यसै रचना हुँदैन। नयाँ इतिहास बनाउनका लागि पुरानो सोच र मानसिकता त्याग गर्नुपर्छ। हामीले सबैको भावना, मान सम्मान ल्याउनु आवश्यक छ। हिमाल, पहाड, तराई वा मधेश होस्, सबैलाई आफ्नो सम्झनुपर्छ। अनि नयाँ सोचका साथ सम्पूर्ण देशवासीसँग अपनत्व कायम गर्न सक्छौं। त्यसपछि हामी नयाँ रचना गर्न सक्छौं। यसको आवश्यकक्ता छ।

प्रधानमन्त्री केपी शर्मा ओलीले नयाँ जनमत प्राप्त गर्नुभएको छ। जनताले दिएको जनमतलाई कदर गर्दै जिम्मेवारीपूर्वक अगाडि बढाउनुहुन्छ भन्ने आशा गर्छौं। जनताले एमाले र माओवादीलाई ठूलो पार्टी बनाइदिए र अब आफ्नो मुटु पनि ठूलो बनाउनुपर्छ। यो जब हुन्छ अनि मात्र देशमा सामाजिक सद्भावमा वृद्धि हुन्छ।

नेपाल र नेपाली जनताका लागि प्रगति आवश्यक छ। लडाईं झगडाको समय समाप्त भइसक्यो भनेर प्रधानमन्त्रीले भन्नुभयो तर, त्यो समाप्त गरेपछि मात्र हुन्छ। संविधान निर्माण भइसक्यो, निर्वाचन भइसक्यो भनेर विश्राम गर्नु हुँदैन। किनकि फेरी द्वन्द्व सुरू हुन सक्छ। कार्पेटमुनि फोहोर लुकाइदिँदा कोठा सफा हुँदैन। त्यसैले हामी नयाँ युगमा प्रवेश गर्नुछ।

**सबैको भावनाको कदर गरौं**

कर्णालीका जनतादेखि कञ्चनपुरसम्मका जनता जब भोकमरीले मर्दैन तब मात्र प्रगति मान्न सकिन्छ। पहाडको दुर्गम क्षेत्रमा एउटा सिटामोलको अभावका कारण कसैको ज्यान गएन भने त्यसलाई विकास मान्न सकिदैन। विकासको परिकल्पना हाम्रो आवश्यकक्ता हो। प्रकृतिले हामीलाई हरेक पूर्वाधार दिएको छ तर त्यसको सदुपयोग भइरहेको छैन। यसका साथै देशमा कुनै प्रकारको द्वन्द्व नहोस् भन्नेतिर लाग्नुपर्ने आजको आवश्यकक्ता हो। हामीले यस्तो काम गर्नु हुँदैन कि हामी केही बोल्दा अरूलाई चोट पुगोस्। हामी यस्तो अभिव्यक्ति नदिऔं कि जसले नेपालका नागरिकको भावनामा चोट पुगोस्। त्यसैले सबै नेपालीको भावनाको कदर गर्नुपर्छ।

यो विविधताले भरिपूर्ण मुलुक हो। संघीय संसद्मा शपथ ग्रहण भइरहँदा विविध संस्कृति, भाषा र भेषको झझल्को पाइयो, यसैलाई त हामीले स्वीकार गर्नुपर्ने हुन्छ। यो मुलुक कुनै एक भाषाभाषी, धर्म-समुदाय वा जात-जातिको मात्रै होइन। यसैलाई स्वीकार गर्‍यौं भने सबै समस्याको समाधान हुन्छ। सबैको आ-आफ्नै पहिचान छ। सबैको आ-आफ्नै भावना, पीडा छ। त्यसैलाई महसुस गर्नुपर्ने आवश्यकक्ता छ। कसैको पहिचानमाथि चोट पुगोस् भन्ने खालका कुनै किसिमको काम गर्नुहुँदैन।

हामी नेपाली हौं, नेपालीका साथसाथै हामी मधेशी पनि हौं। हामीलाई गर्व छ मधेशी हौं भनेर। तर, हामीलाई मधेशी भनेर सम्बोधन गर्दा पीडा हुन्छ, यसलाई पनि ख्याल गर्नुपर्छ। धोती हाम्रो संस्कृति हो, तर हाम्रो संस्कृतिलाई लिएर हामीलाई होच्याउने काम हुन्छ, त्यसैले पीडा यहाँ हुन्छ। त्यसैले यी संवेदनशील कुराहरूलाई बुझ्नु आवश्यक छ। हामीलाई त्यतिकै आफ्नो मुलुकसँग प्रेम छ जति हुम्ला-जुम्लामा बस्ने नेपालीहरूको छ। हाम्रो आफ्नो मातृभूमिसँग त्यतिकै प्रेम छ जति कि रूकुम रोल्पामा बस्ने नेपालीहरूको छ। हामी सबै नेपाली हौं, हामी सबै राष्ट्रवादी हौं। कसैले आफ्नै ढंगले राष्ट्रवादको परिभाषा गरेको पनि पाइन्छ। तर हामी 'पक्कीया' राष्ट्रवादी हामी हौं, अरू नक्कली राष्ट्रवादी हौं भन्ने भावना त्याग्नुपर्छ।

जब गोरखा र सिन्धुपाल्चोकमा भूकम्प गयो, त्यो पीडा त हाम्रो मुटुमा पनि थियो। तर, हामी पनि चाहन्छौं कि जब सर्लाही र सप्तरीमा आगलागी हुँदा त्यहाँका जनता घरवारविहीन हुन्छन् त्यो सबैले महसुस गर्नुपर्छ। हामी सबैले एक-अर्काको सुख-दु:खमा मिलेर सामना गर्नुपर्छ। एक-अर्काको पीडालाई बुझ्ने हामी प्रयास गरौं, समस्याको समाधान यही नै हो। काठमाडौंमा कुकुर पुजा हुन्छ, त्यसको सम्मान गर्छौं तर, ईद बकरीद, दीपावली, छठलगायत पर्व हाम्रो मधेशमा मनाइरहँदा, त्यसलाई पनि त्यतिकै सम्मान दिनुपर्छ।

हामी मधेशका बासिन्दाले हाम्रो पीडा काठमाडौंले महसुस गरोस्, सिंहदरबारले बुझोस् भन्ने चाहेका छौं। यो नै समस्याको समाधान हो। अहिले अब विवाद बढाउने समय होइन, नयाँ युगमा नेपाल प्रवेश गरिरहेको छ। त्यसका लागि एक-अर्काको भावनालाई बुझ्ने प्रयास गर्नुपर्छ। एकअर्काको भेषभूषा, पहिचान, अधिकार, संस्कृतिलाई सबैले आत्मसात गर्नुपर्छ। आज हामी एउटा संकल्प गरौं कि त्यस्तो अभिव्यक्ति नदिऔं जसबाट अरूको भावनामा चोट पुगोस्, यस्तो निर्णय नगरौं जसबाट अरूको अधिकार कटौती होस्।

हाम्रो अधिकार कटौती भयो, हाम्रो विरोधमा संविधान बन्यो, हामीले पाएको अधिकार पनि खोसियो, हामीसँग धोकाधडी भइरहेको छ भन्ने खालको अनुभूति कसैलाई नहोस्। यस्तो संकल्प लिऔं।

अब सडक आन्दोलन, विद्रोह लगायतको आवश्यक्ता नहुनुपर्ने हो। समस्याको समाधान हुँदा किन कसैले आन्दोलन वा संघर्ष गर्नु पर्ने आवश्यक्ता हुन्छ ? समस्या रहे पछि संघर्ष वा आन्दोलनको अवस्था सिर्जना हुन्छ। बाध्यात्मक अवस्थामा आन्दोलन गर्नु पर्ने हुन्छ। जब अत्याचार, अन्यायको पराकाष्ठा पार हुन्छ त्यसपछि त आन्दोलन, संघर्ष वा विद्रोहको विकल्प नै रहँदैन। नाकामा गएर बस्नुपर्ने अवस्थाको सिर्जना हुन्छ। दुर्भाग्यपूर्ण अवस्था नआओस्, त्यसका लागि हामी सजग रहनुपर्छ।

काठमाडौं वा सिंहदरबारले यति मात्र बुझ्नुपर्छ कि अन्य भूभागका जनता के चाहन्छ, समस्या के हो त्यसपछि त समस्या नै आउँदैन। सिंहदरवार वा काठमाडौं नै सबै थोक हो भन्ने मानसिकता रहिरह्यो भने समस्या त उत्पन्न हुन्छ नै।

समृद्ध नेपाल सबै नेपालीको सपना हो। लाखौंलाख नेपाली रोजगारीका लागि विदेश गइरहेका छन्। त्यसलाई कसरी रोक्ने ? हामीले समृद्ध नेपाल, विकसित नेपाल बनाउनका लागि नश्लीय चिन्तन हटाउनुपर्छ। नश्लीय सोच र चिन्तनबाट नेपालमा समृद्ध बन्दैन। त्यसका लागि संविधानमा जुन त्रुटिहरू छन्, त्यसलाई सच्याउनुपर्छ। प्रचण्डजीले भन्नुभयो कि हामीले प्रयास गर्‍यौं। हो, उहाँले प्रयास गर्नुभयो, धन्यवाद छ उहाँलाई। त्यो समय दुई तिहाइको चक्कर थियो, त्यसैले भएन। तर, अहिले दुई तिहाईको कुनै कुरा छैन। वाम गठबन्धन नै झण्डै दुई तिहाइको नजिक छ, हामी पनि साथ छौं। प्रधानमन्त्री ओली मुटु खोलेर जनताको समस्या समाधान गर्न तिर लाग्नुपर्छ। संविधानलाई गीता, बाइबल र कुरान बनायो भने मुलुकमा कहिल्यै शान्ति आउँदैन।

**प्रधानमन्त्रीले मुटु ठूलो पार्नुपर्छ**

यसभन्दा पहिला पनि नेपालमा ६ वटा संविधान बनिसक्यो, यो सातौं संविधान हो। पहिलाका ६ वटै संविधानको जस्तो हविगत नहोस् भनेर जनताको मागअनुसार संशोधन गर्नुपर्ने आवश्यक्ता छ। २०४७ सालको संविधान बन्दा यो विश्वकै उत्कृष्ट संविधान हो भनेर भनियो तर, त्यो पनि टिकेन। त्यसैले समयअनुसार परिमार्जन हुनु आवश्यक छ।

फोरम अध्यक्ष उपेन्द्र र हाम्रो पार्टीको संयोजकसँग प्रधानमन्त्री ओलीले कुराकानी गरिरहनु भएको छ, उहाँले संशोधन गर्छौं, सहमति गरौं भन्नुहुन्छ। यसअघि पनि २०६४ फागुन १६ गते तत्कालीन प्रधानमन्त्रीले हामीसँग सम्झौता गर्नु भएको थियो। प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला, एमालेका नेता माधव कुमार नेपाल र माओवादी अध्यक्ष प्रचण्डको साक्षी किनारामा हामीसँग आठ सूत्रीय सम्झौता गरिएको थियो। तर, जब संविधान बन्ने समय आयो हामीसँग धोका भयो। हामी सडकमा संघर्ष गर्दै रहयौं, हाम्रो छातीमाथि गोली चलाएर संविधान जारी गरिएको थियो।

संविधानमा संशोधनका लागि हामीले अत्यन्तै कठोर संघर्ष गर्नुपरेको थियो। तर, मेरो एउटा आग्रह छ कि सम्झौता त हामी पटक-पटक गर्‍यौं, दर्जनौं सम्झौता भएका छन्। त्यसैले त्यस्तो सम्झौता नगर्नुस्, जसलाई लागू नै गर्न सकिदैन। प्रधानमन्त्रीज्यू, तपाईं एउटा प्रतिबद्धता व्यक्त गर्नुस् र जनतालाई विश्वास दिलाउनुस् कि संविधान संशोधन गर्छौं भनेर। अब गरेर देखाउनुस्। सम्झौता नभएपछि केही छैन। ठूलो मुटु पारेर प्रतिबद्धता व्यक्त गर्नुस्। दुई तिहाई तपाईंसँग नै छ, त्यसमा पनि नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले संशोधनप्रति आफूहरू पहिलेदेखि नै तयार रहेको बताइसक्नुभयो। त्यसैले नयाँ रचना गर्नुस्।

अन्त्यमा, जसरी हामी निर्वाचित भएर आएका छौं, त्यसरी नै कैलाली निर्वाचन क्षेत्र १ बाट जनताको अपार मतबाट निर्वाचित सांसद् रेशमलाल चौधरी हुनुहुन्छ। उहाँमाथि लगाइएको अभियोग अहिलेसम्म प्रमाणित भएको छैन। आरोप त कसैले कसैमाथि लगाउँदैमा उ अपराधी हुँदैन। रेशमलाल चौधरीमाथि लगाइएको अभियोग सही वा गलत त्यसको फैसला पछि हुन्छ, तर जनताको अत्याधिक बहुमतबाट निर्वाचित रेशमलाल चौधरी यो संसदमा हुनुपर्ने थियो। उनी जनताका प्रतिनिधि हुन्, उनी यो संसदमा उपस्थित हुने वातावरण बनाउनुपर्छ। यो माग र आग्रह पनि हो।

*(संघीय संसदको दोस्रो बैठकमा राजपा नेपालका नेता महतोले गरेको सम्बोधनको मुख्य अंश)*

# जनकपुरको दिगो विकासका लागि परिषद्द्वारा कार्ययोजना प्रस्तुत




*दीगो विकासको परियोजनाबारे प्रकाश पार्दै परिषद्का सदस्य तथा सामाजिक अभियन्ता सरोज राय ।*

जनकपुरधाम । जनकपुर उपमहानगरपालिकाको सभाकक्षमा तराई मधेश राष्ट्रिय परिषदको आयोजनमा जनकपुरको दिगो विकास सम्बन्धित ‘A step towards Sustainable Development कार्यक्रम सम्पन्न गरिएको छ । कार्यक्रममा परिषदका सदस्य सरोज राय र अजीत श्रिवास्तवले संयुक्त रूपमा दिगो विकास माथी प्रस्तुती दिएका थिए ।

कार्यक्रमको पहिलो चरणमा सरोज रायले विगतमा परिषद्ले सामाजिक क्षेत्रमा गर्दै आएको कामहरूबारे पावरप्वाइन्ट मार्फत प्रस्तुति दिए र आउने दिनमा जनकपुरको विगासको लागि परिषद तयार रहेको बताए ।

दोस्रो चरणमा नेपालबाट वातावरण व्यवस्थापन र निदरलैण्डबाट शहरी विकास तथा व्यवस्थापनमा छात्रवृतिबाट MSc गरेका अजित श्रिवास्तव दिगो विकासको विभीन्न कम्पोनेन्टसबारे जानकारी गराउँदै स्मार्ट सिटी, फोहोर व्यवस्थापन, खुल्ला स्थान र ग्रिन पार्क वारे विस्तृत जानकारी पावरप्वाइन्ट मार्फत प्रस्तुती दिए ।

तेस्रो चरणमा सरोज रायले तत्काल जनकपुरमा गर्न सक्ने कार्यहरूको पन्च वर्षिय रोडमैप सहितको कार्य योजना प्रस्तुत गरे। अगाडी रायले जनकपुरको स्थानिय अजित श्रिवास्तवको अध्यन, अनुसंधान र अनुभवलाई जनकपुरको दिगो विकासमा लगाउने र सबै सरोकारवालाको साथ मिलेर :बपष्लन व्लबपउगच अभियान चलाउने योजना रहेको बताए। अभियान मार्फत समाजमा विभीन्न समाजिक जागरूकताको कार्यक्रम चलाउने र समुदायलाई दिगो विकासको लागि जोडेर आफुहरू अगाडी बढ्ने योजना रोडमैप सहित रायले प्रस्तुत गरे ।

यस अभियान अन्तर्गत सरोकारवालाले अवसर दिए कसरी फोहर मैला व्यवस्थापन र शुरूवातमा बारह विघालाई ओपेन स्पेश र ग्रिन पार्कको रूपमा विकास गर्न सकिन्छ भनेर अजितले विस्तृत रोडमैप प्रस्तुत गरे। निदरलैण्डमा अध्यनको बेला अजितले बारहविघा माथी नै थेसिस गरेका थिए ।

कार्यक्रममा प्रदेश न.२ का आन्तिक मामिला र कानुन मन्त्रि ज्ञानेन्द्र यादव, विधायक परमेश्वर साह, मेयर लाल किशोर, उपमेयर रिता झा, अर्थ शास्त्री डा. भोगेन्द्र झा, भूपू मेयर बजरंग साह, प्रो. सुरेन्द्र राय, महिला फोरम केन्द्रिय सदस्य विन्दु यादव, बाल आश्रमको आलोक बाबा, वार्ड अध्यक्षहरू, विभीन्न पार्टीका पदाधिकारी लगायत सरोकारवालाहरूको उल्लेखनिय उपस्थिती थियो ।

कार्यक्रमको अन्तिममा माननिय मन्त्रि यादव अभियान प्रति सकारात्मक सोच राख्दै आफ्नो मन्त्रालय यस्ता अभियानको एउटा अभिन्न अंग भएकोले पूर्ण साथ दिने प्रतिवद्धता गरे। यस्तै, अर्थ शास्त्री डा. भोगेन्द्र झाले यस कार्यक्रमको प्रस्तुति वैज्ञानिक तरिकाले भएका र प्रस्तुत रोडमैपमा गर्न सक्ने कार्यलाई मात्र प्रस्तुत गरेकाले आयोजकलाई बधाई दिदैं सरोकारवालालाई साथ दिन आग्रह समेत गरेका थिए ।

मेयर लाल किशोर साहले यो कार्यक्रम जनकपुरको लागि अति महत्वपूर्ण भएकोले शुरू देखि नै आयोजकलाई सहयोग गर्दै आएको र प्रस्तोतकर्तालाई धन्यवाद दिए ।

जनकपुरको विकाशको लागि आफुहरू विगत ६ महिना देखि मेयर संग सहकार्य गरि राखेको र कार्यक्रम आयोजनमा मेयरबाट पूर्ण सहयोग पाएको जानकारी आयोजकले गराए। अगाडी ‘मेकिगं जनकपुर’ अभियानलाई शुरू गर्न सरोकारवाला संग पहल अगाडी बढाउने योजना आयोजकको रहेको छ ।

# महोत्तरीमा निरन्तर शिक्षा कार्यक्रम सुरू

जलेश्वर । निरन्तर शिक्षा कार्यक्रमको महोत्तरीमा बुधबारदेखि विधिवत् रूपमा सुरूवात गरिएको छ । फागुन १५ गतेदेखि नै निरन्तर शिक्षा सुरू भएपनि जिल्लाको सदरमुकाम जलेश्वरसहित मटिहानी नगरपालिकामा आयोजना गरिएको एक कार्यक्रमबाट विधिवत रूपमा यो कार्यक्रमको महोत्तरीमा शुभारम्भ गरिएको हो ।

चार महिनासम्म जिल्लामा रहेको सामुदायिक अध्ययन केन्द्र मार्फत निरन्तर शिक्षा कार्यत्रम सञ्चालन गरिने महोत्तरीका जिल्ला शिक्षा अधिकारी ठुलोबाबु दाहालले जानकारी दिए ।

उनले जिल्लाको २ सय ११ कक्षाकेन्द्र मार्फत जिल्लाको चारहजार भन्दा बढीलाई साक्षर गर्ने बताउँदै फागुन १५ गतेदेखि नै यो सुरू भएपनि बुधबारदेखि विधिवत् रूपमा कक्षा सुरू भएको जानकारी दिए । उनले सबभन्दा बढी ४२ केन्द्र सदरमुकाम जलेश्वरमा राखिएको जानकारी समेत दिए ।

औपचारिक शिक्षाबाट बन्चित रहँदै आएका १५ वर्षदेखि ६० वर्ष उमेर समूहका महिला तथा पुरूष सबैलाई कक्षामा सहभागी गरिने र एउटा कक्षामा २० जनालाई मात्रै शिक्षण गरिने राजदेवी सामुदायिक सिकाई केन्द्र जलेश्वरका अध्यक्ष गजेन्द्र गुप्ताले जानकारी दिए ।

कक्षाकोठामा सहभागीहरूलाई घरपरिवार चलाउन आवश्यक पर्ने ज्ञानका साथसाथै सरसफाईको ज्ञान समेत दिइने सो कार्यक्रमलाई विधिवत् रूपमा उदघाटन गर्दै जिल्ला समन्वय समितिका संयोजक तथा अनौपचारिक शिक्षा समिति महोत्तरीका संयोजक सुरेशप्रसाद सिंहले जानकारी दिए । राजदेवी सामुदायिक सिकाई केन्द्र जलेश्वर र सामुदायिक सिकाई केन्द्र मटिहानीको आयोजनामा गरिएको कक्षा शुभारम्भ कार्यक्रमको उदघाटन गर्दै संयोजक सिंहले मोबाइल चलाउन, क्यालकुलेटर चलाउन यो कक्षाले सहयोग पुर्याउनुका साथै सिकाई साक्षर भएकाहरूलाई पढ्न लेख्नमा उत्प्रेरित गर्नका लागि पुनर्ताजगी कार्यक्रम भएको बताए ।

कक्षामा निरन्तर रूपमा सहभागी भई महोत्तरीलाई साक्षर र सरसफाई जिल्ला बनाउन आग्रह गर्दै उनले यसका लागि सबैपक्षले सहयोग गर्नुपर्ने आवश्यकतामा जोड दिए । यस्ता कार्यक्रमले स्थानीयस्तरमा गरिने आयमूलक कार्यक्रममा समेत फाइदा पुग्ने संयोजक सिंहको कथन थियो ।

निरन्तर शिक्षामा सहभागी हुने विद्यार्थीहरूलाई किताब, काँपी, पेन्सिलसहितका सामग्रीहरू समेत प्रमुख अतिथी रहनुभएका संयोजक सिंहले हस्तान्तरण गरि कक्षाको शुभारम्भ गरेका थिए ।

शुभारम्भ कार्यक्रममा शिक्षा कार्यालयका शाखा अधिकृत अरूणशंकर पाठक, मटिहानी नगरपालिकाका उपमेयर शिवु देवी, राममावि मटिहानीका प्रधानाध्यापक चन्देश्वर मण्डल, राजकिय संस्कृत माध्यमिक विद्यालय मटिहानीका प्रधानाध्यापक ईश्वरी पौडेल, नेपाल पत्रकार महासंघका अध्यक्ष कमलेश मण्डल, नेपाल शिक्षक महासंघका उपाध्यक्ष लालबाबु यादव, जलेश्वर नगरपालिका वडानं. २ वडाअध्यक्ष वरूण दाहाल, गणेश प्राविका प्रधानाध्यापक विष्णु चौधरी, सामुदायिक सिकाई केन्द्रका अध्यक्ष श्यामकुमार मण्डललगायतका उपस्थिती रहेको थियो ।


# उपभोक्ता वर्गमा अनुरोध

१. कारोबार स्थलमा साइबोर्ड, मूल्यसूचि भए नभएको हेरौं साथै प्याकिङ्गमा अधिकतम् खुद्रा मूल्य MRP भए नभएको हेरौं ।
२. प्याकिङ सामानमा लेवल उत्पादकको नाम, ठेगाना र वस्तुको ब्याच नम्बर, तौल, उत्पादन मिति, उपभोग्य मिति हेरेर मात्र सामान खरिद गरौं ।
३. उत्पादन मिति, उपभोग्य मिति नभएको वा केरमेट गरेको वा पुनः लेवलिङ गरेको वस्तु खरिद नगरौं ।
४. वस्तु उत्पादन गर्दा प्रयोग भएको कच्चा पदार्थ, भण्डार विधि, उपयोग गर्ने तरिका छ/छैन हेरौं ।
५. औषधि तथा औषधिजन्य पदार्थहरूको प्याकिङमा उपभोग्य मिति र प्रयोग गर्ने तरिका छ/छैन हेरौं ।
६. सामान खरिद गर्दा बिल पाउनु उपभोक्ताको अधिकार हो । वस्तु तथा सेवा खरिद गर्दा अनिवार्य रूपमा प्यान वा भ्याट बिल लिने गरौं ।
७. अखाद्य वा कमसल उपभोग्य वस्तु तथा सेवाको बिक्री वितरण भएको पाइएमा स्थानीय प्रहरी कार्यालय वा जिल्ला प्रशासन कार्यालय वा यस विभागमा उजुरी गरौं ।

नेपाल सरकार
आपूर्ति मन्त्रालय
आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभाग
भद्रकाली प्लाजा, काठमाडौं


## संसदीय दलका नेतामा उपेन्द्र

काठमाडौं । संघीय समाजवादी फोरम नेपालको संसदीय दलको नेतामा अध्यक्ष उपेन्द्र यादव सर्वसम्मतबाट चयन भएका छन् । संघीय फोरमको बुधबार बसेको संसदीय दलको बैठकले अध्यक्ष यादवलाई दलको नेतामा सर्वसम्मतले चयन गरेको हो । यादवलाई संसदीय दलको नेताका लागि महासचिव रामसहाय यादवले प्रस्ताव गरेका थिए भने प्रस्तावमा सबैले सहमति जनाएका थिए ।

## मुस्लिम संघको महाधिवेशन चैतमा

काठमाडौं, । नेपाली काग्रेस निकट मुस्लिम संघ नेपालको दोस्रो राष्ट्रिय महाधिवेशन आगामी चैत २५ र २६ गते हुने भएको छ । संघको पहिलो महाधिवेशन वि.सं. २०६८ सालमा भएको थियो । महाधिवेशनमा जिल्ला अध्यक्ष र सचिव तथा हरेक निर्वाचन क्षेत्रबाट एक एक जना ४०० भन्दा बढी प्रतिनिधिको सहभागिता रहने जनाइएको छ । महाधिवेशनले आगामी दुई वर्षका लागि संघको नेतृत्व चयन गर्नेछ । विसं २०६६ मा स्थापित संघको ४३ जिल्लामा संगठन रहेको छ ।

## मधेश अपडेट

### “विकासका लागि केन्द्रको मुख ताक्नु पर्दैन”

चन्द्रकान्त खनाल, रूपन्देही । नेपाल राष्ट्र बैंकका गर्भनर डा. चिरञ्जीवि नेपालले प्रदेश नम्बर ५ मा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण हुनु गौतमबुद्धको जन्मस्थल लुम्बिनी प्रदेश ५ मा भएकाले पनि पर्यटन विकासको राम्रो सम्भावना रहेको बताएका छन् । यस क्षेत्रको विकास अब केन्द्रको मुख नताकि प्रदेश सरकारले नै आर्थिक स्रोतहरूको उचित परिचालन गरि विकास गर्न आवश्यक रहेको बताएका छन् । सिमेन्ट उद्योग र पर्यटन उद्योगको विकास गर्नका लागि सहि नीति र प्रदेश सरकारको सहि योजना आवश्यक छ गर्भनर नेपालले भने ।बिजनेश न्युज मिडिया प्रालिद्धारा आयोजना गरिएको कार्यक्रममा बोल्दै डा नेपालले उक्त कुरा बताएका छन् ।

### शिक्षा क्षेत्रलाई हस्तक्षेप मुक्त बनाइने : राउत

जनकपुरधाम । प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले राजनीतिक हस्तक्षेपबाट मुक्त गर्ने शिक्षा नीति ल्याउने घोषणा गरेका छन् । प्यावसन प्रदेश नं. २ को प्रथम साधारणसभा तथा सम्मान कार्यक्रमलाई जनकपुरमा सम्बोधन गर्दै मुख्यमन्त्री राउतले वर्तमान शिक्षा नीतिले विकास सम्भव नरहेको बताए । उनले सामुदायिक विद्यालय सत्तारूढ दलको कार्यकर्ता भर्ना गर्ने थलो बनेको बताउँदै यसको अन्त्य गर्ने नीतिको आवश्यकता रहेको बताए । मुख्यमन्त्री राउतले योग्य र सक्षम शिक्षक भएपनि सामुदायिक विद्यालयको पठनपाठन स्तरीय बन्न नसकेको गुनासो गरे । शिक्षकहरू पार्टीको पछि लागेकाले सामुदायिक विद्यालयमा पठनपाठनको स्तर खस्किँदै गएको उनको कथन थियो । मुख्यमन्त्री राउतले शिक्षा क्षेत्रमा माफियाको वर्चश्व बढ्न नदिन वर्षौंपिच्छे भइरहेको पाठ्यक्रम परिवर्तन रोक्नुपर्ने धारणा व्यक्त गरे । कार्यक्रममा आर्थिक मामिला तथा योजनामन्त्री विजयकुमार यादवले प्रदेश शिक्षित भए सबै क्षेत्रको विकास हुने बताए ।

### अवधी भाषामा सपथ लिए सांसद् राईन

नेपालगन्ज । प्रतिनिधीसभामा बाँके क्षेत्र नम्बर २ बाट निर्वाचित सांसद मोहम्मद ईस्तियाक राईनले आईतबार अवधी भाषमा सपथग्रहण गरेका छन् । राईले आफ्नो मातृभाषामा सपथग्रहण गर्नुलाई बाँकेबासीले सकारात्मक रूपमा लिएका छन् । यसअघि पनि राईले २०६४ मा सांसद र मन्त्री हुँदा पनि अवधी भाषामा सपथ ग्रहण गरेका थिए । आइतबार राईले संसद सचिवालयमा निवेदन दर्ता गराएर अवधी भाषामा सपथ ग्रहण गरेका हुन् । बाँके लगायतका पश्चिम तराईका जिल्लालाई अवधी भाषी जिल्लाको रूपमा चिनिन्छ । राईले अवधी भाषामा सपथ ग्रहण गरेपछि मातृ भाषा अवधीको प्रचारप्रसारमा सहयोग पुग्ने अवधी भाषी जानकारहरूको बुझाई रहेको छ । अवधीभाषामा सपथग्रहण गर्ने राई एकमात्र सांसद हुन् । संसदन सचिवालयका अनुसार आइतबार बिभिन्न पार्टीबाट निर्वाचित सांसदहरूले आ-आफ्नो मातृभाषामा सपथग्रहण गरेका छन् ।

### सयदिने कार्यक्रम सार्वजनिक

विराटनगर । नागरिकका समस्यालाई प्राथमिकतामा राखेर प्रदेश नं. १ को सरकारले एक सय दिने कार्यक्रम सार्वजनिक गरेको छ । मुख्यमन्त्री शेरधन राईले प्रदेशमा सुशासन, स्थायित्व र समृद्धिका लागि सरकार र प्रदेशसभा प्रतिबद्ध रहेको बताएका छन् । मंगलबार प्रदेश सरकारको सयदिने कार्यक्रम सार्वजनिक गरिएको छ । सरकारको सय दिनको कार्यक्रमलाई सार्वजनिक गर्दै मन्त्रालयको भौतिक संरचना, वित्तीय साधनस्रोत र मानव संसाधनको विकासमा समन्वयकारी भूमिका निर्वाह गर्नुका साथै सरकारको आवश्यक कानून, अल्पकालीन नीति तथा रणनीति तयार पारी सोको कार्यान्वयन गर्ने जानकारी दिइएको छ । प्रत्यक्ष रूपमा सरोकार राख्ने निकायहरूमा गुनासो सुन्ने अधिकारी, नागरिक हेल्प डेस्क, वडापत्र, विद्युतीय डिस्प्ले सूचना बोर्ड र सूचना केन्द्र स्थापना गर्नुका साथै महिनामा एकपटक नागरिक सुनुवाइ कार्यक्रम सञ्चालन गरिने छ ।

### कानफ्रेन्स सम्पन्न

**इमरान खान**, कपिलवस्तु । कपिलवस्तु जिल्लाको कृष्णनगर नगरपालिका वडा नं. १० औरहवामा फैजाने हजरत गफूर शाह कानफ्रेन्स सम्पन्न भएको छ । भू. पू. मंत्री ईश्वर दयाल मिश्रा तथा नेकपा माओबादी केन्द्रका नेताएवम टेक्सी समितीको अध्यक्षजावेद खाँ उक्त कार्यक्रममा पुगी बाम गठबन्धनको तर्फबाट आयोजक समिति तथा टाढा-टाढाबाट आएका जनसमुदायहरू लाई गफूर शाह जस्तै बन्नलाई सल्लाह दिँदै धन्यबाद दिएका थिए । फैजाने हजरत गफूर शाह कानफ्रेन्स कार्यकममा भारतको उत्तर प्रदेशको बिभिन्न जिल्ला बाट ठूला ठूला मौलाना तथा सायरहरूको उपस्थिति थियो । फैजाने हजरत गफूर शाह कानफ्रेन्सकार्यक्रम बाबा गफूर शाहको हकमा भएको थियो । यो कार्यक्रमको मुख्य उद्देश्य हाम्रो देश तथा समाजमा भई रहेकोनराम्रो कार्यमा सुधार ल्याउनालाई भनि सल्लाहको कार्यक्रम थियो ।

### थारूमाथिको विभेद कायमै छ : सांसद् थारू

धनगढी । राष्ट्रिय जनता पार्टी नेपालका तर्फबाट प्रदेश नं. ७ को प्रदेशसभा सदस्य मालामती राना थारूले राज्यले थारूहरूमाथिको विभेदलाई कायमै राखेको आरोप लगाएकी छन् । मंगलबारको प्रदेशसभा बैठकमा सांसद् थारूले कैलाली १ बाट अत्याधिक मतबाट विजयी प्रतिनिधिसभा सदस्य रेशमलाल चौधरीसँग अन्याय भएको जिकिर गरिन् । उनले कीर्ते अभियोग लागेका एमालेका सांसद नवराज सिलवाललाई शपथ ग्रहण गराउने तर कैलालीबाट निर्वाचित रेशमलाल चौधरीलाई शपथ ग्रहण नगराई राज्यबाट थारू समुदायलाई विभेद गरिएको धारणा राखेकी थिइन् ।

### मुख्यमन्त्री भट्टले पाए विश्वासको मत

कैलाली । प्रदेश नं. ७ को सरकारका मुख्यमन्त्री त्रिलोचन भट्टले प्रदेश सभाको बैठकबाट विश्वासको मत पाएका छन् । नेपालको संविधानको धारा, १६८ को उपधारा, ४ बमोजिम मंगलबार प्रदेशसभाको बैठकबाट विश्वासको मत प्राप्त गरेका छन् । मुख्यमन्त्रीको प्रस्तावको पक्षमा ३८ प्रदेशसभा सदस्यले मत जाहेर गरेका छन् । प्रस्तावको विपक्षमा १० मत परेको थियो । प्रस्तावको पक्षमा एमाले र माओवादी केन्द्र उभिएका थिए भने विपक्षमा नेपाली काँग्रेस र राष्ट्रिय जनता पार्टी थिए । प्रदेश सभामा कूल ५३ प्रदेश सदस्य छन् ।

### अग्नि नियन्त्रकलाई उच्च तहको तालिम

बाँके । प्रदेश नं ५ र कर्णाली प्रदेशका अग्नि नियन्त्रक र दमकल चालकका लागि उच्च तहको तालिम आयोजना गरिएको छ । नगरपालिका क्षेत्रीय अध्ययन केन्द्रको आयोजनामा सञ्चालित १० दिने उक्त तालीममा एड्भान्स फायर फाइटिङ, उद्धार, हजमत ह्याण्डिङसम्बन्धी ज्ञान, दमकलको परिचालन, चुनौती, अग्नि नियन्त्रण, केमिकलबाट हुने आगलागी नियन्त्रण, मानव उद्धार, होज, पम्प, ल्याडरको प्रयोग, व्यक्ति सुरक्षा, सामग्रीको सही प्रयोगलगायत विषयमा तालीम दिइनेछ । सहभागीलाई अन्तर्क्रियात्मक, प्रदर्शन, परिदृश्य र प्रयोगात्मक रूपमा समेत प्रशिक्षित गरिनेछ । तालीममा बाँके, बर्दिया, सुर्खेत, दाङ र दैलखका उपमहानगरपालिका र नगरपालिकाका अग्नि नियन्त्रक र दमकल चालक गरी २५ जनाको सहभागिता छ ।

### पाँचौ प्राचीन कपिलवस्तु महोत्सव जारी

मणि प्रसाद गैह्रे, कपिलवस्तु । पाँचौ प्राचीन कपिलवस्तु महोत्सव उत्साहपूर्वक जारी रहेको छ । महोत्सवको चौथो दिन, लोक दोहरी गायक सम्झना भण्डारी लगायत अन्य कलाकारहरूको प्रस्तुती रहेको थियो । लोक तथा दोहोरी गायन, नटराज डान्स ग्रुप बुटवल र स्थानीय कलाकारहरूको बेजोड प्रस्तुती रहेको आयोजकले जनाएको छ । त्यस्तै, स्थानीय तथा भारतीय कलाकारहरूको समेत प्रस्तुती रहेको महोत्सव सास्कृति उप समिति संयोजक अर्जुन चापागाईले बताए । स्थानीय कलाकार विनय कशौधन र सदिप दुवेको समेत प्रस्तुती थियो । कपिलवस्तु जिल्लाको समग्र विकासको आधार धार्मिक स्थलहरूको प्रर्वद्धन, पर्यटन, कृषि उद्योग र व्यापार भन्ने मुल नाराका साथ पाचौं प्राचिन कपिलवस्तु महोत्सव २०७४ को तेस्रो दिन ३ लाख ५० हजार बराबारको कारोवार, १० हजार दर्शकहरूद्वारा मेलाको अवलोकन गरेका थिए तेस्रो दिन मगलबार पनि दर्शकहरूको उत्साहजनक उपस्थिती रहेको थियो ।

# गुजरातको 'मोदिनोमिक्स' एक चर्चा

सन् २०१२ को सेप्टेम्बरमा वाल स्ट्रिट जर्नलले गुजरातका तत्कालीन मुख्यमन्त्री नरेन्द्र मोदीलाई एउटा प्रश्न गर्यो( गुजरातमा महिलाहरूमा पोषणमा निकै कमी देखिएको छ, किन होला? त्यसबेलै गुजरातलाई 'चर्चायोग्य' बनाइसकेका मोदीले जवाफ दिए( 'किनभने गुजरातीहरू शाकाहारी हुन् । अनि यहाँका मध्यम बर्ग आफ्नो स्वास्थ्यलाई भन्दा आफ्नो लुक्स तथा वेटलाई लिएर चिन्तित हुन्छन् ।' सन् २००१ देखि २०१४ सम्म गुजरातलाई मुख्यमन्त्रीको हैसियतमा हाँकेका मोदीको यो तर्कको कडा आलोचना भयो । तर मोदीले गुजरातलाई बुझेका थिए । र त उनले जुन भिजनका आधारमा गुजरातमा विकासको जग बसाए त्यहि जगमा उभिएर गुजरात फेरियो । मोदीको विकासको मोडेल 'गुजरात मोडल'का नामले विश्वभर प्रसिद्ध भयो ।

हाल प्रधानमन्त्रीका रूपमा भारतलाई नेतृत्व दिइरहेका मोदीले गुजरातमा लागु गरेको विकासको मोडेलका आधारमा 'मोदिनोमिक्स' शब्द नै क्वाइन भएको छ । भारतीय जनता पार्टीको वेवसाइटमै लेखिएको छ -'गुजरात मोडलको भिजन भनेको पूर्ण रोजगारी, कम महंगाई, ज्यादा कमाइ, तीब्र गतिको आर्थिक विकास, गुणस्तरीय शिक्षा, सुरक्षा र उत्कृष्ट जीवनस्तर हो ।' सन् २०१४ मा भारतले 'गुजरात मोडल'को वकालत गर्ने नरेन्द्र मोदीलाई नै प्रधानमन्त्रीको रूपमा पाए । उनले भारतको प्रधानमन्त्रीका रूपमा उम्मेदवारी दिन लाग्दा पनि मोदीको नीति अनुसार हासिल भएको गुजरातकै सफलताको कथालाई चुनावी प्रचारको बिषय बनाइएको थियो ।

प्रधानमन्त्री मोदी सन् २००१ देखि २०१४ सम्म गुजरातका मुख्यमन्त्री थिए । मोदीले गुजरातमा सडक, उर्जा र पानी आपूर्ति जस्ता आधारभूत सुविधाहरूमा धेरै नै लगानी गरे । भारतको ग्रामीण विकास मन्त्रालयका अनुसार सन् २००० देखि २०१२ सम्ममा गुजरातमा झण्डै तीन हजार ग्रामीण सडक परियोजनाहरू पूरा भएको थियो । यसबाहेक सन् २००४र०५ तथा सन् २०१३र१४ को बीचको अवधिमा प्रतिब्यक्ति उपलब्ध बिजुलीमा ४१ प्रतिशतले बृद्धि भएको छ । गुजरातले सन् २०१२ देखि सरप्लस बिजुली उत्पादन गरिरहेको छ । १८ हजार गाउँहरू ग्रिडसँग जोडिएका छन् । गुजरातको नीति नै यस्तो छ कि त्यहाँ कुनै पनि सरकारी नीतिले ब्यावसायिक प्रगतिमा अवरोध गर्दैनन् । र त मोदीले हाँकेका बखत गुजरातको औसत जिडिपी (सन् २००० देखि २०१०सम्म) ९.८ प्रतिशत रह्यो जसबेला पूरै भारतको औसत विकास दर ७.७ प्रतिशत मात्र थियो ।

गुजरातमा मोदीले इ गवर्नेन्सलाई प्रभावकारी बनाए । जसबाट प्रदेशमा भ्रष्टाचरामा कमी आयो । गुजरात मोडलले सुशासनका पक्षमा रहेको एक 'तटस्थ बिचार'का रूपमा ख्याती कमाएको छ । गुजरात सरकारले सुशासन कायम गरेकोमा धेरै पटक अवार्ड समेत जितिसकेको छ । अक्सफोर्डबाट प्रकाशित किताब 'ग्रोथ अर डेवलपमेन्ट ह्विच वे इज गुजरात गोइङ'मा उल्लेख भए अनुसार गुजरातले आर्थिक विकासका लागि यस्तो नीति बनाएको छ कि अब जुनसुकै सरकार आए पनि गुजरातको सम्बृद्धिमा असर पर्दैन । उनै मोदी प्रधामन्त्री भएकै बखत सन् २०१७ मा भारतलाई पहिलोपटक विश्व बैंकले ब्यापार सुगमता भएको देशको टप १०० देशको सूचिमा राख्यो । मोदीलाई 'बिजनेस फ्रेन्डली' नेता मानिन्छ । गुजरातमा म्यानुफ्याक्चरिङ सेक्टरको विकासले के संकेत गरेको छ भने मोदीले गुजरातमा लगानीको उत्कृष्ट वातावरण बनाइदिएका छन् ।

लगानीका लागि गुजरातमा परमिट लाइसेन्स तथा पर्यावरणसँग जोडिएका औपचारिकताहरू पूरा गर्न कानुनी अड्चनहरू राखिँदैन । लगानीकर्ताहरूलाई आकर्षित गर्ने र मनोबल बढाउने कुरामा मोदीले कुनै कसर बाँकी राखेनन् । पश्चिम बंगालमा लामो समयदेखि बिबादका बीच



संचालनमा रहेको टाटा मोटर्सको नानो कार प्लान्ट सन् २००८ मा पश्चिम बंगालबाट गुजरातको साणन्दमा सिफ्ट भयो । पश्चिम बंगालको सरकारले जग्गाको मामिला सुल्झाउन नसक्दा जनताको बिरोध थेग्न नसकेर प्लान्ट नै बन्द गर्नुपर्यो तर गुजरातमा अहिले फोर्डले पनि प्लान्ट सुरू गरिसकेको छ । मोदीले फोर्ड, सुजुकी तथा टाटा जस्ता ठूला कम्पनीहरूलाई गुजरातमा प्लान्ट लगाउने अनुमति दिएर अटो म्यानुफ्याक्चरिङ इन्डस्ट्रीमार्फत गुजरातमा पर्याप्त अवसर भित्र्याएका छन् ।

गुजरात भारतको सबैभन्दा औद्योगिकृत राज्य हो । पश्चिमी तटमा रहेको फाइदा पनि यसले उठाइरहेको छ । भारतको जनसंख्याको ५ प्रतिशत आवादी रहेको गुजरातमा देशको कुल क्षेत्रफलको ६ प्रतिशत जमीन छ । पानी नपर्ने समस्या भोग्ने गुजरातमा खेती गर्न त्यति सहज छैन तर पनि भारतको कुल निर्यातको २२ प्रतिशत गुजरातबाटै हुन्छ । हाल गुजरातको जिडिपी ७.६ प्रतिशत छ । लामो तटक्षेत्रका कारण अन्तराष्ट्रिय ब्यापार धेरै नै सुगम छ । भारतको एक तिहाइ समुद्री जहाज गुजरातकै तट भएर जाने गर्छ । गुजरातले पूँजी आकर्षित गर्नकालागि दिल्लीमा मात्र होइन मुम्बइ, चेन्नइ, कोलकाता तथा दक्षिण अफ्रिकामा समेत आफ्नो कार्यालय स्थापना गरेको छ । यसबाट गुजरातले उद्योग मन्त्रालयहरूसँग निजी सम्पर्क स्थापित गर्न सक्छ ।

सन् २०१० मा फोर्ब्सले जारी गरेको विश्वमा तिब्र बिकास भैरहेका शहरहरूको सूचिमा गुजरातको अहमदाबाद शहरलाई तेस्रो नम्बरमा राखेको थियो । गुजरातका अहमदाबाद, सूरत, बडोदा, राजकोट, जामनगर र भावनगर मुख्य शहरहरू हुन् । गुजराततको झण्डै ४ लाख ५३ हजार बर्ग हेक्टर जमीनलाई पेट्रोलियम, केमिकल तथा पेट्रोकेमिकल इन्भेष्टमेन्ट रिजनका रूपमा छुट्याइएको छ । सन् २०१० देखि नै गुजरातले ४३ हजार ८४८ मिलियन युनिट बिजुली उत्पादन गर्न थालेको हो । गुजरातमा ४० हजार ७९३ मिलियन युनिट माग रहेकोमा बाँकी रहेको बिजुली उसले अन्य १२ राज्यहरूलाई बेच्न थालेको छ । त्यस्तै भारतमा कुल ३.८ प्रतिशत बेरोजगारी दर रहेकोमा गुजरात राज्यमा सबैभन्दा न्यून १ प्रतिशत मात्र बेरोजगारी दर रहेको श्रम ब्यूरोको प्रतिबेदनमा उल्लेख छ ।

देशको कुल उत्पादनको ८० प्रतिशत सेरिमक गुजरातबाटै उत्पादन हुने गरेको छ । यस्तै गुजरात भारतकै सबैभन्दा ठूलो दूध उत्पादक राज्य हो । गुजरातकै 'अमूल मिल्क' कोअपरेटिभ फेडरेसन भारतको मात्र नभइ एसियाकै सबैभन्दा ठूलो डेरी हो । मोदीको भिजन लागू हुनु अघि नै गुजरात सम्बृद्धिको बाटोमा लम्किसकेकाले गुजरातको औद्योगिक सफलताको श्रेय मोदीलाई मात्र दिनु उपयुक्त नहुने आलोचकहरूको तर्क छ । सन् १९९० मै अपोलोले गुजरातमा टायर प्लान्ट सुरू गर्न लाग्दा नै कानुनी रूपमा सहज वातावरण बनाइदिएको थियो । जुन मोदी राज अघि कै प्रयोग हो । उनीहरू तथ्य प्रस्तुत गर्छन् । जुन बेला 'बम्बइ' राज्यबाट गुजरात अलग भएको थियो त्यसबेला पनि औद्योगिक विकासका लागि गुजरात देशको आठौं नम्बरमा पर्थ्यो । त्यसैबेलादेखि त्यहाँको सरकारले निजी लगानीकर्ताहरूलाई आकर्षित गर्नुका साथै ज्वाइन्ट भेन्चर कम्पनीहरूमा प्राइभेट पार्टनरसिपलाई प्राथमकितामा राख्यो । सन् १९६२ को सुरूवातमै राज्य सरकारले गुजरात स्टेट फर्टिलाइजर एण्ड केमिकल लिमिटेड खोल्यो । यसपछि सन् १९६९ मा गुजरात एग्रो कर्पोरेसन स्थापना भयो । सन् १९७६ मा गुजरात नर्मदा भ्याली फर्टिलाइजर्स कम्पनी आयो । सन् १९७९ मा गुजरात स्टेट पेट्रोलियम कर्पोरेसनको स्थापना भयो । यसरी सुरूवातदेखिनै गुजरातले निजी क्षेत्र जस्तै सार्वजनिक कम्पनीहरूलाई पनि प्रभावशाली बनाउन थाल्यो ।

सन् १९६५ को सुरूवातमै निर्यातलाई बढाउन गुजरात एक्सपोर्ट कर्पोरेसन स्थापना भयो । सन्१९७७ मा इन्डस्ट्रियल एक्सटेन्सन ब्यूरोको स्थापना भयो । यसको स्थापनालाई गुजरातको इतिहासकै क्रान्तिकारी कदम पनि मानिन्छ जसका कारण उद्योगहरूमा भएको जटिलता अन्त्य गर्न मद्दत पुग्यो र गुजरात औद्योगिकीकरणको बाटोमा लम्कियो । सुरूवातदेखि नै एग्रेसिभ रूपमा औद्योगिकरणमा अघि बढेको गुजरातलाई मोदीनोमिक्सले अझ बढी सशक्त रूपमा अघि बढ्न मद्दत पुग्यो । 'गुजरात मोडल'का अनुसार सरकारले कुनै पनि औद्योगिक विकासका निर्णय लिनमा समय खेर फाल्दैन । कुनै पनि निर्णय लिन ढिलाइ गर्दैन तर आलोचकहरू भन्छन् ('सरकारले गर्ने निर्णयहरू कत्तिको पारदर्शी र समावेशी छ भन्ने चाँही सार्वजनिक गर्दैन ।'

रेटिङ एजेन्सी क्रिसिलले गरेको अध्ययन अनुसार हाल गुजरातको म्यानुफ्याक्चरिङ सेक्टरले फड्को मारेको छ । तर जुन हिसावले गुजरातमा औद्योगिक विकास भयो त्यसको लाभ सर्वसाधारणसम्म पुग्न सकेको छैन । जबसम्म उद्योगहरूले 'लेबर मार्केट'मा उच्चतम रोजगारी सिर्जना गरी उच्चतम ज्याला दिन सक्दैन तथा सामाजिक कल्याण खर्च बढ्दैन तबसम्म गरिब बर्गले यसबाट लाभ लिन सक्दैनन् । औद्योगिक सफलतालाई एकातिर राखेर मानविकास सूचकांकलाई हेर्ने हो भने गुजरातको जीवनस्तर भने अझै उठ्न सकेको छैन । भारतमा २९ राज्यहरूमध्ये शिशु मृत्युदरमा गुजरात १७ औं नम्बरमा छ । यस्तै मातृमृत्युदर पनि बढी छ ।

गुजरातमा पाँचवर्ष भन्दा कम उमेरका १० मध्ये ४ बच्चाको औसत भन्दा कम वजन छ । यसमा २९ मध्ये गुजरातको स्थान २५ नम्बरमा छ । गुजरातमा ७९.३१ प्रतिशत मानिस साक्षर छन् । यसका साथै गुजरात शिक्षामा भारतका राज्यहरूको १८ औं नम्बरमा छ । गुजरात मानव विकास सूचकांकका आधारमा नवौ स्थानमा छ । गुजरात भन्दा केरला, दिल्ली, हिमांचल तथा पंजाब अब्बल देखिएका छन् । औद्योगिकीकरणको बाटोमा तिब्रताका साथ अघि बढिरहेको गुजरातलाई मानव विकास सूचकांकका आधारमा समृद्ध बनाउन नयाँ भिजन चाहिएको छ जुन फेरि मोदीले नै ल्याउँछन् कि अर्को कुनै नेताले गुजरात पर्खाइमा छ । *(दबाब साप्ताहिकबाट साभार)*

## संक्षिप्त समाचार

### राना थारू भाषाबारे अनुसन्धान सुरू

कञ्चनपुर । राना थारू भाषाको पाठ्यपुस्तक विद्यालयमा लागू गर्न उपयुक्त छ-छैन भन्ने बारे अनुसन्धान गर्नका लागि भाषा आयोगको टोलीले कञ्चनपुरको लालझाडी गाउँपालिकामा रहेका विद्यालयमा अनुसन्धानको कार्य सुरू गरेको छ । लालझाडी गाउँपालिकामा ९९ प्रतिशत राना थारू समुदायको बसोबास रहेको छ । विद्यालयमा पठनपाठनका सामग्री कस्ता छन्, शिक्षकले विद्यार्थीलाई पढाएको कुरा बुझे/नबुझेको र उनीहरूको अभिरूचिका बारे यहाँ रहेका २४ वटा विद्यालयमा टोलीहरू खटाएर अध्ययनको कार्य भइरहेको छ ।

### आगलागीबाट १५ लाखको क्षति

विराटनगर । बेलबारी-९ का रामबहादुर कार्कीको घरमा आगलागी हुँदा रू १५ लाख बराबरको क्षति भएको छ । मंगलबार राति भएको आगलागीमा एक तले घर, घरभित्र भएको एक लाख नगद, सुन चाँदीका गहनासमेत जल्दा रू १५ लाख बराबरको क्षति भएको प्रहरीले जनाएको छ । स्थानीयवासी र प्रहरीको सहयोगमा आगलागी नियन्त्रणमा लिइएको थियो ।

### हराएका व्यक्ति मृत फेला

महोत्तरी । गत माघ २ गतेदेखि हराई बेपत्ता भएका गौशाला नगरपालिका-१२ एघार नम्बर टोल बस्ने एक जना मृत अवस्थामा फेला परेका छन् । ५६ वर्षीय रामदेव महतोको खोजी गर्ने क्रममा सोही ठाउँ उनकै उखुबारीमा मंगलबार सडीगलेको अवस्थामा शव फेला परेको प्रहरीले जनाएको छ । यस सम्बन्धमा प्रहरीले अनुसन्धान गरिरहेको छ ।

### अज्ञात व्यक्तिको शव फेला

पर्सा । पर्सागढी नगरपालिका-३ स्थित कटरीखोला पुलमुनि एक अज्ञात व्यक्तिको शव फेला परेको छ । ब्लाङ्केटमा बेरी ३ ठाउँमा बाँधेर फालिएको अवस्थामा हाल नाम, थर, वतन नखुलेका करीव ४० वर्षीय पुरूषको मंगलबार शव फेला परेको प्रहरीले जनाएको छ । घटनाका सम्बन्धमा स्थानीय प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### पोखरीमा डुबेर बालिकाको मृत्यु

सर्लाही । मलंगवा नगरपालिका-६ खुटौनामा पोखरीमा डुबेर एक बालिकाको मृत्यु भएको छ । टनकलाल यादवकी छोरी १ वर्षीया प्रियान्सी कुमारीको सोही ठाउँस्थित सार्बजनिक पोखरीको छेउमा खेल्ने क्रममा मंगलबार अचानक पोखरीमा खस्दा डुबेर मृत्यु भएको प्रहरीले जनाएको छ ।

### लागूऔषधसहित दुई जना पक्राउ

मोरङ । बुढिगंगा गाउँपालिका-४ स्थित कोशी राजमार्गबाट प्रहरीले सुनसरी बराहाक्षेत्र-५ बस्ने २१ वर्षीय रविन राई र बेलबारी नगरपालिका-३ बस्ने १८ वर्षीय अभिसेष राईलाई अवैध लागूऔषध सहित पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय निमुवाबाट खटिएको प्रहरी टोलीले सोमबार सवारी साधन चेक गर्ने क्रममा रविन राईलाई लागूऔषध एभिल ८ एम्पुल, डाईजेल्याप ४ एम्पुल, लुप्रिजेसिक ८ एम्पुल, फेनारगन ७ एम्पुल र नाईट्रोसन ट्याब्लेट ४० थान सहित र अभिसेष राईलाई लागूऔषध लुप्रिजेसिक ४, एभिल ४ एम्पुल, डाईजेल्याप ६ एम्पुल र नाईट्रोसन ट्याब्लेट १ सय १० थान सहित पक्राउ गरेको हो ।

### फुसको घरमा आगलागीबाट लाखौंको क्षति

पर्सा । वीरगंज महानगरपालिका-१६ भेडियाही टोल बस्ने रामआशिष मल्लिकको फुसको घरमा आगलागी भएको छ । बुधबार आगलागी हुँदा घर जलेर नष्ट भई करीब ८ लाख रूपैयाँ बराबरको धनमाल क्षति भएको प्रहरीले जनाएको छ । स्थानीयवासी र प्रहरीको सहयोगमा आगलागी नियन्त्रणमा आएको थियो । यसबारे प्रहरीले अनुसन्धान गरिरहेको छ ।

### मोटरसाइकलको ठक्करबाट मृत्यु

मोरङ । सुन्दरहरैचा नगरपालिका-९ सलकपुरस्थित पूर्व-पश्चिम राजमार्गमा मोटरसाइकलको ठक्करबाट एक पैदलयात्रीको मृत्यु भएको छ । को.२८ प २१९२ नम्बरको मोटरसाइकलले बुधबार ठक्कर दिँदा गम्भीर घाइते भएका पैदलयात्री सोही नगरपालिका-१२ बस्ने ५३ बर्षीय टेकबहादुर परियारको नोबेल अस्पताल बिराटनगरमा उपचारको क्रममा मृत्यु भएको छ । मोटरसाइकल चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### सवारी दुर्घटनामा दुईको मृत्यु

धनुषा । लक्ष्मीनिया गाउँपालिका-७ भगवतीपुरमा ज.९ प ४४८९ नम्बर र ना.४९ प ५५१५ नम्बरका २ मोटरासाइकल शनिबार एकआपसमा ठक्कर खाई दुर्घटना हुँदा २ जनाको मृत्यु भएको छ । दुर्घटनामा जनकपुर उपमहानगरपालिका-१४ बस्ने २८ वर्षीय प्रविण राउतको घटनास्थलमै र गम्भीर घाइते भएका ज.९ प ४४८९ नम्बरको मोटरसाइकलका चालक जनकपुर उपमहानगरपालिका-१९ बस्ने २२ वर्षीय कृष्ण साहको उपचारको लागि लैजाने क्रममा बाटोमै मृत्यु भएको हो ।

### छतबाट लडेर मृत्यु

रौतहट । बौधिमाई नगरपालिका-७ बंकुल बजारस्थित राजदेव प्रसादको घरमा सरसफाई गर्ने क्रममा शनिबार छतबाट लडेर गम्भीर घाइते भएका पर्सा बीरगंज आदर्श नगरपालिका-१५ बस्ने २४ वर्षीय अस्लाम अन्सारीको गौर अस्पतालमा उपचारको क्रममा मृत्यु भएको छ ।

## औचित्यको आधारमा संशोधन : प्रचण्ड

काठमाडौं । नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले संविधान संशोधनलाई औचित्यको आधारमा अगाडि बढाइने बताएका छन् । संघीय संसदको बैठकमा सम्बोधन गर्दै माओवादी संसदीय दलका नेतासमेत रहेका प्रचण्डले असन्तुष्ट पक्षले उठाउँदै आएको संविधान संशोधनको विषयलाई औचित्यका आधारमा अगाडि बढाइने बताएका हुन् । उनले संविधानलाई कार्यान्वयन गर्न प्रभावकारी प्रयत्नको जरूरी रहेको बताउँदै असन्तुष्ट पक्षलाई मिलाएर राष्ट्र निर्माणको कार्यभार पूरा गरेर छाडिने दृढता व्यक्त गरे । वर्तमान सरकारका प्रधानमन्त्री केपी शर्मा ओलीले सबै पक्षलाई मिलाएर लैजाने विश्वास व्यक्त गरेको स्मरण गर्दै उनले राष्ट्र निर्माणको यात्रामा सबै पक्षको रचनात्मक सहयोग जरूरी रहेको बताए ।

## संशोधनको नाममा ठगिरहेको छ : यादव

काठमाडौं । नेपाली कांग्रेसको तर्फबाट सर्लाही क्षेत्र नं. २ बाट प्रतिनिधिसभा सदस्यका उम्मेद्वार जंगीलाल राय यादवले वाम गठबन्धनले संविधान संशोधनको नाममा मधेशी दलहरूलाई ठगिरहेको आरोप लगाएका छन् । उनले संविधान संशोधनको नाममा मधेशी दल राष्ट्रिय जनता पार्टी नेपाल र संघीय समाजवादी फोरम नेपाललाई एमालेले आश्वासन मात्र दिने तर संशोधन नगर्ने ठोकुवा गरेका छन् । राजपा नेपालका पूर्वमहामन्त्रीसमेत रहेका यादवले मधेशवाणी रेडियो कार्यक्रममा कुराकानी गर्दै भने, 'यदि एमाले साँच्चिकै संविधान संशोधन गर्न चाहेको छ भने पहिला संशोधनको प्रक्रिया अगाडि बढाउनुपर्‍यो ।' उनले मधेशी दल राजपा र फोरम पनि आफ्नो फेस सेभिङ्गका लागि संशोधनको नाममा उधारो सम्झौता गरेर सत्तामा प्रवेश चाहिरेको आरोप लगाएका छन् । उनले फरक प्रसंगमा भने, 'राजपा ६ वटा पार्टीको एउटा गठबन्धन मात्र हो, त्यो पार्टी हुँदै होइन ।' उनले पदका लागि मात्र ६ वटा पार्टी एक ठाउँमा आएको जिकिर गरेका छन् ।

**क्यान्सर**

**शरीरमा अनियन्त्रित रूपमा कोषहरूको असमान्य बृद्धि हुनुलाई क्यान्सर भनिन्छ । यो सरूवा रोग होइन ।**

**क्यान्सर रोग चेतावनीका चिन्हहरू :**

- स्तनमा गिर्खा आउनु/गाँठागुँठी आउनु ।
- मुसा, कोठीमा परिवर्तन आउनु ।
- पाचनकृया र दिशा गर्ने बानीमा बारम्बार परिवर्तन आउनु ।
- लामो समयसम्म खोकी लाग्नु र स्वर परिवर्तन हुनु ।
- महिनाबारीमा धेरै रगत बग्ने अथवा अनियमित रगत बग्ने ।
- अन्य शरीरको भागबाट अनियमित रगत बग्ने ।
- कुनै घाउ वा सुजन निको नहुने ।
- शरीरका कुनै पनि अंगको कोषमा अनियन्त्रित बृद्धि हुन गई क्यान्सर हुन सक्दछ ।

तसर्थ क्यान्सर रोग लागेको शंका लागेमा तुरून्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी उपचार बारे आवश्यक जानकारी लिनु पर्दछ ।

**जिल्ला जनस्वास्थ्य कार्यालय, काठमाडौं, टेकू**

**फागुनदेखि बैशाखसम्मको अवधि हावाहुरी बढी आउने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने गरौं । सलाई, लाइटर, मट्टितेल आदि ज्वलनशील वस्तु केटाकेटी भेट्ने ठाउँमा नराखौं ।**

नेपाल सरकार

**सूचना तथा सञ्चार मन्त्रालय**

सूचना विभाग

# विश्व समुदाय...

## पाकिस्तानको हफिज सईदविरूद्धको लज्जाजनक कारबाही

-मंजुर अहमद

पाकिस्तानद्वारा विश्वव्यापी आतंकवादी संगठनहरू लश्कर-ए-तैयबा र त्यसका संरक्षक जमात-उद-दावाका मुख्य संचालक हफिज सईदमाथि लगाईएका प्रतिबन्धहरूप्रति जुन प्रकारको आश्चर्यजनक कारवाई र प्रतिक्रिया व्यक्त गरिएको छ त्यो संयुक्त राष्ट्रद्वारा दिईएको आदेश अनुरूप वित्तीय कार्य योजना दलको निकट भविष्यमा हुने पुनरावलोक कार्यप्रतिको आफ्नो वचनबद्धतालाई विश्वसमुदाय समक्ष छल्ने उद्देश्यले मात्र प्रेरित रहेको छ। यो पहिलो पटक मात्र होइन कि पाकिस्तानबारे पुनरावलोक गरिने छैन ? अंग्रेजी दैनिक 'डाँन' ले यो खुलासा गरेको छ कि पाकिस्तानले आफ्नो प्रतिबद्धता पुरा गर्न रहेको असफलतालाई विगतदेखि नै पटक-पटक आफ्नो कार्ययोजनालाई एक पछि अर्को गरी दोहोऱ्याउँदै आएको छ। नोभेम्बर, २०१७ मा बुएनस आयर्समा भएको कार्यदलको बैठकबाट संयुक्त राष्ट्रसंघको पाकिस्तानलाई जुन निर्देशन दिएको थियो त्यस अनुसार पाकिस्तानले आतंकवादी संगठन तथा त्यसका नेताहरू विरूद्ध गरेको कारवाईहरूको विस्तृत विवरण प्रस्तुत गर्ने आदेश दिएको एक साता पछि घरमा नजरबन्द रहेको सईदलाई लाहौर उच्च न्यायालयले सरकारले कुनै विश्वसनीय आरोप र संयुक्त पेश नगरेको कारण जनाउँदै मुक्त गरेको थियो। भारतको मुम्बईमाथिको आक्रमण काण्डमा सईद र उसको संगठनको प्रत्यक्ष संलग्नता रहेको बारे भारत तथा अन्य देशहरूले समेत आरोप लगाए पनि त्यसको झण्डैले ९ वर्ष पछि त्यस अदालतद्वारा त्यस्तो फैसला सुनाईएको थियो।

सेनाका जेनरलहरूसँगै पाकिस्तान समेत पश्चिमी विश्वको सामु आलोचना र हास्यको प्रसंग बन्न पुगेकोले सरकारले राष्ट्रपतीय घोषणा पश्चात् जमात-उद-दावाको संरचना र सम्पत्तीहरूमाथि हतरिय कारवाई गर्न थालेको छ। त्यस्ता



कारवाई यसभन्दा पहिला पनि देखावटी रूपमा गरिएको थियो। उदाहरणका लागि मुम्बई आक्रमण पश्चात् पनि सईदको बैंक हिसाब जफत गर्ने कारवाई गर्दा त्यस खातामा रकम नभएको फेला परेको छद्मपूर्ण घोषणा समेत गरिएको थियो। किनकि त्यस खातामा रहेको रकम गोप्य तवरले पहिला झिक्न लगाई सकेपछि मात्र देखावटी रूपमा त्यो कार्य गरिएको थियो। त्यसपछि सरकारले लश्कर-ए-तैयबाको कार्यालय बन्द गर्ने देखावटी प्रयास गरेको थियो तर त्यो पहिला नै बन्द गरेर केही कामदारहरू मात्र त्यहाँ रहेकालाई प्रहरीले फेला पारेको थियो। शाहबाज शरीफले त्यसको संगठनलाई केही मिलियन रूपमा समेत अनुदान दिएको थियो। पछि जब लश्कर-ए-तैयबालाई प्रतिबन्धित गर्ने र हफिज सईदको विशाल आतंकवादी साम्राज्यमाथि कब्जा गर्ने प्रसंग आयो तब पाकिस्तानले त्यो असम्भव भएको भनी क्षमायाचना गरेको थियो ? अब्बाटावादस्थित विशाल साम्राज्यको ओसामा बिन लादेनले पाकिस्तानी सेनाको संरक्षणमा उपभोग गर्दै आएको क्रममा थुप्रै पश्चिमी विशेषज्ञहरूले समेत क्षमादान पाएका थिए। विगत देखि पाकिस्तान सरकार र सेनाको जेनरलहरूको संलग्नता रहे पनि तिनीहरू षडयन्त्रपूर्ण ढंगले त्यसको गर्दै आएको कुरा देशभित्र र बाहिर समेत प्रचारित भै पाकिस्तान त्यस मामिलामा गम्भीर नरहेको स्पष्टप्राय: नै छ।

पाकिस्तानी जनता आफ्नो नेताहरूको दोहोरो चरित्र र सेनाका जेनरलहरूले गर्दा शास्ती खेप्दै आएका छन् ? प्राय: सँधै सेनाका जेनरलहरू तथा राजनीतिज्ञहरू आतंकवाद नियन्त्रण गर्ने कुरा गर्दै आएका भए पनि देशभित्रका अल्पसंख्यक समुदायहरूमाथि नै ठूला आक्रमण हुने गरेको छ। केही वर्ष पूर्व पेशावरस्थित सैनिक विद्यालयहरूमाथि ठूला आक्रमण हुँदा १३० भन्दा बढी विद्यार्थीहरू मारिएका थिए र तत्कालिन प्रधानमन्त्री नवाजशरीफले असल र खराब आतंकवादीहरू भन्ने नछुट्याई कारवाई गर्ने घोषणा गरेका थिए। सेनाका जेनरलहरूले समेत गर्वसाथ आतंकवादी विरूद्ध पूर्ण युद्धको घोषणा समेत गरेका थिए ? तर तिनीहरूले वास्तवमा के गरे भने हफिज सईद र हक्कानी संगठनले निर्दोष पश्तुन पुरूष, महिला तथा केटाकेटीहरूलाई गाउँ र नगरको आफ्नै गृहमा शरणार्थी बनाई दिए ? अहिले पश्तुनहरू रिसाएर इस्लामावादमा गत केही सातादेखि विरोध प्रदर्शन सभाहरू गर्दै आएका छन्। यदि पाकिस्तानी सेनाले गत दशकदेखि दावी गरे अनुरूप कारवाई गरेको भए हक्कानी संगठन, तालिवान, हफिज सईद, मसूर अजहर तथा अन्य आतंकवादीहरू कसरी जीवित रहेर आफ्ना गतिविधिहरू संचालन गर्ने थिए -यस ज्वलन्त प्रश्नको उत्तर मात्र पाकिस्तानी सेनाले दिनु परेको छ ?

*–एजेन्सीको सहयोगमा*

## पाक अधीनस्थ कश्मीरका लागि कसले बोल्नेछ ?

सन् १९४८ ई. मा संयुक्त राष्ट्रसंघले अन्तर्राष्ट्रिय स्तरमा पाकिस्तानद्वारा जबरजस्ती आजाद कश्मीर कब्जा गरेको भारतीय भू-भागलाई अवैधानिक रूपमा कब्जा गरेको घोषित गरे पनि इस्लामाबाद र रावलपिण्डीका पंजाबी शाषकहरूले त्यसलाई आफ्नो उपनिवेश घोषित गरी त्यस भू-भागमा बस्दै आएका जनताले भोग्दै आएका शास्ती र त्रासदीहरू सम्बन्धमा विश्वका कुनै संचारमाध्यमसँगै राजनीतिक निकायहरूले कहिले केही लेख्ने र त्यसबारे छलफल गर्नेसम्म साहस गरेको छैन। पाकिस्तानी आक्रमणकारीहरूलाई कश्मीरबाट लखेटिए पछि संयुक्त राष्ट्रले पाकिस्तानलाई त्यहाँबाट आफ्नो सेना फिर्ता लिन आदेश दिनुको कारण त्यहाँ कुनै विवाद उत्पन्न नहोस रहे पनि पाकिस्तानले त्यसलाई अस्वीकार गरेर त्यस बृहत भू-भागलाई उपनिवेशनमा परिणत गरी त्यहाँका जनतालाई पहिला गुलाम बनायो र त्यस पछि त्यसलाई आतंकवादीहरूको केन्द्रमा परिणत गर्यो ? 'डाँन' पत्रिकाले फरबरी ५, २०१८ को अंकमा प्रकाशित आफ्नो लेख मार्फत एक पाकिस्तानी लेखक अनम जकारियाले २०० भन्दा बढी घोषणाहरूको उल्लघंन गर्दै पाकिस्तान सरकार र पाकिस्तानी सेनाका जनलरहरूले त्यस क्षेत्रमा बसोबास गर्दै आएका जनताहरूलाई अहिलेसम्म तर्स्याउँदै आउनुका साथै तिनीहरूको जीवनलाई घोर नरकीय बनाई दिएको छ ? त्यस क्षेत्रको भ्रमण पश्चात् जकारियाले त्यस क्षेत्रमा सडकको अति नै जीर्ण अवस्थाका साथै




रोगीलाई चिकित्सकको सुविधा समेत उपलब्ध नरहेको, खानेपानी तथा ढल-निकासको व्यवस्थाको अभावसँगै त्यस क्षेत्रबाट प्राप्त हुने राजश्व समेत पाकिस्तानले त्यही खर्च गर्न नदिई स्वयं अशुल्ने गरेको छ भने विकास सम्बन्धी कुनै योजना समेत संचालन गर्न दिएको छैन र खुद पनि गरेको छैन।

यो कुनै नौलो कथा होईन किनकि जहिलेदेखि पाकिस्तानले त्यस क्षेत्रमाथि कब्जा गरेको छ त्यस क्षेत्रका जनताले आफ्नो जग्गा समेत उपभोग गर्न पाएका छैनन्। तिनीहरूको जग्गा सेनाका जनरलहरू तथा राजनीतिहरूले हडपेर त्यहाँबाट आतंकवादी क्रियाकलापहरू संचालित गरी त्रशित पार्दै आएको छ ? ठूला-ठूला भू-भागहरूमाथि आतंकवादी संगठनहरूले कब्जा गरेर त्यहाँ आतंकवादीहरूलाई प्रशिक्षित गर्दै आएको छ। त्यस क्षेत्रमाथि सेनाका जनरलहरूको नियन्त्रण रहेको छ। पाकअधिनस्थ कश्मीर विस्तारै हरकत-मुजाहिद्दीन, लश्कर-ए-तैयबा, हिज्ब-उल-मुजाहिद्दीन लगायत थुप्रै आतंकवादी संगठनहरू विस्तारित केन्द्र बन्न पुगेको छ। विशेष आतंकवादी क्षेत्रहरूबाट आतंकावादीहरू नागरिक क्षेत्रहरूमा प्रवेश गरेर जनतालाई दिनहुँ त्यहाँबाट लखेट्दै आएको छ। उदाहरणका लागि कोटली, चिनारी, मीरपुर, गिल्गिट, डायमर लगायत नीलम उपत्यकाका विभिन्न ठाउँहरूका निवासीहरू राज्यसँग ती आतंकवादी प्रशिक्षण केन्द्रहरू बन्द गर्ने माग गर्दै आएका छन्। त्यसै अभियानको क्रममा त्यहाँका निवासीहरूले संचारकर्मीहरूलाई त्यस्ता प्रशिक्षण शिविरहरूले गर्दा तिनीहरूको जीवन नरकतुल्य भै सकेको बताएका थिए भने कानूनबिहीनताको स्थितिमा महिलाहरूसाथ दुव्यर्वहार समेत हुने गरेको बताएका थिए।

पाकिस्तानको सरोकार आतंकवादीहरू तथा तिनीहरूको कल्याणसँग मात्र रहेकोले जनजीवनले शिक्षा, स्वास्थ्य सेवा, रोजगारी समेतको अवसरबाट वञ्चित रहनु परेको छ भने स्थानीय अर्थव्यवस्थालाई आतंकवादीहरूले आफ्नो नियन्त्रणमा लिएका छन् ? जुलाई, २०१६ को एक पत्रिकाले 'ए क्रिटीकल स्टडी अफ प्राइमरी एजुकेशन सिचुएशन इन ए.जे.के.स्टेट' बारे चीनको टिआजिनस्थित नन्काई विश्वविद्यालयको समाजशिक्षा विभागका दुई विद्वानले त्यस अविकसित राज्यको सार्वजनिक शिक्षा क्षेत्रको स्थिति बारे ४३ प्रतिशत केटाकेटी विद्यालयमा नजाने, १२ प्रतिशत शिक्षक विद्यालयहरूबाट अनुपस्थित रहने, ४१ प्रतिशत भाषा सम्बन्धी समस्या, ८७ प्रतिशत विद्यालय भवनविहिन रहेको, ७३ प्रतिशत विद्यालयमा बिजुली र पानी नहुने र ८२ प्रतिशत विद्यालय खुल्ला अवस्थामा रहेको वक्तव्य सार्वजनिक गरेको थिए। पाकिस्तानी शासकहरूको उपनिवेशका रूपमा रहेको त्यस क्षेत्रको जनजीवनको आधारभूत आवश्यकता, स्वतन्त्रता र सुरक्षामाथि सम्बन्धित सबैले ध्यान दिनु पर्ने अत्यावश्य भै सकेको छ।

*–एजेन्सीको सहयोगमा*

## काठमाण्डौ–तराई/मधेश द्रूतमार्ग निर्माणमा तीव्रता

काठमाडौं। द्रुतमार्ग निर्माण तथा आयोजनास्थलको सुरक्षार्थ पहिलो चरणमा गत श्रावणको दोश्रो साताबाट काठमाडौंको मख्खुवेशी, मकवानपुरको सिस्नेरी दोभान, लेनडाँडा, बुदुने तथा बाराको बागदेव ईलाकामा गरी पाँच स्थानमा सुरक्षा वेश क्याम्पहरू स्थापना भई पाईलट ट्र्याकको पहिरो पन्छाउने कार्य र डिटैल इन्जिनियरीङ्ग सर्वे सम्पन्न हुनुको साथै आयोजनाबाट खरिद गरिएका विभिन्न हेभी ईक्यूप्मेन्ट, सवारी साधन तथा अन्य उपकरणहरू फिल्डमा तैनाथ गरी तिव्रताका साथ माटो काट्ने, सम्याउने र भर्ने कार्य भइरहेको छ।

उक्त आयोजनालाई थप गति दिई तोकिएकै समयमा सम्पन्न गर्ने लक्ष्य अनुरूप हाल ललितपुर जिल्लाको खोकना, मकवानपुर जिल्लाको ठिंगन तथा राजदमार र बारा जिल्लाको निजगढ गरी ४ स्थानमा अस्थायी वेश क्याम्पहरू खडा भई आवश्यक जनशक्तिहरू परिचालन गरि कार्य प्रारम्भ भईसकेको छ भने बाँकी रहेको मकवानपुर जिल्लाको महादेवटार ईलाकामा निकट भविष्यमा नै वेश क्याम्प खडा गर्ने योजना रहेको छ।

हालसम्म ८ वटा राष्ट्रिय स्तरका ठेकेदार कम्पनीहरूलाई माटो काट्ने, सम्याउने, नाला निर्माण, रिटेनिङ वाल निर्माण लगायतका कार्यहरू ठेक्कामा दिई काम अगाडी बढाईएको र सोहि प्रकृतिका कार्यहरूको लागि अन्य १४ वटा ठेकेदार कम्पनीहरूलाई आसयपत्र दिईएको छ। द्रुतमार्गको मार्गाधिकारभित्र परेका रूख कटानलाई तिव्रता दिने कार्य भईरहेको र सोही क्रममा हाल मकवानपुर जिल्लाको बुदुने तथा लेनडाँडा ईलाकामा रूख काट्ने कार्य भईरहेको छ।

द्रुतमार्गको मार्गाधिकारभित्र परेका निजी तथा ऐलानी जग्गाहरूको मुआब्जा र घर टहराहरूको क्षतिपूर्ती बितरण सम्बन्धमा काठमाण्डौ तथा मकवानपुर जिल्लाका अधिकाँश कार्य सम्पन्न भई रहेको। ललितपुर जिल्लाको बुङमती र खोकना ईलाकामा रहेको विवाद निराकरणको लागि सम्बन्धीत सरकारी निकाय, स्थानिय जनप्रतिनिधिहरू तथा अन्य सरोकारवाला पक्षहरूसँग विभिन्न चरणमा छलफल भईरहेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ।

# जिल्ला समाचार

## गर्जन पोष्ट चोथौं वर्षमा

बुटवल। बुटवलबाट प्रकाशित गर्जन पोष्ट साप्ताहिकले आफ्नो प्रकाशनको तेस्रो वर्ष पूरा गरी चोथौं वर्ष प्रवेश गरेको अवसरमा 'संविधानमा मौलिक अधिकार, विचार, आस्था तथा अभिव्यक्ती स्वतन्त्रता' विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ। नेपाल पत्रकार महासंघ रूपन्देहीको सभाहलमा आयोजित अन्तरक्रियामा कार्यक्रममा बोल्दै प्रमुख अतिथी क्रान्तिकारी पत्रकार संगठनका केन्द्रिय अध्यक्ष तथा नेपाल पत्रकार महासंघका पूर्वसचिव प्रभात चलाउनेले आस्थाकै आधारमा पत्रकारमाथी दमन हुने कुरा दुखद भएको बताए। उनले पत्रकारमाथी संविधान प्रदत्त गरेको अधिकार मिडियाले प्रयोग गर्न पाउनुपर्नेमा जोड दिएका थिए। पछिल्लो समय पत्रकारहरूमाथी राज्यले आस्थाकै आधारमा दमन गर्न खोजेको भन्दै फरक विचार र आस्था राख्दैमा राज्यले दुश्मन देख्न नहुने बनाए।

## इटा र काठ उपलब्ध गराउन माग

कपिलवस्तु। बुद्धस्थल गोटिहवामा लुम्विनी विकास कोषले अतिक्रमण गरेका घरहरूका साम्रगी स्थानीयहरूले माग गरेका छन्। पुर्व राज्य मन्त्री सुरेन्द्रराज आर्चाय र कोषका पदाधिकारीहरूको गोटिहवामा अनुगमन र छलफल गर्ने क्रममा उनीहरले घरहरूमा रहेको पुरानो इटा र काठहरू माग गरिदिनको लागी उनीहरूले माग गरेका छन्। कोषले गोटिहवा क्षेत्रका ३४ घरहरू रहेको क्षेत्र अतिक्रमण गरेको छ। सो बारेमा पुर्व राज्य मन्त्री सुरेन्द्रराज आर्चायले गरिव जनताहरूको घरवाट निस्केको कच्चा पर्दाथ इटा र काठ पाउनुपर्ने र त्यसको लागी तत्काल लुम्विनी विकास कोष संग छलफल गरी उक्त साम्रगी उपलब्ध गराउन सहयोग गर्ने बताए। सो अवसरमा लुम्विनी विकास कोषका सदस्य राजेश ज्ञवालीले स्थानीयले राखेको माग समाधान गर्नको लागी कोषको बैठकमा कुरा राखी उपलब्ध गराउन पहल गर्ने बताए। सो अनुगमनमा पुरात्वत अधिकृत हिमाल उप्रेती, कोषका प्रमुख सुरक्षा गार्ड संजय शर्मा, वडा अध्यक्ष दिपलप कुर्मी, वडा सदस्य दुर्गेस पाण्डेय लगायको सहभागिता रहेको थियो।

## नगरपालिकामा कर्मचारीहरूद्वारा तालाबन्दी

राकेश यादव, रौतहट। रौतहट जिल्लाको राजपुर नगरपालिका कार्यालयका कर्मचारीहरूले कार्यालयमा तालाबन्दी गरेका छन्। नगरप्रमुख मोहमद सकिल अख्तरले बाटोमा प्रमुख प्रशासकीय अधिकृत जगत प्रसाद साहलाई गालीगलौज गर्दै अभद्र व्यवहार गरेको भन्दै कार्यालयमा कार्यरत रहेका कर्मचारीहरूले अनिश्चितकालीन तालाबन्दी गरेका हुन्। कार्यालयमा जाँदै गरेको अवस्थामा फतुआ महेशपुर नजिक रहेका लालबकैया पुलस्थित नगरप्रमुख अख्तरले तपाई मेयर की म मेयर भन्दै तथानाम गाली गलौज गरेको अधिकृत साहले बताएका छन्। नेपाल सरकारको कर्मचारी भएको नाताले सरकारको निति निर्देशन पालना गर्नु पर्ने दायित्व भएकोले कानून विपरीत कार्य नगरेको आरोपमा नगर प्रमुख अख्तरले सार्वजानिक बाटोमा बेइज्जती गरेको आरोप लगाएका छन्। उनले भने नगर परिसद र नगर कार्यपालिकाबाट स्वीकृत नभएको कार्यको भुक्तानी दिन प्रमुखले दवाव दिएको र मैले इन्कार गरेको छू ! नगरप्रमुखले बिना टेण्डर ,कोटेशनको ४० लाखको विल पेश गरेका छन जून कानून बमोजिम भुक्तानी दिन अप्ठ्यारो भएपनि जसरी भुक्तानी हुनु पर्ने मेयरको अडान राखेका छन्।

## बालिकालाई बलात्कार गरी हत्या, गर्ने पक्राउ

चन्द्रकान्त खनाल, रूपन्देही। रूपन्देहीको कोटहिमाई गाउँपालिका वडा नं. ३ मा एक १२ वर्षीया बालिकाको जर्वजस्ती करणी पश्चात हत्या भएको प्रहरी अनुसन्धानबाट खुलेको छ। गत माघ २२ गते आफ्नै घर नजिकै खेतमा घास काट्न गएकी बालिका चुन्नीले घाटीमा पासो लगाएर मृत अवस्थामा भेटिएकीमा अनुसन्धान गर्दै जाँदा स्थानीय २१ वर्षीय संदिप कुमार धोबीले जबरजस्ती करणी पश्चात कर्तव्य ज्यान गरी मारेको पुष्टि भएको जिल्ला प्रहरी कार्यालय रूपन्देहीले जनाएको छ। घटनामा संलग्न अभियुक्तलाई पक्राउ गरी सम्पूर्ण अनुसन्धान पुरा गरी जिल्ला सरकारी वकिल कार्यालय रूपन्देहीमा राय सहित मिशिल पेश गरीसकेको जिल्ला प्रहरी कार्यालय रूपन्देहीका प्रवक्ता प्रहरी नायव उपरीक्षक डिल्लिनारायण पाण्डेले बताए।

## कांग्रेस नेता वर्माको निधन

कपिलवस्तु। नेपाली कांग्रेका स्थानीय नेता भोला प्रसाद वर्माको ७५ वर्षको उमेरमा निधान भएको छ। कपिलवस्तु नगरपालिका वडा नं १ निवासी वर्मा २०४६ सालदेखी अनवरत रूपमा वडा नं १ को वुध सभापतिमा काम गर्दै आएका थिए। वर्माको निधन प्रति नेपाली काग्रेंसका नेता तथा कार्यकर्ताले दु:ख व्यक्त गरेका छन्। वर्माको काग्रेंस प्रतिको योगदानको चर्चा गर्दै उनको पार्थक शरिरमा नेपाली काग्रेंसको चार तारे झण्डा ओडाई अन्तिम सम्मान गरिएको थियो उक्त सम्मान शरिकमा नेपाली कागेंसका पुर्व पार्टी सभापति सुधाकर पाण्डेय, कपिलवस्तु नगरपालिकाका प्रमुख किरणं सिंह, प्रदेश सभा सदस्य रिना नेपाल, नेपाल विद्यार्थी सघका सह महामन्त्री प्रकाश घिमिरे, काग्रेंस नेता देवी वर्मा लगायतको उपस्थिती रहेको थियो। यसै विच निधन प्रति दु:ख व्याक्त गर्दे नेपाली काग्रेंस कपिलवस्तुले एक शोक विज्ञप्ती जारी गरेको छ।

## विद्यार्थी र मेयर सरावगीबीच भेटघाट

वीरगन्ज। कंचनजंघा माध्यमिक विद्यालयका विद्यार्थीले मेयर विजय सरावगीसँग भेटघाट गरी विभिन्न विषयमा जानकारी हासिल गरेका छन्। कक्षा १० मा अध्ययनरत्त विद्यार्थीहरूले बुधबार मेयर सरावगीको कार्यकक्षमा भेटघाट गर्दै विभिन्न राजनितिक जिज्ञासाहरूको बारेमा जानकारी हासिल गरेका छन्। गोविन्द खड्काको नेतृत्वमा आएका विद्यार्थीहरूले मेयर सरावगीको व्यक्तिगत तथा राजनैतिक जीवनचर्याको बारेमा शैक्षिक अनुभवबारे जानकारी हासिल गरेका थिए। भेटघाटमा आएका छात्रछात्राहरूले मेयर सरावगीले राजनैतिक गतिविधिमा प्रवेश गरेपछि उनीप्रति बढेको जनलहरको बारेमा सोधपुछ गरेका थिए। भेटघाटमा मेयर सरावगीले वीरगन्जको विकासका लागि आफू अनवरत संघर्षरत रहेको बताउँदै वीरगन्जलाइ सफा, सुन्दर र हरियो वीरगन्ज बनाउने पहिलो लक्ष्य रहेको विद्यार्थीहरूलाई जानकारी गराए। साथै चुनाव जितेपछि नगरपालीमा रहेका कार्यव्यस्तता, नगरपालिकाको विकास र आउने समयमा उहाले लिएको भावी योजनाहरूको बारेमा समेत जानकारी हासिल गरेका थिए।

## दुर्घटनामा दुई जनाको मृत्यु

राकेश यादव, रौतहट। रौतहट जिल्लाको दुई छुट्टाछुट्टै ठाउँमा भएको सवारी दुर्घटनामा दुई जनाको मृत्यु भएका छन्। गौर नगरपालिका वार्ड नम्बर १ मुख्य सड़कमा भारतीय नम्बरको मलबाहक ट्रकको ठक्करबाट अज्ञात युवकको मृत्यु भएको छ। डव्लू बी २३ सी ६१८६ नम्बरको ट्रक भारतको बैरगनियावाट आउदै गर्दा ठक्कर दिएको हो। मृतकको पहिचान हुन सकेको छैन। स्थानीय प्रत्यक्षदर्शीका अनुसार मानसिक संतुलन गुमाएका युवक रहेको छ। कालो रंगको देखिने टी शर्ट तथा फुलपैंट लगाएको युवकको उमेर २५ वर्षको रहेको अनुमान गरिएको छ। ट्रक प्रहरीको नियंत्रणमा रहेको छ भने चालक फरार भएका छन्। घटनाको सम्वन्धमा अनुसन्धान भैरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। यस्तै ईशनाथ नगरपालिकाको वार्ड नम्बर ८ निवासी ३५ वर्षीय कामोध ठाकुरको मोटरसाइकल दुर्घटनामा मृत्यु भएको छ।

## आगलागीबाट लाखौंको क्षति

कपिलवस्तु। बिजयनगर गाउँपालिका-७ मानपुर बस्ने ५५ वर्षीय बोरी यादवको घरमा शनिबार आगलागी हुँदा उनकी ३ वर्षीया छोरी राजकुमारी यादवको जलेर मृत्यु भएको छ। साथै घरभित्र रहेको नगद, सरसामान र ७ वटा बाखा जलेर करीब ३ लाख ७० हजार रूपैयाँ बराबरको धनमाल क्षति भएको छ। स्थानियबासीको सहयोगमा आगो नियन्त्रणमा आएको प्रहरीले जनाएको छ।

## डुबेर वृद्धाको मृत्यु

कैलाली। लम्कीचुहा नगरपालिका-६ बस्ने ६० वर्षीया झकमीदेबी चौधरीको सडकको नालामा चिप्लिएर डुब्दा शनिबार मृत्यु भएको छ।

## आगलागीबाट १२ लाखको क्षति

बाँके। खजुरा गाउँपालिका-६ सिमलघारीस्थित ज्योतीकला बिकको घर छेउमा रहेको परालमा आगलागी हुँदा करिब १२ लाखको क्षति भएको छ। शुक्रबार आगलागी हुँदा उनको घर र छिमेकी कर्णबहादुर बिकको घर समेत जलेर करीब ११ लाख ९० हजार रूपैयाँ बराबरको धनमाल क्षति भएको प्रहरीले जनाएको छ। स्थानीयवासी र प्रहरीको सहयोगमा आगलागी नियन्त्रणमा आएको थियो।


नारी दिवसको शुभकामना, प्रदेश २ मा महिला हिंसा, दाइजो, वोक्सी जस्ता कुरीति अन्तयका लागि प्रभावकारी कानून निर्माण आजको दिनमा शुरूवात गरीने वाचा सहित, प्रदेशको हरेक संरचनामा आधा हिस्सेदारी महिलाको हुने गरी सम्पूर्ण प्रयास गरिने छ। **दीपेन्द्र झा**


प्रदेश न.२ मा कर्मचारीहरू एक त सरूवा भएर आउन खोज्दैनन्, जो आई सकेका छन् उहाँहरू पनि धेरैजसो सरूवा भएर अन्यत्र जान इच्छुक र प्रयासरत देखिन्छन्। किन भनेर सोधखोज गर्दा उहाँहरूले काम गर्ने आधारभूत वातावरण नै भएन भन्नु हुन्छ। धेरै जसो कार्यालयमा कर्मचारी दरबन्दी भन्दा धेरै न्यून देखिन्छ। **कृष्णहरी पुष्कर**


संशोधन होईन पुनर्लेखन भन्ने २२ बुँदे, ८ बुँदे सम्झौता त भएकै हो। उधारोमा कती सम्झौता गर्ने, जनताले अधिकार सुनिश्चितताको लागी भोट हालेको हो सम्झौता गर्न होईन जती ठुला-ठुला कुरा गरे पनी भोट मधेशी जनताले मात्र दिएको छ। राष्ट्रीय पार्टीको भ्रममा नपरौं। **राजिव झा**


रेशम चौधरी तैले चुनाव जितेर के गर्ने ? कमैयाको सन्तान पनि संसद हुन्छ र ? हेर ब्रहामण पुत्र नवराज सिलवालको कत्रो शान छ। टक्क कोट लगाएर संसद भवनमा निर्धक्क हिँडेको छ। पुलिसको चेन अफ कमाण्डले भागवत गिता जपेर बसेको छ। **दिलनिशानी मगर**


सप्तरीको मलेठमा भएको नरसंहार किन र कसले गराएको थियो। स्मरण गर्नु होला राजपा र फोरमको शिर्ष नेताज्युहरू। निर्वाचनलाई बहिष्कार गर्दा गर्दे जसरी निर्वाचनमा जानु भयो त्यसै फेरी संविधान संशोधनको ढोल पिटेर सरकार गए के हुन्छ। विचार गर्नुहोला। **जितेन्द्र ठाकुर**


सिलवाललाई नेकपा एमालेको ठुला नेताले सपथ गराउन आफ्नो गाडिमा संसद भवन ल्याउन सक्छन भने राजपाका ६ वटा अध्यक्षहरू मध्ये एउटाले पनि रेशम चौधरीलाई किन सपथ गराउन असफल भए। नेपालको शासक अनुसार सिलवाल त बाहुन भएर अवसर पाए तर रेशम चाहिँ थारू भएर पाएन। **संजय थारू**


हिजो मधेशमा एमालेलाई बाजा बजाएर लखेट्ने औपचारिक निर्णय गरेको फोरमलाई आज एमालेले बाजा बजाएरै सरकारमा लग्दै छ। निषेधको भूङ्ग्रोबाट निस्किएको एमाले निषेधको पक्षधर होइन। तर, निकट अतितमा एमालेलाई निषेध गर्नेहरू अहिले सत्तारोहण गर्दै गर्दा के सोच्दा हुन ? **के.सी लामिछाने**


थारू समुदायलाई मधेशी सेन्टिमेन्टसँग जोड्ने सबैभन्दा शक्तिशाली र प्रभावकारी व्यक्ति हुन् रेशम चौधरी। हृदयेश त्रिपाठी र बृजेश गुप्ताहरूले छोडेपछि पश्चिममा राजपाको झण्डा फहराउने उनै हुन्। राजपाले बिर्सनु हुन्न। **स्नेहा झा**


बाम गठबन्धन र मधेश बिचको तालमालले कांग्रेसलाई अझै कमजोर बनाउने छ तर कांग्रेस सभापति देउवालाई भने संगठन बलियो बनाउने भन्दा पनि अब कुन चाल चले फेरी प्रम हुन पाईने होला भन्ने चिन्ता छ। **मनिष झा**


फोरम सरकारमा जाने निर्णय सँगै ओलि सरकार सम्भवत: नेपालीको इतिहास कै बलियो सरकार बनेको छ। मधेशी भावना समेट्ने यो राम्रो प्रयास हो। हेरम दुई तिहाईको शक्तिलाई ओलीले कसरी प्रयोग गर्नेछन्। **किशोर सुवेदी**

# सिडियो र प्रहरी चलाउने अधिकार माग

काठमाडौं। प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले प्रधानमन्त्री केपी शर्मा ओलीसँग प्रमुख जिल्ला अधिकारी र प्रहरी आफूले परिचालन गर्न पाउने अधिकार माग गरेका छन्। काठमाडौंमा राष्ट्रिय सञ्चारमाध्यमका केही सम्पादकहरूसँगको छलफलमा उनले प्रधानमन्त्रीसँग आफ्नो छलफल भएको र आफूले ४ वटा बिषय प्रधानमन्त्री समक्ष राखेको खुलासा गरेका हुन्। प्रधानमन्त्रीसँग पनि छलफल गरेका मुख्यमन्त्री राउतले प्रदेश नम्बर २ मा सुरक्षा संवेदनशीलता उच्च रहेको बताँउदै तत्काल राज्यको तर्फबाट एसपी र प्रमुख जिल्ला अधिकारीलाई प्रदेश सरकारको मातहतमा ल्याउन आफूले आग्रह गरेको उल्लेख गरे। तत्काल केन्द्र सरकारले पत्र पठाएर भएपनि यो काम गर्नुपर्नेमा आफूले जोड दिएको उनले बताए। भोलीका दिनमा संविधानले दिएको अधिकार प्रयोग गरेर ऐन नियम ल्याएर प्रजिअलाई आफू मातहत ल्याउन सकिने भए पनि तत्कालका लागि केन्द्र सरकारले सहयोग गर्नुपर्ने उनको तर्क छ।

मुख्यमन्त्री राउतले प्रधानमन्त्री ओलीसँग आफू केन्द्रसँग दुरी बढाएर जाने पक्षमा नरहेको बताउँदै केन्द्रको सहयोग र सहकार्य गर्दै अगाडि बढ्ने बताएका थिए।

# समयमा काम पूरा नगर्ने निकायलाई कारबाही गर्ने सोनलको चेतावनी

सप्तरी। प्रदेश नं २ का भौतिक पूर्वाधारमन्त्री जीतेन्द्र सोनलले भौतिक निर्माणका काम छिटोछरितो एवं तोकिएको समयमा काम पूरा नगर्ने सम्बन्धित निकाय कारबाहीमा पर्ने बताएका छन्।

राजविराजमा पत्रकारसँग कुरा गर्दै मन्त्री सोनलले तराई-मधेशमा काम नगर्ने, ढिलासुस्ती गर्ने तथा गुणस्तरहीन काम गर्नेलाई बर्खास्त गर्न सकिने बताए। विकास निर्माणका दृष्टिले



प्रदेश नं २ अत्यन्त पछाडि रहेकाले तीव्ररूपमा अगाडि बढ्नुपर्नेमा जोड दिँदै राष्ट्रिय जनता पार्टी नेपाल संसदीय दलका नेतासमेत रहेका मन्त्री सोनलले केन्द्रीय योजनामा समेत मनपरी ढंगले काम गर्ने छुट कसैलाई नहुने स्पष्ट पारे।

मन्त्री सोनलले केन्द्रीय सरकारको विकास निर्माणको कामलाई निगरानी र खबरदारी गर्ने काम प्रदेशले गर्ने बताउँदै निर्माणसम्बन्धी काम समयमा पूरा नहुनाको मुख्य कारण निर्माण कम्पनीले एकदमै घटाएर काम गर्ने जिम्मा लिने गरेकोप्रति चिन्ता व्यक्त गरे।

# आधारभूत कोर्ष पूरा गरेर भारतबाट फर्के कलाकारहरू

काठमाडौं। भारतको पुणेस्थित फिल्म एन्ड टेलिभिजन इन्स्टिच्युट अफ इन्डिया (एफटीआईआई) मा पहिलो पटक नेपाली कलाकारहरूले सिक्ने अवसर पाएका छन्रू भारतीय दूतावासको सहयोगमा बीस नेपाली युवा कलाकार बीस दिनको आधारभूत अभिनय कोर्स पूरा गरेर आइतबार नेपाल फर्केका छन्। तालिम लिएर फर्केका कलाकारहरूलाई भारतीय दूतावासले सोमबार बिहान स्वागत गरेको थियो। भारत सरकारले पहिलो पटक यस्तो कार्यक्रम गरेको भारतीय दूतावासका डिपुटी चिफ अफ मिसन डा. अजय कुमारले बताएरू पुणेको फिल्मइन्स्टिच्युट निकै प्रतिष्ठित मानिन्छरू यो इन्स्टिच्युटले पहिलो पटक विदेशी सहभागीलाई यस्तो तालिम दिएको दूतावासले जनाएको छ।



तालिम लिनेहरूमा मलिना जोशी, आश्मा दाहाल, संयम पुरी, मोहम्मद वासी, गीता ढकाल, सुशील उप्रेती, सरिता शाह, सबिना गोपाली,परीक्षित विक्रम राणा, गोपाल ढकाल, ज्योत्स्ना योगी, शारदा अधिकारी, सुरज गराच, प्रतीक दुलाल, रोहित तामाङ,कमलराज भट्ट, डोली सरकार, सुलक्षण भारतीलगायत छन्।

तालिम सकेपछि मनिषा कोइरालालाई बलिउडमा चिनाउने चर्चित भारतीय फिल्ममेकर सुभास घईले सहभागीलाई प्रमाणपत्र वितरण गरेका थिएरू तालिमका क्रममा सहभागीहरूले रासा थ्यौरी, सेन्स मेमोरी, इम्प्रोभाइजेसन, सिन वर्क र लिपसिंक प्लेब्याक सिकेको दूतावासले जनायोरू तालिमअन्तर्गत कन्टेम्पोररी डान्स वर्कसप, योग क्लासका साथै मुम्बईमा भइरहेको फिल्म सुटिङमा स्थलगत भ्रमण पनि गराइएको थियो।

# आर्थिक समाचार

## एनआईसी एशियाको शाखा मकवानपुरमा

काठमाडौं। एनआईसी एशिया बैंकले मकवानपुरको मनहरीमा शाखा विस्तार गरेको छ। बुधबार विस्तार गरेको शाखाको मनहरी गाउँपालिकाको अध्यक्ष एकराज उप्रेतिले उद्घाटन गरेका हुन्। निजी क्षेत्रको बैंकहरूमध्ये शाखा संख्या, पूँजी संरचना। वासलातको आकार, र ग्राहक संख्याको आधारमा आफु एक अग्रणी बैंक भएको विज्ञप्तीमा उल्लेख छ। एनआईसी एशिया बैंकले संम्भावित बजार क्षेत्रमा ग्राहलाई सेवा उपलब्ध गराउने उदेश्यले अन्य स्थानमा पनि शाखा विस्तार गर्दै जाने नीति लिएको छ। मनहरी शाखासँगै एनआईसी एशियाको शाखा संख्या १८० शाखा कार्यालय पुगेको छ। बैंकले चार एक्सटेन्सन काउन्टर तथा १८३ एटिएम मार्फत बैंकिङ्ग सेवा प्रदान गर्दै आईरहेको छ।

## माछापुच्छ्रेको केन्द्रीय कार्यालय स्थानान्तरण

काठमाडौं। माछापुच्छ्रे बैंकले आफ्नो रजिष्टर्ड कार्यालय पोखराबाट काठमाडौंमा स्थानान्तरण गरेको छ। बैंकको गत साउन २२ गते सम्पन्न विशेष साधारण सभाको निर्णय अनुसार पोखरा लेखनाथ उपमहानगरपालिकाबाट केन्द्रीय कार्यालय काठमाडौंको लाजिम्पाटमा स्थानान्तरण गरेको हो। बैंकका अनुसार लाजिम्पाट स्थित एम.बी.एल. टावरमा सोमबारदेखि केन्द्रीय कार्यालय सञ्चालमा आएको छ। २०५४ सालमा पोखरामा संस्थापना भई संचालनमा रहेकोमा बैंकको केन्द्रीय कार्यालय पोखरा तथा कर्पोरेट कार्यालय काठमाडौंमा रहेको थियो। बैंकले पूर्वमा झापा देखि पश्चिममा कन्चनपुर साथै हिमाल देखि पहाड, र तराईसम्म ६२ वटा शाखाहरू, ४ वटा एक्स्टेन्सन काउन्टरहरू तथा १४ शाखा रहित बैकिङ्ग सेवा गरी ८० स्थानवाट बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ। बैंकका ८६ वटा एटीएमहरू संचालनमा छन्।

## सेञ्चुरी र सानिमाबीच सम्झौता

काठमाडौं। सेञ्चुरी कमर्सियल बैंक र सानिमा लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडबीच बैंकास्योरेन्सको सम्झौता भएको छ। सम्झौता अनुसार ग्राहकहरूले सेञ्चुरी कमर्सियल बैंकबाट उक्त कम्पनीको बीमा लेख प्राप्त गर्न, प्रिमियम भुक्तानी गर्न, दाबी भुक्तानीलगायत सम्पूर्ण बीमा सेवा प्राप्त गर्न सकिने छ। उक्त सम्झौतापत्रमा बैंकका का. मु. प्रमुख कार्यकारी अधिकृत जीवन भट्टराई र सानिमा लाइफ इन्स्योरेन्सका नायव महाप्रबन्धक केशव राज केसीले हस्ताक्षर गरे।

## बैंक अफ काठमाण्डू र एभरेष्टबीच सम्झौता

काठमाडौं। बैंक अफ काठमाण्डू र एभरेष्ट इन्स्योरेन्स कम्पनी बीच बुधबार बैंकान्स्योरेन्स सम्झौता भएको छ। सो सेवा प्रदान सम्बन्धि सम्झौता पत्रमा बैंक अफ काठमाण्डूका बजार व्यवस्थापन विभागका प्रमुख रितेश लामिछाने र एभरेष्ट इन्स्योरेन्सका नायव महाप्रवन्धक प्रदिप मोहन धौभडेलले हस्ताक्षर गरे। सम्झौतासँगै विओकेका बैंकका ग्राहकहरूले एभरेष्ट इन्स्योरेन्सका विभिन्न प्रकारका बीमा सेवा प्राप्त गर्न, बीमा शुल्क भुक्तानी गर्न, बीमा लेख लिन तथा बीमा दाबी भुक्तानी सहज रूपमा प्राप्त गर्न सक्नेछन्। सो सेवा बैंक अफ काठमाण्डूका सम्पूर्ण शाखाहरूबाट उपभोग गर्न सक्ने व्यवस्था मिलाइने विज्ञप्तीमा जनाइएको छ।

# प्रदर्शनको तयारीमा 'मधेशी पुत्र-२'

काठमाडौं। मधेश आन्दोलन र मधेशको राजनीतिक घटनाक्रमबारे निर्माण भएको नेपाली र भोजपुरी भाषाको चलचित्र 'मधेशी पुत्र-२' आगामी चैत ९ गतेदेखि नेपालभरि प्रदर्शन हुन गइरहेको छ।

'मधेशी पुत्र'को अपार सफलतापछि त्यसको भाग २ निर्माण गर्न हौसिएका निर्माताले मधेशी पुत्र-२ ले पनि दर्शकको मत जित्ने दाबी गरेका छन्। चलचित्रमा रोचक कुरा के छ भने स्वतन्त्र मधेश गठबन्धनका संयोजक डा. सीके राउतको भूमिकालाई समेत देखाइएको छ।




यसअघि चलचित्रमा डा. राउतको भूमिका राखेको भन्दै सेन्सर बोर्डले पास गर्न मानेको थिएन। मधेशको नाममा हुने राजनीति र आन्दोलनका बारे चलचित्रमा दर्साइएको छ।

फिल्मको लेखन/निर्देशन नायक निराजन मेहता (मन्जीत)ले गरेका छन् भने प्रोड्युसर उदित नारायण साह (अरूण) रहेका छन्।

## विश्वव्यापीकरण...

मधेशी समाजमा देशको कानूनभन्दा धार्मिक, संस्कृतिक, रीतिरिवाज र परम्परा रूपी कानून हावी छ। त्यो सामाजिक परिधिलाई चिर्न मधेशी महिलाका लागि सहज छैन। परिस्थिति जहिले पनि उनीहरू विरूद्ध हुन्छ। राजनीति वा घर बाहिरका गतिविधिमा मधेशी महिलाको प्रवेश सहज छैन। यद्यपी, मधेश जनविद्रोहपछि सामाजिक परिवेश केही फेरिएको छ।

वास्तवमा मधेशका महिलाको अवस्था झनै दयनीय छ। मधेशी समाजमा दाइजो प्रथा झन् बढ्दै गएको छ। दाइजो, बहुविवाह, यौन अपराध जस्ता कारणले पछिल्लो समय छोरी बुहारीहरूको हत्याका घटना निकै बढेको छ। मधेशी महिला खासगरी, दाइजोप्रथा, घुम्टो (पर्दा) को पीडा, बहुविवाह, बालविवाह, अशिक्षा, कुपोषण, आर्थिक परनिर्भरता आदि समस्याबाट पीडित छन्।

मधेशमा विद्यमान महिला विरोधी कुरीति, कुसंस्कार र विभेद महिलाहरूको उत्थान र प्रगतिमा बाधक भइरहेको अवस्थामा उनीहरूमाथि झन् ठूला चुनौतीहरू थोपरेको छ।

मधेशमा महिला समस्याको जरो आफ्नै घर र समाजबाट सुरू हुने गरेको छ। महिलालाई पुरूषभन्दा कमजोर ठान्ने कुसंस्कार र कुरीतिले महिलाको शृजनशीलता र व्यक्तित्व निर्माणमा अङ्कुश लागेको छ। उनीहरूको प्रतिभालाई सिमित पारिएको छ।

विश्वव्यापीकरणले संसारभरका महिलाहरूलाई एक आपसमा प्रतिस्पर्धा गर्नुपर्ने अवस्था सिर्जना गरेको अवस्थामा मधेशी महिलाहरू थप पछाडि धकेलिएका छन्। यसले शक्तिशाली र विकसित देशका महिलाहरूलाई त केही अवसर थपेको होला तर आम मधेशी महिलाले विकसित राष्ट्रका शिक्षित महिलासँग खुला प्रतिस्पर्धा गर्ने अवस्था छैन।

विश्वव्यापीकरणसँगै आएका सूचना-प्रविधिको विकास, त्यसको सञ्जाल र सरलताको कारणले नेपाली महिलाहरूले विभिन्न कुरा सिकेको भए तापनि त्यसलाई नेपालको ठोस परिस्थिति अनुरूप लागू गर्न सकिएको छैन। पर्याप्त शिक्षाको कमीले मधेशी महिला असल कुरा र नयाँ प्रविधिको उचित सदुपयोग गर्न नसकेको स्थिति छ। त्यसले हामीलाई अधिकार प्रति त सचेत गराएको छ, तर कतै हामीले आफ्ना कर्तव्यहरू बिर्सिरहेका त छैनौं ?

त्यसैले महिलालाई उचित शिक्षाले मात्रै उचित अवसर प्रदान गर्न सक्छ। त्यसैले विश्वव्यापीकरणको हौवामा लाग्नु भन्दा पनि मधेशी महिलालाई उचित शिक्षा दिएर उनीहरूलाई प्रतिस्पर्धी बनाउनु जरूरी छ।

नयाँ संविधान अनुसार प्रदेश सरकार पनि बनिसकेको अवस्थामा प्रदेश सरकारले पनि महिलाको विषयमा ध्यान दिनुपर्छ। प्रदेश सरकारले महिलाहरूको शिक्षा र क्षमता अभिबृद्धिमा उचित ध्यान दिनु आवश्यक छ।

विश्वव्यापीकरणको वर्तमान परिप्रेक्ष्यमा नेपाली महिलाहरूलाई युग अनुकूल हुने गरी प्रतिस्पर्धी गराउन राज्य, परिवार, समाज र महिला स्वयम दत्तचित्त भएर लागेमा विश्वव्यापीकरणले पैदा गर्ने असमानता, विभेद र बहिष्करणको विरूद्ध जुध्दै नेपाली महिलाहरू प्रगति र अग्रगतिको दिशामा लम्कन सक्छन्।

## भारतले...

राष्ट्रसंघीय एजेन्सीलाई गोरखा र नुवाकोटमा सुरक्षित पुन:निर्माणका लागि झन्डै एक अर्ब ६२ करोड रूपैया (१६.२ मिलियन डलर) अनुदान प्रदान गर्नेछ। भारत सरकारले उक्त सहयोग युएनडीपी र युएनओपीएससँगको साझेदारीमा गोरखामा २६ हजार ९१२ भूकम्पपीडित घरधनी र नुवाकोटमा २३ हजार ८८ भूकम्पपीडित घरधनीलाई सामाजिक प्राविधिक सहजीकरणअन्तर्गत क्रमश: प्रदान गर्नेछ।

युएनडीपी र युएनओपीएसको सामाजिक प्राविधिक समूहले नेपाल सरकारले भूकम्पपीडितका लागि सहयोग गर्न निर्धारण गरेको मापदन्डबमोजिम भूकम्पपीडित घरधनीका घर पुन:निर्माणमा सहयोग गर्नेछन्। साझेदारी सम्झौतामा नेपालस्थित भारतीय राजदूतावास नियोगका उपप्रमुख डा. अजय कुमार, युएनडीपीका देशीय प्रमुख रेनौड मेयेर, युएनओपीएस एसिया क्षेत्रका क्षेत्रीय निर्देशक सञ्जय माथुरले हस्ताक्षर गरेका छन्।

# भारतीय चलचित्रको छायांकनस्थल बन्न सक्छ नेपाल

नयाँ दिल्ली। नेपाली चलचित्र उद्योगका विज्ञ तथा अभिनेता निर शाहले नेपाललाई भारतीय चलचित्र छायांकनस्थल बनाउन नेपाल सरकारले प्रशासनिक झमेला घटाउनुपर्ने बताएका छन्। नयाँ दिल्लीमा अन्तराष्ट्रिय बिपी चिन्तन प्रतिष्ठानद्वारा आयोजित कार्यक्रममा शाहले भारतीय निर्माताले चलचित्र छायांकनका लागि नेपालमा जाँदा प्रशासनिक कठिनाइ भोग्नु परेको गुनासो आएको बताएका छन्। नेपाली दुतावासको सहयोगमा आयोजित कार्यक्रममा भारतीय चलचित्र निर्माता तथा केन्द्रीय फिल्म प्रमाण बोर्डका भूतपूर्व अध्इक्ष पहलाज निहलानीले दिएको सुझाव उद्धृत गर्दै शाहले भने, निहलानीसँग यसबारेमा कुरा हुँदा उनले भनेका थिए, नेपाल सरकारले भारतीय चलचित्रको छायांकन गन्तव्य बनाउन एकद्वार नीति बनाउनुपर्छ। एक ठाउँमा एकैपटक पैसा तिरिसकेपछि सबै प्रशासनिक प्रक्रिया पूरा हुने नीति ल्याउनुपर्छ। अहिले अलमल छ, यस्तो हुँदा भारतीय निर्मातालाई योजना बनाउन गाह्रो हुन्छ।



## महिला दिवसमा शहीद पत्नी सम्मानित

**राकेश यादव**, रौतहट। रौतहट जिल्लाको राजदेवी नगरपालिका राजदेवीमा कार्यक्रम आयोजना गरी १०८औं अन्तर्राष्ट्रिय महिला दिवस मनाइएको छ। महिलाप्रति सम्मान माया दर्शाउने उदेश्यले प्रत्येक वर्ष फाल्गुन २४ मार्च ८ का दिन मनाइदै आएको महिला दिवस यसपाली रौतहटका १८ स्थानीय तहमा विभिन्न कार्यक्रम गरी महिलाहरूले दिवस मनाएका हुन्। राजदेवी नगरपालिकाले आयोजना गरेको कार्यक्रममा प्रमुख अतिथि नगरप्रमुख धीरेन्द्र कुमार सिंहले महिलाहरूका लागि विशेष उत्सवको दिन ८ मार्च रहेकोले सवै महिलाहरू मिलेर शिक्षा, स्वास्थ्य, राजनितिक, न्याय लगायतका क्षेत्रमा आफ्नो सहभागिता जनाउन सवल बन्नू पर्ने बताएका छन्। उनले नेपाल सरकारले दिएको अधिकारमा कुनै कटौती नगरी सम्मान गर्ने प्रतिवद्धता जनाए। पूर्व सभासद बबन सिंहले वर्तमान सरकारले महिलाहरूको अधिकार सुनिश्चित गरेपनि अझ आरक्षण गर्नु पर्ने जोड दिए। उपप्रमुख अंशु सिंहको अध्यक्षतामा संपन्न भएको कार्यक्रममा मधेश आन्दोलनका शहीद विद्यानन्द यादवको पत्नी राजकली देवी यादवको दोसल्ला ओढाएर सम्मानित गरिएको थियो।

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं